श्रोतः आर्थिक दैनिक, २०७१/१२/७

# माथिल्लो कर्णाली बेच्नेहरुलाई खबरदारी जरुरी

**गोरख बहादुर वी.सी.,**

मुलुकमा लोडसेडिङ छ, खोलाहरु झोलामा छन् । नेपालका ठूला नदीहरु विदेशीको कब्जामा झोलामा छन् । जनताहरुलाई गलत भ्रम छरेर मूर्ख बनाउने काम राज्यबाट भएको छ । राजनीति गर्नेहरुद्वारा राष्ट्रिय अस्मितासँग जोडिएका प्राकृतिक स्रोत र साधनहरु ठूलो कमिसन खाएर बेच्ने काम भएको छ । यसै सन्दर्भमा नेपालका ठूला र दीर्घकालीन असर पर्ने नदीहरु कर्णाली कोशी र गण्डकी धमाधम विदेशीलाई बिक्री गरिसकेका छन् । आफ्नो स्रोत र साधनको रक्षार्थमा आवाज उठाउने जनसमुदायहरुलाई थुनछेक गर्ने काम भएको छ । यसर्थ अहिले मुलुकमा आर्थिक तथा राजनीतिक रुपमा उपनिवेश बनाइरहेको अवस्थामा देशका स्रोतहरु बचाउन कम्मर कस्नु जरुरी छ । देशमा उत्पादन हुनसक्ने कुल ८३ हजार मेगावट विद्युत् उत्पादन गर्नसक्ने तथ्यांकले देखाएको छ । त्यसमा कर्णाली प्रदेशमा मात्रै ३४ हजार विद्युत् निकाल्नसक्ने रिपोर्टमा देखिन्छ । आज विवादास्पद अवस्थामा भारतीय एवं विदेशीहरूको कब्जामा छन् कर्णाली प्रदेशका जलस्रोतहरू । चाहे पञ्चेश्वर ६ हजार ४ सय ८० मेगावाट किन् नहोस्, पश्चिम सेती ७ सय ५० मेगावाट, माथिल्लो कर्णाली ९ सय मेगावाट वा अरु थुप्रै खोलानालाहरू किन नहुन्, यी सबै कब्जा गरिएका छन् । कर्णालीको भावी अस्तित्व ओझेलमा पारिएको छ । विकासको नाममा नदी कब्जा गरी दीर्घकालीन रुपमा नै कर्णालीलाई अझ तल पार्ने काम शासक वर्गहरूले गर्दै आएका छन् ।

कर्णाली नदीमा मात्रै २० हजार मेगावाट उत्पादन गर्नसक्ने विश्व बैंकको एउटा रिपोर्टमा उल्लेख गरिएको छ । हाल चर्चामा आएको माथिल्लो कर्णाली परियोजनाको वास्तविकतालाई मध्यनजर गर्न यस पंक्तिकारले यस लेखमा सान्दर्भिक ठानेको छ । के हो त माथिल्लो कर्णाली परियोजना भन्ने कुरा व्यापक जनविरोध हुँदाहुँदै पनि २०६४ पुस १४ गतेको मन्त्रिपरिषद्को बैठकले माथिल्लो कर्णाली परियोजना विना गृहकार्य, विना राजनीतिक दल तथा स्थानीय जनतासँग छलफल र सहमतिको संस्कृतिविपरीत सरकारले विदेशीलाई दिने निर्णय र सम्झौता गरेबाट यो परियोजना विवादमा परेको हो । चीनको स्वशासित क्षेत्र तिब्बतको मानसरोवर तालबाट उत्पत्ति भई नेपाल प्रवेश गर्ने कर्णाली नदी कर्णाली प्रदेशको कालीकोट, अछाम, दैलेख र सुर्खेत जिल्लाको बीचमा आयोजना स्थल रहने कर्णाली परियोजना रन अफ रिभर परियोजना हो । यस परियोजना आर्थिक दृष्टिकोणले देशकै सबैभन्दा आकर्षक देखिन्छ । यसको राम्रो पक्ष सस्तो लगानीमा बढी बिजुली निस्कनु, वातावरणीय क्षति अरु आयोजनाभन्दा कम हुनु, पिकिङ्ग

आवरमा समेत जलाशय आयोजनाझैं एकनासले बिजुली दिनु हो । ४६ करोड ८६ लाख अमेरिकी डलर अर्थात् २७ अर्ब नेपाली रुपैयाँ अनुमानित लागत रकम रहने भनिएको यो आयोजनाको बाँधस्थल सुर्खेत–जुम्ला राजमार्ग नजिक छ ।

दैलेखको भैरवस्थान रामघाटको स्यालगाड नजिक बाँध बाँधी कर्णाली नदीको पानी ९ दशमलव ५ डाइमिटर गोलाइ र २ दशमलव ४ मिटर लम्बाइ रहने सुरुङ्गमार्फत अछामको तुर्माखाद (राहवल्या) गाविस वाँल्देसम्म पूरै युरेनमा घुमाउरो मार्गका लागि बन्न लागेको यस आयोजना २ दशमलव र्४ ाकलोमिटर सुरुङ्ग खनी एक सय ५० मिटर तल झर्दछ । यो आयोजनाको सबैभन्दा राम्रो पक्ष हो । ७ किलोमिटर लम्बाइ रहने यस आयोजनाको जलाशयले निम्त्याउने डुबान समस्या पनि अरु आयोजनाभन्दा कम छ । यस आयोजनाबाट उत्पादन हुने सम्पूर्र्ण ाबजुली भने २२० के.भी क्षमताको प्रसारणमार्फत नेपालगञ्ज हुँदै भारतमा निर्यात गरिने भनिएको छ । उक्त परियोजना भारतको जिएएआर इनर्जी प्रालिलाई अनुमतिपत्र समेत नेपाल सरकारले दिइसकेको छ । यो ३० वर्षसम्म सम्झौता गरिएको छ । अतः हाम्रो देशमा जे जति कर्णाली होस् अरुण वा पश्चिम सेती होस्, निर्माण गर्दा ६÷७ वर्ष लाग्ने नै छ । त्यससम्म नेपालको आन्तरिक बिजुली मागपूर्तिमा समेत २/३ हजार मेगावाट हामीलाई चाहिन्छ तर कर्णाली जस्तो सस्तो र नेपाली लगानीसमेत गर्नसक्ने परियोजनालाई किन भारतलाई भेटी चढाउने भने अर्कोतर्फ यो परियोजना निर्यातमुखी स्वदेशी पुँजी एवं लगानी र आन्तरिक उपयोगमुखी परियोजना हुनसक्दछ तर कर्णाली जस्तो बहुमूल्य प्राकृतिक स्रोतलाई हचुवा भरमा भारतीय कम्पनीलाई भारतीय नेताको दबाबमा दिनु र सबै बिजुली भारतलाई निर्यात गर्नु भनेको कर्णालीको कुरा मात्रै नभएर राष्ट्रघात र राष्ट्रहित विपरीत छ । नेपालको अन्तरिम संविधानको धारा १३८(१) मा प्रष्ट व्यवस्था भएअनुसार राज्य संघीय प्रणालीमा प्रवेश गरेको छ ।

संघीय राज्यको पुनः संरचना नहुन्जेल प्राकृतिक स्रोत चाहे खनिज होस् वा वनस्पति हुन्, तिनीहरु बाँडफाँड र निर्णय गर्ने अधिकार प्रान्तीय सरकारसँग सुरक्षित हुन्छ । हिजोको अन्तरिम सरकारले ठूला–ठूला परियोजना विदेशीलाई स्वीकृत दिनु भनेको स्वयं अवैधानिक थियो तर सरकारले सम्झौता र सन्धी गर्नुपूर्व संसद्को दुई तिहाइ बहुमतबाट पारित गर्नुपर्दथ्यो तर गरेन र यसले राष्ट्रलाई गम्भीर र दीर्घकालीन रुपमा असर र समस्या झेल्नुपर्ने हुन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले व्यवस्था गरेको सन्धिसम्झौतालाई समेत बेवास्ता गर्दै पटक–पटक गरी संशोधन तथा नवीकरण हुँदै आएको छ । यसर्थ विश्वकै दोस्रो जनसंख्या भएको भारतमा अब आउने ५० वर्षमा एक सय ३५ देखि एक सय ५८ करोड जनसंख्या हुने अनुमान गरिएको छ । हाल मात्रै झण्डै एक अर्बभन्दा बढी जनसंख्या भारतमा बसोबास गर्दछन् ।
अब आउने दिनमा भारतलाई विश्वकै सबैभन्दा बढी खाद्यान्न आवश्यकता पर्ने र धेरै उत्पादन गर्नुपर्ने

हुन्छ । यस्तो अवस्थामा भारतले नदी जडान जस्तो महत्वाकांक्षी आयोजनाहरू अगाडि सारेर नेपालको पानी सर्लक्कै निल्ने कोसिस गरिएको छ । जहिले पनि नेपालको तरल राजनीतिक अवस्थाको फाइदा उठाउँदै आएको तीतोसत्य सबैलाई थाहा भएको कुरा हो । नेपालमा एउटा परिवर्तनको नाममा एउटा नदी भारतलाई बलि दिनुपर्ने अवस्था सिर्जना गरिदिन्छ । विभिन्न पत्रपत्रिकाका प्रकाशित लेखका आधारमा भन्ने हो भने अमेरिकाले इराकमा तेलको आधिपत्य एकलौटी पार्न सैनिक आक्रमण गरेको थियो भने भारतले नेपालको पानी कब्जा गर्ने निहुँमा नेपालमा कुनै न कुनै दिन सैनिक आक्रमण गर्ने सम्भावनाहरु बढ्दै जाने प्रसंग उठाएको देखिन्छ भने अर्कोतर्फ तत्कालीन भारतीय सत्तारुढ दलकी नेता सोनिया गान्धी र भारतीय कम्युनिष्ट पार्टीका नेता सिताराम याचुरीले नेपाली नेतासँग लविङ गरेको कतैबाट छिपेको छैन । त्यसैले नेपालमा सत्ता टिकाउनको लागि भारतीयहरूसँग हारगुहार माग्ने परम्पराले परिवर्तनको नाममा नेपाली शासकले भारतलाई केही न केही बुझाउनुपर्ने संस्कार विकास गरेका छन् । यसैले राष्ट्रलाई नै नोक्सानी बनाउने सन्धिसम्झौता एवम् जनविरोधी विकासका ठेली देखाउनेहरूबाट पनि होसियार हुन जरूरी छ ।

यसर्थ ठूला–ठूला परियोजनाहरू बनाउनु नै विकास हो भन्ने भ्रम र प्रचार गर्नेहरू अहिले हाम्रो देशमा बढोत्तरी रुपमा विद्यमान छन् । विकास केका लागि विकास के हो भन्ने कुरा नेता, नीति निर्माता र विश्लेषकहरू पनि स्पष्ट छैनन् । यस सम्बन्धी थाहा पाउनेहरू पनि बुझेर बुझ पचाएका छन । बुझ पचाउनुको पछाडि ठूलो आर्थिक स्वार्थ लुकेको पनि छ र गलत तरिकाबाट यस्ता योजनाहरू निम्त्याउँछन् र विकास कसरी गर्ने योजना कसरी ल्याउने भन्ने विषयमा सरकार र नागरिकबीच अन्तरसंवाद हुनुपर्दथ्यो तर संवाद र छलफल विहीनताको स्थिति छ । राष्ट्र र समाजलाई असर पुग्ने योजना ल्याएर द्वन्द्वको सुरुवात गर्ने नेतृत्व र विशेषज्ञ जगत्को बौद्धिक दरिद्रता एवं मानसिक सोचको अभाव छ । बिजुली बाल्न नपाएका जनतालाई बिजुली बेच्ने र धनी हुने हल्ला पिटाई हास्यापद काम गरेका छन् । आम नेपालीलाई फाइदा हुनेगरी साना तथा मझौला जलविद्युत् परियोजनाहरुमा लगानी विस्तार गर्न आवश्यक छ । यसो गर्नाले क्षेत्रीय विकासमा सन्तुलन ल्याउने तथा विदेशी कम्पनी, कामदार, विशेषज्ञ र पुँजीको सट्टामा नेपाली कम्पनी कामदार, विशेषज्ञ र पुँजीको प्रवद्र्धन गर्ने अवसर प्राप्त हुनेछ । यसैले कर्णाली नदीको मुहान कब्जा गर्ने भारतीय षड्यन्त्रलाई वर्तमान क्रान्तिकारी सरकारले पुनः विचार गर्न अति आवश्यक छ । त्यसको असर कर्णाली चिसापानीको १० हजार ८ सय मेगावाट, त्यहाँभन्दा माथि ४२ सय मेगावाट बिजुली उत्पादनमा समेत रोकावट हुनसक्ने भएकोले भारतीय एकाधिकारलाई सबैले सोच्नैपर्ने हुन्छ ।

राज्यले सदियौंदेखि उपेक्षित एवं उत्पीडित बनाइएको कर्णाली प्रदेशका जनताको आवाजलाई अब संघ राज्यमा गइसकेको वर्तमान परिवेशमा सिंहदरबारले निर्णय गर्ने अधिकार नभएकोले यस्ता सन्धि

सम्झौतालाई तुरुन्त खारेज गर्नुपर्दछ । सडकदेखि कानुनसम्म कर्णालीका जनताहरू उठिरहेकै अवस्थामा विकासको नाममा विनाश निम्त्याउने निर्णय वर्तमान सरकारले गर्न खोज्दै छ । सुरक्षाको नाममा बल प्रयोग गर्ने निर्णयसमेत गरिसकेको छ । टुकी बालेर रात काटेका जनतालाई बिजुली नदिई भारत निर्यात गर्ने राष्ट्रघाती निर्णयको जनताको जागरणलाई दबाउने क्रान्तिकारी सरकारले नीति लिन्छ भने त्यो विकास हो कि विनाश हो आम कर्णालीका जनताहरूले जवाफ मागिरहेका छन् । यसर्थ काठमाडौंले कर्णालीलाई सधैं उपनिवेश राख्ने हो भन्ने प्रपञ्च हो भन्ने कुरा प्रष्ट हुँदै छ । कर्णाली बेच्ने निर्णय गर्ने अधिकार सिंहदरबारमा छैन ।

सन् १९९३ भिएना सम्मेलनले राष्ट्रिय तथा क्षेत्रीय विशेषतः ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक पृष्ठभूमिलाई ध्यानमा राख्दै राजनीतिक, आर्थिक, सांस्कृतिक आदि जेसुकै भए पनि मानव अधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षण तथा संवद्र्धन गर्नु राज्यको कर्तव्य हो भनिएको छ तर काठमाडौंले राजनीतिक समान सहभागिता आर्थिक एवं प्रशासनिक क्षेत्रमा विभेद गरेको छ । कर्णाली नदी कर्णालीको सभ्यता, धर्म एवं संस्कृतिको धरोहर र अस्मिता लुटिएको छ । यसमा नेपालका नागरिक समाज भन्नेहरू मानव अधिकारका ठेक्का लिनेहरू कहीँकतै बोलेका छैनन् । अब नेपालको राज्य व्यवस्था अनिवार्य संघीय हुन्छ र संघीय राज्य निर्माणविना कुनै पनि स्रोत र साधनको अधिकार स्थानीय जनतामा हुन्छ र स्थानीय जनताको पूर्ण अधिकार विना सिंहदरबारले स्रोत र साधनहरु बेच्न पाउँदैन । यसर्थ कर्णाली प्रदेशका जुनसुकै स्रोत र साधनहरु हुन् यिनीहरुले बेच्न पाउँदैनन् । यदि बल गरेमा यो देशको दुर्दशा के हुन्छ भन्ने कुरा समयले बताउँनेछ । भर्खरै कर्णाली बचाउन त्यहाँका स्थानीय नेता तथा केही राष्ट्रवादी नेताहरुलाई थुनछेक गर्ने काम गरिरहेको छ । यसले नेपालको कहिले नजित्ने युद्ध अवश्यम्भावी छ । यसर्थ अब कर्णाली बेच्नेहरुलाई खोजी–खोजी लखेट्ने काममा अबका राष्ट्रवादी शक्ति र स्थानीय जनता लाग्नुपर्दछ ।

श्रोतः आर्थिक दैनिक, २०७१/१२/७

# जलविद्युत् आयोजनाका लागि झण्डै ५० हजार स्थानीयबासी घर छोड्न तयार

**चाडो काम थाल्न राजनीतिक दलहरुको दबाब**

**रामप्रसाद पुडासैनी** ,
१२ सय मेगावाटको जलाशययुक्त बुढीगण्डकी जलविद्युत् आयोजना बनाउन गोरखा र धादिङका प्रभावित झण्डै ५० हजार स्थानीय बासिन्दाहरु आफ्नो घर र जग्गा छाड्न तयार भए पनि आयोजना कुन मोडलबाट अगाडि बढाउने भन्नेमा सरकारले ठोस निर्णय लिन नसक्दा अन्योल कायम भएको छ । मोडलबारे दलहरुबीच केन्द्रमा कुरा नमिल्दा स्थानीय जनतालाई दोष दिएर आयोजना रोक्ने काम भएमा त्यसबाट नराम्रो परिणाम निस्किने चेतावनी उनीहरुले दिएका छन् । स्थानीय सरोकार समिति र सबै राजनीतिक दलहरुले आयोजनाको काम अगाडि बढ्नेमा गम्भीर आशंका व्यक्त गरिरहेको बेला ऊर्जामन्त्री राधा ज्ञवालीले भने उक्त आयोजना अगाडि बढ्नेमा कुनै शंका नगर्न आग्रह गरेकी छिन् । आयोजना प्रभावित क्षेत्रको निरीक्षण तथा स्थानीयको धारणा बुझ्न शुक्रबार बुढीगण्डकी क्षेत्रको अवलोकन भ्रमणमा आएकी मन्त्री ज्ञवालीले गोरखाको आरुघाट बजारमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै भनिन्, 'आयोजना सन् २०१६ देखि सुरु भएर २०२० सम्म सम्पन्न गर्ने प्रयत्न रहनेछ ।'

मन्त्री ज्ञवालीले उक्त आयोजना अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे पनि कार्यक्रममा उपस्थित भएका सबै राजनीतिक दलका स्थानीय तथा केन्द्रीय नेताहरुले आशंका गर्दै आगामी आर्थिक वर्ष २०७२÷०७३को बजेटमा आयोजना निर्माणको लागि यथेष्ट बजेट विनियोजन गर्न आग्रह गरेका थिए । त्यसको जवाफमा मन्त्री ज्ञवालीले देशमा ठूला–ठूला जलविद्युत् आयोजना अगाडि बढे पनि पहिलो नम्बरमा बुढीगण्डकी आयोजना परेको भन्दै यो निर्माणको लागि आगामी आवमा बजेट विनियोजन हुने जानकारी दिइन् । तर, कुन मोडलबाट आयोजनाको निर्माण अगाडि बढाउने भन्नेबारे छलफल जारी रहेको मन्त्री ज्ञवालीको भनाइ छ । 'वित्तीय व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा हामीले निक्र्यौल गरिसकेका छैनाँै', मन्त्री ज्ञवालीले भनिन्, 'छिट्टै निक्र्यौल गर्नेछौं ।' उनले जनतालाई अधिकतम लाभ दिने गरी नै काम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरिन् ।

आयोजनाको काम तीव्र रुपमा अगाडि बढाउन बुढीगण्डकी आयोजना विकास समिति गठन गरे पनि विकास समितिबाट निर्माण गर्दा स्थानीयलाई सेयर दिन नसकिने भएकाले मोडलबारे छलफल जारी

रहेको ऊर्जा मन्त्रालयले जनाएको हो । स्थानीय राजनीतिक दलका नेता, कार्यकर्ता तथा प्रभावित सबै जनता सेयर नपाएसम्म आयोजनाको काम सुरु नै गर्न नदिने पक्षमा छन् । शुक्रबार आरुघाट बजारमा भएको कार्यक्रममा बोल्ने सबै दलका सबै नेताहरुले उक्त आयोजना निर्माण गर्न साढे दुई वा तीन खर्ब नै लागे पनि नेपालीबाटै जुट्ने भन्दै सेयरलाई पहिलो प्राथमिकता दिएका थिए । राजनीतिक दल र स्थानीय प्रभावितले मुआब्जाको साथै केही प्रतिशत सेयर दिनुपर्ने अडान राख्दै आएका छन् । उनीहरुले जग्गाको चलनचल्तीको भन्दा बढी मूल्य दिएर क्षतिपूर्ति दिनुपर्ने र राहतस्वरुप पनि सेयर दिनुपर्ने माग राखेका छन् । स्थानीयको मागलाई राजनीतिक दलहरुको पनि पूर्ण समर्थन रहेको छ । स्थानीय सरोकार समितिले कानुनविपरीत गएर प्रभावितका लागि रातो पासपोर्ट दिनुपर्छ भन्ने माग राखे पनि आलोचित हुने डरले सबै राजनीतिक दलहरुले स्थानीयका माग सबै पूरा गर्न आफूहरुले कुनै कसर नराख्ने बताए । सरकारले आयोजनाको मोडलबारे निर्णय नगर्दा स्थानीय प्रभावितहरु थप समस्यामा पर्दै गएका छन् । निर्माणको मोडेल तयार नहुँदा क्षतिपूर्ति लगायतका विषय अलपत्र परेका छन् । आयोजनाले डुबाउने भन्दै उक्त क्षेत्रमा जग्गा खरिदबिक्री केही वर्ष अघिदेखि नै रोकिएको छ भने बैंकले ऋण समेत नदिँदा स्थानीय आफ्नो गर्जो टार्न सकिरहेका छैनन् । सरकारले निर्माणको मोडल तय नगर्दा स्थानीयको जग्गाको मूल्य अझै बढ्ने देखिएको छ । निर्माणको मोडेल तय गरेर जग्गाको वैज्ञानिक तरिकाले नापजाँच गरेर मात्र क्षतिपूर्तिको लागि मूल्यांकन गर्नुपर्ने स्थानीयको माग छ । आयोजनाले मोटामोटी रुपमा जग्गाको मुआब्जा मात्रै ६२ अर्ब लाग्ने अनुमान गरेको छ । तर, कुन आधारमा त्यति खर्च लाग्ने भन्नेबारे स्थानीय प्रभावितले थाहा पाएका छैनन् । सबै प्रभावितको जग्गादेखि गुमाउने सम्पत्तिको क्षतिपूर्ति दिएर मात्र सरकारको दायित्व पूरा नहुने भन्दै स्थानीयका मागप्रति मन्त्री ज्ञवाली पनि थप लचिलो भइन् । ‘विस्थापनपछिको जीवन पहिलेभन्दा राम्रो होस् भन्ने सुनिश्चित गर्ने हो’, कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री ज्ञवालीले भनिन्, ‘पुनर्वास एवं पुनस्र्थापना योजना तर्जुमा गरिनेछ । त्यस्तो व्यवस्था आजभोलिको अन्तर्राष्ट्रिय व्यवस्थाअनुसार नै हुने हो । कसैको पनि बिचल्ली हुँदैन ।’

यस क्षेत्रका प्रभावित स्थानीयले सरकारले चाँडो क्षतिपूर्ति दिएमा आफूहरु आफ्नो घर र जग्गा छाड्न तयार रहेको बताए पनि सरकारले पर्याप्त बजेट व्यवस्था गर्नसकेको छैन । स्थानीयले आयोजनाबारेमा चाँडो निर्णय गर्न सरकारलाई दबाब दिएको कारण गोरखा र धादिङलाई पक्की मोटरेवल पुलले जोडे पनि गोरखाको आरुघाटतर्फको बजारमा खासै चहलपहल छैन । आयोजना निर्माण भएमा उक्त बजार पूर्णरुपमा डुब्ने भएकाले बजारमा थप संरचना बन्नछाडेका छन् । स्थानीय सरोकार समितिका दिनेशकुमार ढकालले पनि छिटोभन्दा छिटो मुआब्जा दिएमा पुनर्वासका लागि सहयोग पुग्ने बताए । आयोजना सुरु हुनुअघि नै एकमुष्ट रुपमा मुआब्जा पाउनुपर्ने स्थानीयको माग छ । त्यसमा राजनीतिक दलहरुको पनि समर्थन छ । ‘मुआब्जा दिएर जग्गा खालि गराएर मात्र ठेक्का दिनुपर्छ’, धादिङ– ३ का सभासद् एंव नेकपा एमालेका नेता राजेन्द्र प्रसाद पाण्डेले भने, ‘निर्माण गर्न आउनेलाई खालि जग्गा

उपलब्ध गराउनुपर्छ । त्यस्तो भएन भने ठेकेदारले क्षतिपूर्ति माग गर्दै जान्छ ।’ उक्त आयोजनामा करिब पाँच हजार घरपरिवारका ४५ देखि ५० हजार बासिन्दाको बसोबास रहेको अनुमान गरिएको छ । तर कति मानिसको बसोबास छ भन्नेबारे तत्काल तथ्यांक बाहिर आउनुपर्ने सभासद् पाण्डेको माग छ । उनले भने, ‘२४, ४५, ४८ वा ५१ कति हजार छन् त्यो तत्काल निश्चित गर्नुप¥यो ।’ उनले मन्त्री ज्ञवालीसँग बजेटको सुनिश्चितता गरेर आयोजना कहिलेदेखि सुरु हुने भनेर पटक–पटक प्रश्न गरेका थिए ।

नेपाली काँग्रेसका संसदीय दलका प्रमुख सचेतक एवं स्थानीय बासिन्दा चिनकाजी श्रेष्ठले आयोजना सुरु गर्न ढिला भयो भनेर आफूले अर्थ र ऊर्जामन्त्रीको साथै सचिवसँग पनि कुरा राखेको भन्दै ढिला गरेर जनतालाई सास्ती नदिन आग्रह गरे । उनले आयोजनाले आफ्नो सम्पत्तिको साथै ऐतिहासिक ठाउँ डुबाउने भए पनि देशका लागि त्याग गर्न लाग्दा पनि सरकार कुन मोडल अपनाउने भन्नेबारेमै अलमलमा परेको बताए । उनले तत्काल निर्णय गरेर काम अगाडि बढाउन आग्रह गरे । पूर्वमन्त्री एवं काँग्रेस सभासद् कमला पन्तले आयोजनाका लागि घर छाड्न ४५÷५० हजार जनता तयार रहे पनि सरकारले काम चाँडो सुरु नगरेमा आक्रोश पोखिन् । उनले भनिन्, ‘जनता घर छाड्न तयार छन् तर सरकारले निर्णय गर्नसकेन ।’ उनले राजनीतिक दलहरुले आयोजना बनाउन प्रतिबद्धता जाहेर गर्दा पनि सरकारले किन निर्णय नगरेको भनेर प्रश्न गरिन् । धादिङ–२ का एमाले सभासद् गुरुप्रसाद बुर्लाकोटीले सरकार भरलाग्दो तरिकाले प्रस्तुत हुन नसकेको कारण आयोजनाबारे अनेक प्रश्न उठेको बताए । त्यस्तै, धादिङ– १ का अर्का एमाले सभासद् धनबहादुर घलेले पनि आयोजनाको काम छिटो अगाडि बढ्नुपर्ने बताए ।

नेपाली काँग्रेसका सभासद् दिलमान पाख्रिनले आयोजनाको स्रोत कसरी जुटाउने भन्नेबारे ऊर्जा मन्त्रालयले ठोस निर्णय गरेर अगाडि बढ्न ढिला भएको बताए । एमाओवादीका सभासद् कृष्ण धिताल र आशा कोइरालाले आफ्नो पार्टी र जनता उक्त आयोजना अगाडि बढाउन जुनसुकै सहयोग गर्न तयार रहेको बताउँदै सरकारले ढिलासुस्ती गरेमा आपत्ति जनाए । राप्रपाका सभासद् परशुराम तामाङले जनताका जायज माग पूरा गरेर अगाडि बढन् ऊर्जामन्त्री ज्ञवालीलाई सुझाव दिए । पूर्व जलस्रोत राज्यमन्त्री एवं राप्रपाका नेता ठाकुर प्रसाद शर्माले आयोजनाका लागि बजेटमा रकम विनियोजन नगरेमा शंका गर्दै सबै शंका निवारण गर्ने तरिकाले सरकार अगाडि बढ्नुपर्ने बताए । उनले भने, ‘बजेटमा पैसा नराखेसम्म जनतालाई विश्वास हुनेछैन ।’ नेपाली काँग्रेस गोरखाका सचिव पूर्णबहादुर दाहाल, एमाले गोरखाका प्रतिनिधि कृष्णबहादुर नेपाली र एमाओवादी गोरखाका पूर्वसभासद् अमर तमुले आयोजना अगाडि बढाउन स्थानीय प्रभावित बासिन्दा र राजनीतिक दलहरु तयार भए पनि सरकारले ढिलाइ गरेकामा आपत्ति जनाए । कार्यक्रममा आयोजनाका कार्यकारी निर्देशक गोपाल बस्नेत र अध्यक्ष डा. लक्ष्मी प्रसाद देवकोटले स्थानीयको माग सम्बोधन गरेर आयोजना अगाडि बढाइने बताएका थिए । गोरखा र धादिङ जिल्लाको सिमानाको बुढीगण्डकी नदीमा निर्माण गरिने उक्त आयोजनाको बाँधको उचाइ २६३ मिटर

हुनेछ भने करिब ४८ किलोमिटर ताल बन्नेछ । आयोजना निर्माण भएमा उक्त ताल नेपालकै सबैभन्दा ठूलो हुनेछ ।

**बुढीगण्डकी जलविद्युत् आयोजनामा आशंकै आशंका किन ?**

धादिङ र गोरखा जिल्लाको सिमाना भएर वहने बुढीगण्डकी नदीमा १२ सय मेगावाटको जलाशययुक्त जलविद्युत् आयोजना निर्माण हुने चर्चा अझै छ । कुन मोडलबाट निर्माण गर्ने भन्नेबारे सरकारले निर्णय गरिसकेको छैन । धेरै मन्त्रीहरुले उक्त आयोजनाको स्थलगत अध्ययन गरिरहेका छन् । स्थानीय बासिन्दा र स्थानीय राजनीतिक दलहरु आयोजना निर्माण छिटो होस् भन्ने पक्षमा भए पनि कसरी आयोजना बनाउने र स्रोत कहा“बाट जुटाउने भन्नेमा सरकारले निर्णय नगरेको कारण दलहरुले आशंका गरिरहेका छन् । शुक्रबार ऊर्जामन्त्री राधा ज्ञवालीले गरेको स्थलगत अध्ययनमा आयोजित कार्यक्रममा दलका नेताहरुले व्यक्त गरेको विचारको सम्पादित अंश :

**रुन मन लागेको छ**

**– चिनकाजी श्रेष्ठ / प्रमुख सचेतक, नेपाली काग्रेस**

आयोजना किन ढिलो भयो भनेर मैले मन्त्री, सचिव सबैसँग कुरा गरेको छु । यो आयोजनाले मेरो सबै सम्पत्ति डुब्छ । सियो गाड्ने ठाउँ पनि बाँकी हुन्न । त्यही भएर चार सय मेगावाट क्षमताको मात्र आयोजना बनाउने भनेर लागियो । तर, अहिले छ सयबाट १२ सय पुग्यो । मेरो डुब्छ भनेर भएन, देशको लागि केही गर्नुपर्नेछ । म कतै समायोजन होउँला, तर भीमसेन थापाको जन्मस्थल, सल्यान बेसी, त्रिपुरासुन्दरी मन्दिर सबै डुब्ने भयो । १२ सय मेगावाट बनेपछि नेपालको लोडसेडिङ अन्त्य हुन्छ । यस्तो बेलामा हामीले मन खुम्च्याउनुहुँदैन । मेरो सबै जमिन डुब्छ, त्यही भएर मलाई त रुन मन लागेको छ तर देशको लागि केही हुन्छ भने मेरो सबै डुब्दा पनि मुटुमाथि ढुंगा राखी हास्नुपरेको छ भनेको जस्तै अवस्थामा म छु । यो परियोजना सफल पार्न सबै मिलेर लाग्नुपर्छ । लाठी पनि नभाँचिने सर्प पनि मर्ने तरिकाले अगाडि बढ्नुपर्नेछ । आरुघाटको जग्गा र घरजग्गाको मात्र बढी मुआब्जा हुने होइन, सबै क्षेत्रको मूल्यांकनअनुसार मुआब्जा हुन्छ ।सबैको एउटै मूल्य हुँदैन । उचित किसिमको मूल्यांकन राख्नुपर्छ । यो परियोजना दुई हातमा लड्डु हुनुपर्छ । एउटा, राष्ट्रिय गौरवको परियोजना, दोस्रो भनेको पर्यटन विकास, विश्वविद्यालय स्थापना, फेवातालभन्दा १५ गुणा ठूलो ताल बन्छ र विश्वभरका पर्यटक आउँछन् र यहाँको सम्भावना खुल्छ । तेस्रो हात भनेको झोलाभरि मुआब्जा र सेयर हुने । त्यसको लागि हामी सबैको सहयोग र प्रतिबद्धता चाहिन्छ । अर्को कुरा, यो क्षेत्रका जनताको समस्या तत्काल समाधान गर्नुपर्छ । सरकारको आफ्नो सेयर भएको बैंकबाट यहाँका जनतालाई ऋण दिएर काम गर्न दिनुपर्छ । ६१÷६२ अर्ब मुआब्जा लाग्छ भन्ने कुरा छ, त्योभन्दा बढी भएमा पनि दिनुपर्छ ।

**चलनचल्तीको भन्दा बढी मुआब्जा दिनुपर्छ**

**– राजेन्द्रप्रसाद पाण्डे /सभासद्, धादिङ–३, नेकपा एमाले**

आफु जन्मेको ठाउँ छाडेर अन्यत्र जानुपर्दा सबैलाई पीडा नै हुन्छ । यो पीडाभन्दा पनि अझ राम्रो कुरा पाइयो भने राम्रो । मोटरको पुल पाइयो भने झोलुङ्गे पुल किन चाहियो र ? गुम्नेभन्दा पाउने राम्रो भयो भने त्यसलाई सहजरुपमा लिनुपर्छ । दिँदैनौँ भन्नुहुँदैन, उचित मुआब्जा लिएर छाड्नुपर्छ । नौबीसेको मान्छेले बाटो दिँदैनौँ भनेको भए पोखरा र गोरखा तथा आरुघाटका मान्छेले मोटर चढ्थे होला ? गोरखाका मान्छेले जग्गा दिन्नँ भनेको भए त्यताबाट आउने गाडी यहाँ आउने पाउँदैनथ्यो । धेरै राम्रो प्राप्त हुन्छ भने नोक्सान पनि सहनुपर्ने हुन्छ । राज्यले देओस् भन्ने माग राख्नु जायज छ । सुहाउँदो बुझिँदो माग माग्नुपर्छ । पाउने भयो भने किन नमाग्ने भन्ने चलन पनि छ । सम्पत्तिवालाले पनि वृद्धभत्ता माग्ने चलन छ । पाइयो भने माग्न मन होइन, हात फराकिलो गर्ने चलन छ । त्यो कुरालाई पनि ध्यान दिनुपर्छ । आयोजना बनेपछि धेरै संरचना डुब्नेछ । स्कुल कलेज, गाउँ सबै डुब्नेछ । डुबेपछि योभन्दा राम्रो ठाउँ दिनुपर्छ । २४, ४५, ४८, ५१ कति हजार विस्थापित हुने हो त्यो तय हुनुपर्‍यो । अहिलेको चलनचल्तीको भन्दा बढी मुआब्जा दिनुपर्छ । विस्थापित हुनेले अर्को ठाउँमा धेरै तिर्नुपर्ने हुन्छ । आयोजनाको सेयर दिनुपर्छ । मुआब्जा, रोजगारी सबै दिनुपर्छ । नापी नमिलेको जग्गा धेरै छ, फेरि नापी गरेर जग्गाको वास्तविकता मिलाउनुपर्छ । पुर्जाको अनुसार मात्र मुआब्जा पाउने भएकाले विकास समितिले बेलैमा ध्यान दिनुहोला । मुआब्जा नदिएसम्म ठेक्का दिँदा ठेकेदारले दाबी बढाउँदै जान्छ । बनाउन आउँदा त खालि जग्गा दिनुपर्छ । राज्यले जमिनको विवाद टुंग्याउनुपर्छ । आयोजनाको लागि पैसाको कुनै समस्या छैन । सात÷आठ जिल्लाको जनतालाई सेयर दिने हो भने यो आयोजना बनाउन जनताबाट पैसा जम्मा हुन सक्तछ । कोही विदेशी गुहार्नुपर्दैन । बाबुराम, माधव नेपाल, झलनाथ जसको पालामा सुरु भए पनि आ–आफ्नो पार्टीको प्रचार गरौँ बुढीगण्डकी अगाडि बढाऔं । स्थानीय जनताको अवरोधको कारण संसारमा यस्ता आयोजना रोकिएका छन् । राष्ट्रिय प्रसारण लाइन २२ वर्षदेखि बन्नसकेको छैन । तसर्थ लाइन विस्तार गर्नेबारे पनि चाँडै सोच्नुपर्‍यो । बिजुली ग्यासको सिलिन्डरमा लैजाने होइन, तार तान्ने ठाउँको पनि समस्या समाधान गर्नुपर्छ । सबै समस्या समाधान गर्न सबैले मद्दत गर्नुपर्छ । जनताले मन्त्रीसँग प्रतिबद्धता खोजेका छन् । जनतासँग छलफल गर्ने मात्र होइन, अर्को बजेटमा पैसा राख्नुपर्छ । विस्थापित हुनेभन्दा पनि बन्छ कि बन्दैन भन्ने चिन्ता देखिन्छ । काम सुरु गर्छु भन्ने प्रतिबद्धता चाहियो ।

**रोजेको र खोजेको क्षतिपूर्ति दिनुपर्छ**

**– धनबहादुर घले, सभासद्, धादिङ–१, नेकपा एमाले**

गत माघ ८ गतेअगाडि सभासद्हरु जहाँ बसे पनि माघ ८ मा संविधान आउँछ भनेर सोध्ने ठूलो समूह थियो । अहिले यो प्रश्न निष्क्रिय भएको बेला धादिङ र गोरखाका सभासद्लाई फेरि अर्को त्यस्तै प्रश्न आएको छ, बुढीगण्डकी आयोजना बन्छ ? म त भन्छु, जहाँ इच्छा त्यहाँ उपाय । सरकारले चाह्यो भने बन्छ । चीनमा

२२ हजार मेगावाटको एउटै आयोजना बन्यो । चीनमा त्यो बनाउँदा विश्वभर विरोध भएको थियो । चीनले १३ लाख जनतालाई चित्त बुझाएर पुनर्वास कार्यक्रम ल्याएर बनायो । यहाँ त १२ सय मेगावाट मात्र हो । त्यही भएर सबैले चाह्यो भने बनाउन सकिन्छ । धादिङको १३ र मेरो क्षेत्रका मात्र सातवटा गाविस यो आयोजनाबाट प्रभावित हुनेछन् । आयोजना बनाउनु मात्र पनि ठूलो कुरा होइन, यो क्षेत्रका पीडितलाई सही तरिकाले पुनर्वास गर्नु ठूलो कुरा हो । सही तरिकाले पुनर्वास भएन भने म पनि आन्दोलनकारीको रुपमा अगाडि बढ्छु । यो आयोजना निर्माण गर्दा ४८ किलोमिटर लामो ताल बन्नेछ । अहिले भएका पाँच हजार घर विस्थापित हुनेछन् । यदि तालको वरिपरि ‘रिङरोड’ बनायो र त्यहाँको जग्गा राज्यले सबै विस्थापितलाई निजी बनाएर उपलब्ध गरायो भने कसैले पनि म विस्थापित भएको भनेर महसुस गर्दैन । धेरै मुआब्जा दिनुप¥यो भनेर यसलाई ढिला गर्नु भएन, जुनसुकै हालतमा पनि यो आयोजना बन्नुपर्छ । सबै एकजुट भएर अगाडि बढेमा आयोजना बन्नेछ । यो आयोजना बन्न÷बनाउन स्थानीयको सहयोग चाहिन्छ । रोजेको र खोजेको क्षतिपूर्ति दिनुपर्छ । त्यसका लागि साथ दिन तयार छु ।

**नियन्त्रण गर्नु जरुरी**

**– कृष्ण धिताल / सभासद्, एमाओवादी**

यो आयोजना सम्पन्न गर्ने हाम्रो पनि दायित्व हुन्छ । डुबानमा पर्ने जनताका समस्या समाधान गर्नुपर्छ । यो आयोजाको लागि झण्डै तीन खर्ब रकम लाग्ने अनुमान छ । तसर्थ यो सानो आयोजना होइन । तर, चालू आवमा विनियोजन गरिएको बजेटमध्ये अहिलेसम्म २१ प्रतिशत पनि खर्च भएको छैन । अर्को कुरो धेरै बजेट लाग्ने भएकाले बन्न सक्तैन कि भन्ने आशंका पनि छ । तर एकै पटक बजेट राख्नुपर्दैन । हरेक वर्ष एउटा निश्चित बजेट राख्दै जाँदा काम गर्न सजिलो हुन्छ । जनतालाई सेयर पनि दिन सकिन्छ । सरकारले चाह्यो भने जुनसुकै बेला बजेट जुटाउनसक्छ । अहिले राजनीतिक तरलता छ र राजनीतिक नियुक्ति फेरबदल भइरहन्छन् । त्यसबाट आयोजना प्रभावित पार्नुहुँदैन । त्यसलाई नियन्त्रण गर्नु जरुरी छ । यो आयोजना डा. बाबुराम भट्टराईले अगाडि बढाएको । तर, आज उहाँलाई ल्याउन सकिएन । उहाँलाई ल्याउनुपर्दथ्यो । यो आयोजना ‘हात्ती आयो, हात्ती आयो फुस्सा’ भन्ने अवस्था नआओस् । सबैको सहमतिको साथ अगाडि बढौं । साना–साना समस्याले नरोकौं ।

**मौखिक प्रतिबद्धताले मात्र हुदैन**

**ठाकुरप्रसाद शर्मा /पूर्वजलस्रोत राज्यमन्त्री, नेता राप्रपा**

जनताको नाममा विभिन्न पार्टी प्रतिनिधि र सरोकार समितिले जुन कुरा व्यक्त गरेका छन्, त्यसलाई सरकारले मार्गदर्शनको रुपमा लिनुपर्छ । जनताले ‘काम छिटो गर’ भनेका छन् । आयोजनाबारे मौखिक प्रतिबद्धताले मात्र हुँदैन, बजेटमा पैसा नराखेसम्म जनतालाई विश्वास हुनेछैन । आयोजना प्रभावित क्षेत्रका जनताको जग्गा कति दिनसम्म बिक्री/वितरण रोक्ने ? सरकारले बजेटमार्फत रकम विनियोजन नगरेसम्म मुआब्जा पाउने अवस्था रहँदैन । मुआब्जा नपाएसम्म कसैले पनि छाड्दैन र छाड्ने कुरा पनि

हुँदैन । आयोजनाबारे जनतालाई आश्वस्त पार्ने भनेकै बजेट राखेर हो । यो आयोजना बनेमा गोरखा र धादिङले मात्र फाइदा लिने होइन, नेपाल राज्य नै लोडसेडिङबाट मुक्त हुनेछ ।

**बजेट व्यवस्था गर्नुप-यो**

**– कमला पन्त / पूर्वमन्त्री एवं सभासद्, नेपाली काग्रेस**

मुलुकमा ऊर्जाको समस्या छ । सहरदेखि गाउँसम्मका जनताले लोडसेडिङको मार भोगेका छौँ । अहिले यो बुढीगण्डकी आयोजनाबारे ठूलो बहस छ । यसलाई निर्माण गर्नुपर्नेछ । तर यहाँको जनताको अपेक्षा के हो ? त्यो राज्यले पूरा गर्नुपर्छ । यो आयोजनाबाट ४५/५० हजार जनता विस्थापित हुनेछन् । उनीहरु सबैलाई यो आयोजनाको हिस्सेदार बनाउनुप-यो । आयोजना बनाउने भनेपछि जग्गा किनबेच रोकिएको मात्र छ, काम अगाडि बढेको छैन । जग्गा बिक्री नभएपछि यहाँका जनताले औषधि उपचार गर्न र छोराछोरी पढाउने खर्च समेत जुटाउन पाएका छैनन् । राज्यले तत्काल कुन मोडेलबाट बनाउने भन्ने तय गरेर एउटा ‘क्राइट एरिया’(निश्चित सीमा) बनाएर मुआब्जा दिनुप-यो । आयोजनाबाट प्रभावितहरुको व्यवस्थित पुनर्वास गर्नुप-यो । आयोजना पूरा हुनुअघि नै माथि डाँडामा सुन्दर बस्ती बनाऔं । यहाँका जनताले सिङ्गो मुलुकको लागि त्याग गर्न तयार भएको कारण राज्यले पनि डाँडामा सुन्दर बस्ती विकास गर्नुप-यो । यो परियोजना ऊर्जामन्त्री राधा ज्ञवालीकै पालामा सुरु होस् । राजनीतिक दलहरुले प्रतिबद्धता जाहेर गरेका छौं, जनताको पक्षमा लडेका छौँ । जनताको विपक्षमा निर्णय गर्न खोज्यो भने त्यसो गर्न दिनेछैनौं । परियोजना छिटो सुरु गर्नुप-यो । छिटो बजेट व्यवस्था गर्नुप-यो । हरेक वर्ष ५० अर्बको दरले छुट्याउनुप¥यो । कुनै पनि राजनीतिक दलले बहानाबाजी गरेर रोक्नु भएन । जग्गाबारे वैज्ञानिक नापजाँच गरेर तत्काल मुआब्जाको काम थाल्नुप-यो ।

**अपनत्व महसुस गराउनुप-यो**

**– दिलमान पाख्रिन, सभासद्, नेपाली काग्रेस**

हाम्रो देशभित्र पर्याप्त प्राकृतिक स्रोत र साधन भए पनि हामीले त्यसलाई चलाउन नसकेको कारण हामी गरिब हुनपुगेका हौँ । त्यही भएर नेपालभित्र ८० हजार मेगावाट विद्युत् उत्पादन हुने सम्भावना हुँदा पनि बत्तीभित्र अध्याँरोमा बस्न बाध्य छौँ । नेपाल अल्पविकसित देशबाट सन् २०२२ सम्म विकसित देशमा पुग्ने योजना छ । त्यसका लागि सबैभन्दा बढी जलविद्युत् आयोजना अगाडि बढाउनुपर्छ । त्यही भएर बुढीगण्डकी जलविद्युत् आयोजना सरकारको प्राथमिकतामा परेको आयोजना हो ।सरकारको प्राथमिकतामा परे पनि यो आयोजनाबाट ठूलो जनसंख्या विस्थापित हुनेछ । हजारौँ स्थानीय जन्म र कर्मथलो छाडेर जानुपर्नेछ । कुनै चिज पाउन कुनै चिज त गुमाउनुपर्नेछ । पुनर्वास कार्यक्रम ल्याउँदा जनतालाई अधिकतम लाभ दिने उद्देश्य सरकारले लिनुपर्छ । अब कुन मोडालिटीमा जाने हो तय हुनुप¥यो । कसरी स्रोत जुटाउने हो ? सरकारले तत्काल कुरा अगाडि ल्याउनुप¥यो । यो परियोजना सरकारको मात्र भन्दा पनि स्थानीय र नेपालका सबै जनताको हो । यो परियोजना सञ्चालन गर्दा अपनत्व हुनुपर्छ ।

अपनत्व महसुस भयो भने भविष्यमा कुनै अवरोध आउँदैन । यो परियोजना सम्पन्न हुने बेलासम्म केन्द्रदेखि स्थानीय दलहरु एकबद्ध भएर अगाडि बढ्नुपर्छ । देशलाई अँध्यारोबाट उज्यालोतिर लैजान विस्थापितहरुलाई चित्त बुझाएर अगाडि बढ्ने काम सरकारले गर्नुपर्छ ।

**उम्किन पनि दिनु भएन, चित्त दुखाउनु पनि भएन**

**– गुरुप्रसाद बुर्लाकोटी /धादिङ–२, सभासद्, नेकपा एमाले**

जहाँ जुन खेती हुन्छ, त्यहाँ त्यही खेती गर्नुपर्छ । यो क्षेत्रमा उत्पादन भइरहेको अन्नको वार्षिक मूल्य बढीमा २० करोड रुपैयाँ होला । तर प्रस्तावित योजनाको वार्षिक विद्युत्को मूल्य ३०/३५ अर्बको हुन्छ । नेपाल सरकारले जुन विद्युत्को खेती गर्ने योजना अगाडि बढाएको छ, यो आफैँमा स्वागतयोग्य हो । डुबानक्षेत्रका मानिसका लागि यो आयोजना डरलाग्दो बनिरहेको छ । अनि यो क्षेत्र बाहिर रहेकाहरुको लागि मूलतः सहरका जनताको लागि यो परियोजना रहर लाग्दो बनेको छ । कसैका लागि डरलाग्दो र कसैका लागि रहर लाग्दो बनेको परियोजनामा सरकार भरलाग्दो बनेर उभिनुप-यो । जनताको चित्त बुझाइदिनुप-यो । डर लाग्नेको चित्त र रहर लाग्नेको इच्छा पूरा गरिदिनुप-यो । हामी तपाईंहरुले निर्वाचित गरेका जनप्रतिनिधि हौँ, तपाईंहरुको पक्षमा वकालत गर्नेछौँ । तपाईंको हितमा काम गर्नेछौँ । राज्यको लागनीमा पाँच अर्ब बढेर कुनै समस्या हुँदैन । दश अर्ब बढेर कुनै समस्या हुँदैन । सहर बनाइदिऔँ कोही बाहिर जाँदैन । बढी निचो-यो भने फुत्किन्छ, अहिले धेरै कस्ने काम नगरौँ । आयोजनाबाट अहिलेको पुस्ताको पीर भयो भने पनि भविष्यको लागि राम्रो हुनेछ । बुढीगण्डकी पनि चाहियो र जनताको चित्त पनि बुझ्नुप-यो । बिजुली मात्र होइन, पर्यटन क्षेत्रको पनि विकास हुनेछ । कम्पनीमार्फत निर्माण भयो भने जनताले सेयर पाउने छन् र समितिमार्फत बन्यो भने सेयर नपाउने भएको छ । जनतालाई इच्छा लाग्दो सेयर हाल्न दिने हो भने यो परियोजनाको लागि पैसा खोज्न जानुपर्दैन । सरकारले आउँदो आवमा बजेट व्यवस्था गरिदेओस् । गोरखा र धादिङको आर्थिक विकास गर्ने यो परियोजना उम्काउनुदिन पनि भएको छैन र जनताको चित्त पनि दुखाउन भएको छैन ।

**क्षमता र रुचिअनुसार रोजगारी**

**– आशा कोइराला /सभासद्, एमाओवादी**

यो आयोजना कसरी सम्पन्न गर्ने भन्नेबारे चिन्तित छौँ । स्थानीय जनताको आवाज सुन्ने र सरकारको तयारीबारे हामीले हेरिरहेका छौँ । यो आयोजना सफलतापूर्वक सम्पन्न गर्ने काममा मेरो पार्टीको महत्वपूर्ण भूमिका हुनेछ । स्थानीय जनताले आफ्नो जग्गाजमिनको उचित मुआब्जा र उचित पुनर्वासको व्यवस्था खोजेका छन् । यहाँका प्रभावित क्षेत्रका बासिन्दालाई क्षमता र रुचिअनुसारको रोजगारी पनि दिनुपर्छ । स्थानीयलाई यो आयोजनाको सेयर दिनुपर्छ । प्रभावित क्षेत्रका जनताको लागि विशेष कार्यक्रम नै सञ्चालन गर्नुपर्छ । कस्तो कार्यक्रम भन्नेबारे राज्यले सोच्नुपर्छ । पार्टीको तर्फबाट आयोजनालाई सहयोग गर्नेछौँ । आयोजना सम्पन्न गर्न राज्यले मात्र हुँदैन, जनताको विशेष भूमिका हुनेछ । यो

आयोजना पूरा गर्न हामी हाम्रो ठाउँबाट प्रतिबद्ध छौँ ।

**अरुण तेस्रोजस्तै हुने हो कि ?**

**– अमर तमु / पूर्वसभासद् एवं एमाओवादी, गोरखा**

आयोजना कहिलेदेखि सुरु भएर कहिलेसम्म बनिसक्छ भन्ने जनताले शंका गरेका छन् । आयोजनाले हाम्रो इतिहास बोकेका गाउँ÷सहर अब रहनेछैन । परापूर्वकालमा पुर्खाहरुले बनाएका बस्तीहरु विस्थापित हुनेछन् । स्थानीय विस्थापित हुनु दुःखद कुरा भए पनि यो आयोजना बन्दा समग्र मुलुकलाई फाइदा पुग्नेछ । आयोजनाले डुबाउने भनेपछि अहिले नै यो क्षेत्रका बासिन्दामा व्यावहारिक समस्या देखापरेका छन् । तर पनि राष्ट्रिय गौरवको आयोजनाले बिजुली अभाव हुने बेला उत्पादन गर्न सकिने भएकाले मुलुकको कायापलट गर्नेछ । आयोजना कसरी अगाडि बढाउने भन्नेबारे ऊर्जामन्त्री र सचिवबीच विवाद छ भन्ने सुनिएको छ । यदि त्यस्तो हो भने आयोजना फेरि प्रभावित हुने आशंका बढेको छ । जनताको बीचमा आइपर्ने व्यवधान हल गर्न हामी दल तयार छौँ । विकास समितिले वा अन्य प्रक्रियाबाट बनाउने भन्ने विवाद भएर अरुण तेस्रोजसरी फेरि ढिलो हुने हो कि भन्ने स्थानीयको आशंका छ ।

**साझा सहयोग रहनेछ**

**– कृष्णबहादुर नेपाली/ नेकपा एमाले, गोरखा**

बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणपछि भविष्य के हुने भन्ने चिन्ता आरुघाट मात्र नभई यो प्रभावित क्षेत्रका बासिन्दाको छ । यो योजनाबारे जनताको धेरै विमति छैन । कामको गति अन्त्यन्त ढिला छ । वातावरणीय अध्यनको काम पनि बाँकी छ । आयोजनाविरोधी कोही पनि हुन सक्तैन । भोलिका दिनमा जनताका समस्या सम्बोधन भएन भने समस्या आउँछ । विस्थापितबारे के हुने हो ? कानुनीरुपमा कस्तो व्यवस्था गर्नुपर्ने हो ? सभासद्हरुले कस्तो गृहकार्य र ऊर्जा मन्त्रालयले कस्तो दृष्टिकोण बनाएको छ ? स्थानीय जनताको सहमतिबेगर कुनै पनि आयोजना सम्पन्न हुन सक्तैन । आयोजनालाई हाम्रो तर्फबाट साझा सहयोग रहनेछ र पीडित जनतालाई साथ दिनेछौँ ।

**जनता आन्दोलित हुनेछन्**

**– पूर्णबहादुर दाहाल /सचिव, नेपाली काग्रेस, गोरखा**

आयोजना निर्माणपछि यो क्षेत्रका २९ वटा गाविसका जनताहरुको अवस्था के हुने ? राज्यले के–के व्यवस्था गर्ने ? यो प्रश्न बुढीगण्डकी आयोजनासँग मात्र होइन नेपालमा बन्ने सबै आयोजनाका प्रभावित जनताका हुन् । राज्यले व्यवस्थापन गर्दैन भने जनताहरु आन्दोलित हुनेछन् । त्यतिबेला हामी जनताको आन्दोलनमा हुनेछौँ । कुनै निश्चित ठाउँमा मात्र कार्यक्रम गरेर पुग्दैन । यहाँका सबै जनताको अध्ययन गरेर समस्या समाधान गर्नुपर्छ । सरकारमा बस्नेहरुले आयोजनाको मोडेलबारे सौदाबाजी गर्दै जनतालाई आरोपित गर्दै आयोजना नै कुण्ठित गर्ने काम भयो भने राम्रो हुँदैन । त्यसको लागि नेपाली काँग्रेस सधैँ सचेत र सजग छ । काँग्रेस जनतालाई उचित राहत दिएर आयोजना अगाडि बढाउन प्रतिबद्ध

छ ।

**जनताको चित्त बुझाउनुपर्छ**

**– परशुराम तामाङ /सभासद्, राप्रपा**

यो आयोजना देशका निम्ति फाइदाजनक छ । १२ सय मेगावाटको आयोजना भनेको सानो होइन । ठूला–ठूला फाँट र बस्ती, स्कुल मठमन्दिर, सबै डुब्ने भए पनि यसले राष्ट्रलाई माथि उठाउँछ भने बनाउनु राम्रो हो । कुनै पनि आयोजना सम्पन्न गर्न स्थानीय जनताको चित्त बुझाउनैपर्छ । चित्त नबुझाएसम्म आयोजना सम्पन्न हुन सक्तैन । स्थानीय जनताका मागहरु पूरा गरेर यो गौरवशाली आयोजना सम्पन्न गर्न मैले खेल्नुपर्ने भूमिका निर्वाह गर्नेछु । जनताका जायज मागको पक्षमा जहिले पनि उभिरहेको हुनेछु ।

**कसैको पनि बिचल्ली हुदैन / राधा ज्ञवाली, मन्त्री, ऊर्जा**

यो आयोजनाले प्रभावित भएका जनताको समस्या के छ भन्ने भावना बुझ्न आएकी हुँ । धेरै अगाडिदेखिको प्रयासमा आएको हुँ । जन्मेको घर, खेलेको आँगन, जग्गा डुब्दा दुःख र पीडा हुन्छ । लामो समयदेखि जग्गाजमिन बिक्री गर्न पाउनुभएको छैन । तर, यो देशको विकासको लागि तपाईंहरु प्रतिबद्ध हुनुहुन्छ । यस्तो पीडा अब लामो समयसम्म रहँदैन । अहिले बुढीगण्डकीले केही समय पीडा दिएको होला यो एउटा खुसीमा परिणत हुनुपर्छ । भोलिका दिनमा यो क्षेत्रको सिँगो विकास हुनुपर्छ । यो आयोजनाले यो क्षेत्रको कायापलट गर्नेछ । विस्थापितहरुलाई घर बनाइदिन निश्चित मापदण्ड बनाएर अगाडि बढ्नेछौँ । यो वरिपरिको मात्र होइन, यो सबै क्षेत्रको विकास हुनेछ । जलाशयले सबैतिरका मान्छेलाई आकर्षित गर्नेछ । पर्यटकीय राजधानीको रुपमा यसलाई विकास गर्नेछौँ । चुनावको बेलामा प्रतिस्पर्धा होला तर विकासमा हामी राजनीति गर्दैनौँ । हिजो कुन सरकारले यो आयोजना अगाडि बढायो होइन, यो सरकारमा कसको जिम्मेवारी के छ, त्योअनुसार आयोजना अगाडि बढाउने हो । यो राष्ट्रिय गौरवको आयोजनालाई जोड दिएर १ नम्बरमा राखेर अगाडि बढाएका छौँ । यो आयोजना अवश्य बन्छ । अब निर्माणको लागि सरकारले बजेट विनियोजन गर्नेछ । वित्तीय व्यवस्थापन कसरी गर्ने भन्नेबारे हामीले निक्र्यौल गरिसकेका छैनौँ । छिट्टै निक्र्यौल गर्नेछौँ । धेरै आयोजनामध्ये यो आयोजना अगाडि छ । विकास भनेको पानी र माछाजस्तो हो । विकास भनेको जनताको लागि हो । तपाईंहरुको भावना र सोच बुझ्न तथा ऊर्जालाई सुझाव के छ भन्ने बुझ्नआएकी हुँ । अब छिट्टै प्रभावित क्षेत्रको जग्गाको लगत तयार हुनेछ । यसको लगत तयार नभएसम्म कति दिने भन्ने हुँदैन । आगामी दिनमा यो काम मुख्य प्राथमिकतामा राख्नेछौँ ।

जग्गा अधिग्रहण सामान्य होइन । सबै प्रभावितको जग्गादेखि गुमाउने सम्पत्तिको क्षतिपूर्ति दिएर मात्र सरकारको दायित्व पूरा हुँदैन । विस्थापनपछिको जीवन पहिलेभन्दा राम्रो होस् भन्ने सुनिश्चित गर्ने हो ।

पुनर्वास एवं पुनस्र्थापना योजना तर्जुमा गरिनेछ । हरेक घरधूरीलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरामा ध्यान दिइनेछ । त्यस्तो व्यवस्था आजभोलिको अन्तर्राष्ट्रिय व्यवस्था नै हो । यसलाई सरकारले मान्नैपर्छ । हामीले अन्तर्राष्ट्रियस्तरमा यसको व्यवस्थापन गर्नेछौँ । कसैको पनि बिचल्ली हुँदैन भन्ने कुरामा आश्वस्त गर्छु । तपाईंका माग सजिलै पूरा हुनेछन् । पुनर्वास र पुनस्र्थापना सजिलै हुने यो आयोजना सन् २०१६ देखि नै यसको निर्माण अघि बढ्नेछ । सन् २०२० सम्ममा सम्पन्न गर्न प्रयत्न रहनेछ ।

समस्या पैसाको होइन संकल्पको र प्रतिबद्धता हो । यो आयोजना पूरा गर्न दृढ संकल्पित छौँ । यसमा जनताको पूर्ण सहयोगको अपेक्षा गरेको छु ।

श्रोतः अभियान, २०७१/१२/७

# एकीकृत पहल नै विद्युत् विकासको आधार

ऊर्जामन्त्री राधाकुमारी ज्ञवाली

ऊर्जामन्त्री राधाकुमारी ज्ञवाली १९५४ मार्च २९ मा जन्मेकी हुन् । सेण्ट मेरिज कलेज सिलोङ, भारतबाट मानविकीमा स्नातक गरेकी उनले मेघालयस्थित नर्थ इस्टर्न हिल युनिभर्सिटीबाट राजनीतिशास्त्रमा स्नातकोत्तर गरेकी छन् ।

विद्यार्थी कालबाटै राजनीतिमा प्रवेश गरेकी ज्ञवालीले नेकपा एमालेको विभिन्न तहको साङ्गठनिक जिम्मेवारी सम्हालिसकेकी छन् । उनी अखिल नेपाल महिला सङ्घको संस्थापक महासचिव, पार्टी विभाजनपछि नेकपा मालेअन्तर्गत अनेमसङ्घको अध्यक्ष भएकी उनी पार्टी एकतापछि हाल सङ्घको वरिष्ठ उपाध्यक्ष पदमा रहेकी छन् । पहिलो संविधानसभामा सभासद् बनेकी उनी महिला दबाब समूहकी कार्यकारी सदस्य तथा महिला अध्ययन केन्द्रकी अध्यक्षसमेत हुन् । एमालेकी पोलिटब्युरो सदस्य उनी २०७० फागुन १३ गतेदेखि ऊर्जामन्त्रीको जिम्मेवारी छिन् ।

ऊर्जा विकासको प्रचुर सम्भावना हुँदाहुँदै पनि मुलुकले कहालीलाग्दो लोडशेडिङको सामना गर्नु परिरहेको छ । राजनीतिक अस्थिरताकै कारण ऊर्जाको यथोचित विकास गर्न नसकिएको हो । अहिले यसअघिका सरकारले निर्माण गरेका आधारशिलामा टेक्दै ऊर्जा मन्त्रालयले जलविद्युत्को विकासका लागि काम गरिरहेको छ । सन् १९९६ नेपालले भारत सरकारसँग विद्युत् व्यापार सम्झौताको पहल गरे पनि सन् २०१४ मा मात्र हामी सफल हुन सक्यौं । सम्झौताले विद्युत् विकासको ठूलो ढोका खोलेको छ । त्यससँगै लामो समयदेखि थाती रहेको ६ हजारभन्दा बढी मेवा क्षमताको पञ्चेश्वर जलविद्युत् आयोजना, पश्चिम सेती जलविद्युत् आयोजनाको काम अघि बढेको छ । यसबीच अरुण तेस्रो, उपल्लो कर्णाली जलविद्युत् आयोजनाको पीडीए भइसकेको छ । दूधकोशी, आँधीखोला, नौमुरे, उत्तरगङ्गा, अरुणलगायत अन्य आयोजनाको काम पनि अघि बढाइँदै छ । राष्ट्रिय गौरवको तामाकोशी जलविद्युत् आयोजना निर्माण हुँदै छ । बूढीगण्डकी र नलसिङगाढ जलविद्युत् आयोजना पनि अघि बढेको छ । १० हजार मेवा क्षमताको कर्णाली चिसापानी जस्तो बृहत् आयोजना पनि छ । स्वतन्त्र ऊर्जा प्रवद्र्धकहरुले अघि बढाएको तिला १ र २ जलविद्युत् आयोजनाले पनि गति लिएका छन् । यसरी अन्य धेरै साना, ठूला आयोजनाको काम अघि बढाइएको छ ।

अहिलेसम्म हाम्रा अधिकांश जलविद्युत् आयोजना बहावमा आधारित छन् । त्यसले गर्दा हिउँदमा नदी÷खोलामा पानीको मात्रा घटेपछि विद्युत् उत्पादन एकदमै न्यून हुने गरेको छ । यसले निम्त्याएको

विद्युत् अभावलाई व्यवस्थापन गर्न जलाशयमा आधारित आयोजना निर्माणमा जोड दिइएको छ । तत्कालका लागि अन्तरदेशीय प्रसारण लाइन निर्माण गरी हिउँदमा विद्युत् आयात गर्ने योजना बनाइएको छ । ठूला आयोजना निर्माण भइसकेपछि मुख्यतः भारत त्यसपछि बङ्गलादेश, श्रीलङ्कालगायत सार्क क्षेत्रीय मुलुकमा विद्युत्को बजार विस्तार गर्न सकिन्छ । सन् २०३५ सम्म पूरा गर्ने गरी विद्युत् विकासमा उत्पादनका साथै प्रसारण लाइन विस्तार र वितरणको योजना बन्दै छ । यसका लागि नेपाल ग्रीड कम्पनी स्थापना गर्नेबारे मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छ । विद्युत् विकाससम्बन्धी २०४९ को ऐन र २०५० को नियमावलीलाई समयानुकूल परिवर्तन गर्न विधेयकको तयारी हुँदै छ । यसरी हालको सरकारले बिजुली उत्पादनको बृहत् ढोका खोलिसकेको छ ।

विद्युत् प्राधिकरण, नेपाल सरकार, विद्युत् विकास कम्पनीले पनि आयोजनाहरु बनाइरहेका छन् । निजीक्षेत्रको लगानीमा पनि विभिन्न आयोजना निर्माण हुँदै छन् । नेपाल सरकारको २५ प्रतिशत लगानी रहेको पश्चिम सेती जलविद्युत् आयोजनाका मुख्य लगानीकर्ता थ्री गर्जेज कम्पनीसँग आयोजना निर्माण गर्ने प्रक्रिया अघि बढाइएको छ । कोशी, गण्डक, कर्णाली र महाकाली जलाधारका आयोजनाका उत्पादन र प्रसारण लाइन निर्माणको प्रक्रिया अघि बढेको छ । त्यस्तै, विद्युत् चुहावट तथा चोरी नियन्त्रण गर्न स्मार्ट मिटरको अध्ययन थालिँदै छ । किनेर बिजुली प्रयोग गर्न स्मार्ट कार्ड प्रयोगमा ल्याउन अध्ययन शुरु गरिएको छ । त्यसबाहेक वैकल्पिक ऊर्जा प्रयोग बढाउन र ग्रामीण तथा सामुदायिक विद्युतीकरणमा पनि सरकारले ध्यान बढाएको छ । यसरी पहिलो चरणमा लोडशेडिङ न्यूनीकरण गर्दै उज्यालो नेपाल बनाउन अघि बढ्छौं । दोस्रो चरणमा सन् २०१९/२० देखि हाम्रो उद्योगलाई पर्याप्त मात्रामा बिजुली उपलब्ध गराउने योजना सरकारको छ । त्यस्तै विदेशी लगानीकर्ता तथा खरीदकर्तालाई आकर्षित गर्ने प्रयास हुँदै आएको छ ।

विद्युत् विकासका योजना तथा त्यसलाई कार्यान्वयनमा ल्याउन हामीसँग थुप्रै चुनौती तथा अप्ठ्यारा छन् । निःसन्देह, हामीकहाँ अन्तरसरकारी समन्वयको अभाव छ । छिटोछरितो किसिमले सेवा प्रवाह हुन नसक्दा लगानीकर्ता पक्कै पनि निरुत्साहित भएका छन् । ऐन, नियमका आधारमा चल्नुका साटो तजबिजी अधिकार प्रयोग गर्नाले यस्ता समस्या आएका हुन् । मन्त्रालयअन्तर्गतका निकायहरु— विद्युत् प्राधिकरण, विद्युत् विकास विभाग तथा मन्त्रालय स्वयम्ले पनि आआफ्नो दायित्वको कार्य सम्पादनमा ढिलाइ गर्नु हुँदैन । यदि गर्छ भने त्यस्तो निकाय वा व्यक्तिलाई दण्डित गर्नुपर्छ । यसरी सबैको जिम्मेवारी परिभाषित गरेर अघि बढ्न सक्यौं भने जलविद्युत्को विकासले फड्को मार्नेछ ।

विद्युत् चुहावट २६ प्रतिशत हुनु र नेपाल विद्युत् प्राधिकरणको बक्यौता पनि धेरै बढी हुनु विद्युत् क्षेत्रको चुनौती हो तर यसलाई व्यवस्थापन गर्ने प्रयास हुँदै छ । अर्को कुरा, विभिन्न निकायमा आवश्यक जनशक्ति समयमा परिपूर्ति गर्न नसक्दा पनि समस्या देखिएका छन् । अहिले विद्युत् प्राधिकरणमा रिक्त पदपूर्ति नहुँदा त्यहाँ धेरै फाइल रोकिएको छ । राजनीतिक अस्थिरताका कारण प्राधिकरणको बोर्ड

बैठक समयमा बस्न सकेन । त्यसले गर्दा कैयौं विद्युत् व्यापार सम्झौता समयसीमा सकिएका कारण खारेजीमा परे । यो विडम्बनाको अन्त्य गर्नु आवश्यक छ । कतिपय प्रवद्र्धकले जलविद्युत् आयोजनाको लाइसेन्स होल्ड गरेर बस्ने र त्यसको किनबेच गर्ने प्रवृत्ति छ । त्यसले पनि आयोजना विकासमा समस्या ल्याएको छ ।

जलविद्युत् नेपालको समृद्धिको एउटा बलियो आधार हो । त्यसकारण जलविद्युत् विकासका लागि अन्तरमन्त्रालय समन्वय पनि त्यतिकै जरुरी छ । यस क्षेत्रका समस्यालाई पनि आपसी समन्वयमा रुपान्तरण गरी अघि बढ्न सके विद्युत् विकास नै देश विकासको मूल आधार बन्नेछ ।

श्रोतः अभियान, २०७१/१२/७

# जलविद्युतमा खुलेको ढोका



**पद्म ज्योति**
**पूर्वअध्यक्ष, नेपाल उद्योग**
**वाणिज्य महासङ्घ**

## निजीक्षेत्रको भूमिकाप्रति सरकार नै द्विविधामा

नेपालको जलविद्युत् विकास कछुवा गतिमा हिँडिरहेको छ । जलविद्युत्को बजार, यसको आवश्यकता, महŒव र यसमा गर्न सक्ने सम्भावनाहरू निकै उच्च छ । विद्युत्को माग यति छ कि जति उत्पादन गरे पनि तुरुन्त बजारमा खपत हुने अवस्था छ । मूल्यमा राजनीतीकरण गरे पनि त्यसले खास फरक पर्दैन, किनभने बिजुलीको विकल्पका रूपमा निकै खर्चिलो डिजेल प्लाण्ट प्रयोग गर्न बाध्य भइरहेको अवस्था छ । जेनेरेटरबाट उद्योग चलाउँदा उत्पादन लागत एकदम उच्च पर्न गएको छ । त्यसले चरम अप्ठ्यारो उद्योग चलाउनु वा समग्र जनताको दैनिकी चलाउनु निकै कष्टकर स्थिति हो । तर, यति हुँदाहुँदै पनि जलविद्युत्को विकास हुन नसक्नु मुलुककै आर्थिक विकासको असफलताको द्योतक हो भन्ने लाग्छ । हाम्रा धेरै उद्योगले कच्चा पदार्थको अभाव खेप्नु परिरहेको छ । कच्चा पदार्थकै लागि आयातमा भर पर्नुपर्ने अवस्था छ । बल्लतल्ल बाहिरबाट कच्चा पदार्थ ल्याएर चलाएको उद्योगले उपयुक्त बजार नपाउने अर्को समस्या खेप्नु परिरहेको छ । तर, जलविद्युत् उद्योगका लागि बाहिर कुनै कुरामा भर पर्नु पर्दैन, स्रोत हामीसँगै छ, बजार पनि छ । यति हुँदाहुँदै पनि बिजुली उत्पादन गर्न नसक्नु राज्यकै लागि लाजमर्दो विषय हो ।

जलविद्युत््को विकासलाई अघि बढाउने प्रमुख जिम्मेवारी नेपाल विद्युत् प्राधिकरणको हो । प्राधिकरणले केही राम्रो काम पनि गरिरहेको छ तर अहिलेको चरम विद्युत् सङ्कटको कारण

प्राधिकरणको एकाधिकारवादी प्रणाली हो । हुन त विद्युत् विकास नहुनुमा विभिन्न कारण छन् । राजनीतिक हस्तक्षेपले काम गर्न नपाउनु, कानूनी व्यवधान वा अन्य समस्या पनि छन् । प्राधिकरण बाहिरको राजनीतिक खिचातानी पनि अर्को कारण मान्न सकिन्छ । तर, कुनै पनि संस्था सबै खाले चुनौतीका बीच नै काम गर्न खडा भएको हुन्छ । त्यसकारण यी सबै चुनौतीसँग सामना गरेर पनि प्राधिकरणले जुन गति दिनुपर्थ्यो त्यो हुन सकेन । प्राधिकरणलाई सरकारले काम गर्ने वातावरण नदिएको पक्कै हो । करीब २ दशक अघिसम्म जलविद्युत्, बाटोघाटोलगायत पूर्वाधार विकासको काम गर्ने दायित्व सरकारको मात्र हो भन्ने बुझाइ थियो । अहिले भने पूर्वाधार विकासमा निजीक्षेत्रलाई ल्याउने पर्ने अवधारणा आएको छ । खासगरी जलविद्युत् विकासमा निजीक्षेत्रको आकर्षण धेरै नै बढ्यो । तर, निजीक्षेत्रले कुनै पनि उद्योग–व्यवसायमा आउनुअघि लगानी गर्ने वातावरण हेर्छ । एउटा लगानीकर्ताले आफ्नो लगानी सुरक्षाको अवस्था र बजारलाई पहिलो प्राथमिकतामा राख्छ । त्यसपछि प्रतिफल खोज्छ । राज्यले यसको सुनिश्चितता गर्नुपर्छ । तर, मलाई लाग्छ अहिले पनि सरकार तथा प्राधिकरण निजीक्षेत्रको आवश्यकताका विषयमा द्विविधामा नै छ । सबै सरकारले नै गर्ने हो, निजीक्षेत्र आएर विकृति मात्रै ल्याउँछ, मुनाफाका पछि मात्र लाग्छ भन्ने सोचाइ सरकारको हो भने निजीक्षेत्रले पनि यसमा टाउको दुखाउँदैन । हामी आफ्नो लगानी अरू क्षेत्रमै बढाउँछौं । यही द्विविधाले पनि धेरै समस्या निम्त्याएजस्तो हामीलाई लाग्छ ।

अहिले पनि नीतिनिर्माता, सरकार, यसका अधिकारीहरू तथा प्राधिकरणसँग जलविद्युत् विकासको स्पष्ट दृष्टिकोण छैन । त्यसैले लामो अवधिदेखि कैयौं आयोजनालाई अघि बढाउन छाडेर एकार्कालाई दोषारोपण गर्ने गरिएको हो । विद्युत् विकासमा हामी के चाहन्छौं ? सरकारको के भूमिका हो ? निजीक्षेत्रलाई सामेल गर्ने हो कि होइन ? गर्ने हो भने के भूमिका दिने हो ? भन्ने कुरा सुस्पष्ट हुनु नै अहिलेको टड्कारो आवश्यकता हो । अर्को कुरा, नेपालको जलस्रोतका विविध आयाम छन् । सिँचाइका ठूल्ठूला आयोजना विकास गर्नु पनि कृषिप्रधान देशका लागि उत्तिकै आवश्यक छ । त्यस्तै, साहसिक पर्यटनका लागि पनि पानीको महत्व छ । बिजुली मात्र नभई जलस्रोतका बहुआयामिक उपयोग हुन सकिरहेको छ कि छैन ? धेरै ठाउँमा विद्युत् आयोजनाहरू पनि राम्ररी विचार पुर्‍याएर विकास गरिएको छ कि छैन ? भन्ने कुरालाई गम्भीरतापूर्वक हेरिनुपर्छ । वास्तवमा हामीकहाँ विज्ञहरूको कमी छैन । तर, यी सबै कुरा नीति तथा कार्यान्वयनमा प्रतिबिम्बित हुने संयन्त्र नै बन्न सकिरहेको छैन । यो नै अहिलेको सबभन्दा चिन्ताको विषय हो । त्यसकारण सर्वप्रथम आधारभूत काम पूरा गरौं । निजीक्षेत्रको करलगायत अन्य कुरा तपसीलका हुन् । त्यसकारण सबै क्षेत्रको भूमिका र दृष्टिकोण स्पष्ट नभएसम्म जलविद्युत् विकासमा सफलता प्राप्त गर्न सकिँदैन । यही कुरा विदेशी लगानीमा पनि लागू हुन्छ । लगानी ल्याउन चाहन्छौं कि चाहँदैनौं ? लगानीकर्तालाई स्वागत गर्ने कि सम्झौतामा सही गरिसकेपछि विभिन्न चाहिँदा/नचाहिँदा मुद्दाहरू झिकेर दुःख दिएर भगाउने ? सम्झौता गर्दा नै किन राम्ररी ध्यान दिन सकिरहेका छैनौं ? यो पनि सवाल छ ।

वास्तवमा जलविद्युत् मात्र होइन, सबै क्षेत्र सरकारी अन्योलको शिकार भएको छ । सबैको ध्यान राजनीतिमा छ, राजनीतिक वातावरण ठिक भयो भने सबै क्षेत्रले गति लिन्छ ।

हामीकहाँ अन्तरसरकारी समन्वयको अभाव छ । यसले गर्दा कुनै पनि काम समयमा हुँदैन । प्रशासनिक ढिलासुस्तीको शिकार सामान्य जनतादेखि उद्योगी–व्यवसायी सबै हुनु परेको छ । कुनै उद्योग सञ्चालनको अनुमति लिन महीनौं/वर्षौंसम्म पनि अल्झिनु परेका उदाहरण छन् । त्यसले गर्दा लगानीकर्ता काम शुरू हुनुपूर्व नै निरुत्साहित हुन्छन् । हामी सबै अहिले राजनीतिक स्थिरतातर्फ ध्यान दिइरहेका छौं । अहिले अन्तरिम कालमा समस्या भए पनि राजनीति ठीक भएपछि सबै ठीक हुन्छ भनेर पर्खिंदापर्खिंदै दशक बितिसक्यो । प्रशासनिक निकायमा पनि राजनीतिक प्रभाव र दबाब परेको देखिन्छ । तर, अझै पनि देशमा राजनीतिक गतिरोध अन्त्य भएको छैन । यसले आर्थिक विकासमा गम्भीर असर पारेको छ ।

जलविद्युत् आयोजना प्रभावित क्षेत्रका बासिन्दाले पनि आयोजनामा अप्ठ्याराहरू सृजना गर्ने गरेका छन् । तर, यसमा आयोजना विकास गर्ने कम्पनी र स्थानीय बासिन्दाको दोहोरो समन्वयको भूमिका हुनु जरुरी छ । आयोजना विकास गर्दा स्थानीय समुदायमा पक्कै पनि असर पर्छ, कतिपय विस्थापित हुनुपर्ने अवस्था पनि आउँछ । राष्ट्र निर्माणका क्रममा यस्तो अवस्था संसारभरि हुन्छ । तर, त्यो समुदायलाई क्षतिपूर्ति दिएर, पुनःस्थापना गरेर विकासको कामलाई गति दिनुपर्छ । समुदायस्तरमा पनि राजनीतिक चलखेल हुने, दलीय स्वार्थसहित आयोजनालाई बाधा पुर्‍याउने काम हुने गरेका छन् । २/४ मेगावाट क्षमताको आयोजनाले निश्चयै पनि प्रभावित क्षेत्रका सबैलाई रोजगारी दिने, बाटोघाटो, स्कूल, चौतारी सबै बनाइदिने माग पूरा गर्न सक्दैन । त्यसैले यस्ता आयोजनामा अवरोध नपुर्‍याई विकास कार्यलाई सहयोग गर्नुपर्छ । एउटा दलको सरकार हुँदा गरेको नीति निर्णयलाई अर्को दलको सरकारले कार्यान्वयन नै गर्नु नहुने भन्ने धारणा राखेको पाइन्छ, जसमा परिवर्तन आउनुपर्छ । राम्रा र सकारात्मक कार्यका लागि दलीय स्वार्थबाट माथि उठ्नु जरुरी छ ।

यति हुँदाहुँदै पनि हालै जलविद्युत् विकासका लागि केही सकारात्मक कदम चालिएका छन् । भारतसँग विद्युत् व्यापार सम्झौता भएको छ । नेतृत्वमा बसेकाहरूमा सकारात्मक सोच आउन सके भोलिका दिनमा हामी प्रशस्त विद्युत् उत्पादन गर्न सक्छौं । त्यसले आम नेपालीको जीवनस्तर माथि उठाउनेछ भने देश आर्थिक उन्नतिको शिखरमा चढ्नेछ ।



**केशवध्वज अधिकारी**
**सहसचिव**
**ऊर्जा मन्त्रालय**

## नयाँ विद्युत् नीतिले समेट्नुपर्ने पक्ष

शुरूका दिनमा संसारभर ऊर्जाक्षेत्रमा राज्यको एकाधिकार थियो । नेपालमै पनि शुरूका दिनमा विदेशीको अनुदान सहयोगमा सरकारीस्तरबाट मात्र जलविद्युत् आयोजना बनेका हुन् । प्रजातन्त्रको पुनःस्थापनापछि आर्थिक उदारीकरणको अवधारणा आयो र विद्युत् उत्पादना निजीक्षेत्रको लगानीको ढोका खुल्यो । त्यसपछि मात्र विद्युत् उत्पादनलाई उद्योगको मान्यता दिँदै लगानी नीति ल्याइयो । नीतिले लाइसेन्स प्रणालीको व्यवस्था गर्‍यो । सरकारले पहिलो जलविद्युत् विकास नीति २०४९ ल्यायो । त्यो नीतिअन्तर्गत सरकारले विद्युत् ऐन २०४९ र विद्युत् नियमावली २०५० ल्यायो । अहिलेको हाम्रो विद्युत्सम्बन्धी कानूनी व्यवस्था यसैअनुसार चलिरहेको छ । सरकारले २०५८ सालमा अर्को जलविद्युत् विकास नीति त ल्यायो । तर, त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न ऐननियम बन्न सकेको छैन । यससम्बन्धी प्रस्ताव संसद्बाट पारित हुन सकेको छैन । अहिले फेरि नयाँ ऐनका रूपमा केकस्ता व्यवस्था हुनुपर्छ भन्नेबारे छलफल भइरहेको छ ।

विद्यमान ऐनले केकस्ता काम ग¥यो ? भन्ने विश्लेषण गर्दा दुई/चारओटा कुरा देखिन्छ । निजीक्षेत्रलाई संलग्न गराउने, लाइसेन्स वितरण गर्ने, लाइसेन्स प्राप्त व्यक्ति वा संस्थाले आयोजनाको सर्वेक्षण गर्ने, आयोजना डिजाइन गर्ने, त्यसपछि उत्पादन अनुमतिका लागि सरकारले लाइसेन्स दिने, लाइसेन्स पाइसकेपछि बढीमा ५० वर्षसम्म लगानीकर्ताले बिजुली निकाल्ने र प्राधिकरण/क्रेता संस्थालाई बिजुली बेच्ने, लगानीकर्ताले आफ्नो लगानी उठाएर नाफा कमाइसकेपछि निश्चित अवधिपछि आयोजना सरकारलाई हस्तान्तरण गर्ने आदि व्यवस्था ऐनले गर्‍यो । अहिले लाइसेन्सिङ प्रक्रियामा समस्या देखियो । पहिलो, यसले हाम्रो विद्युत् आवश्यकतालाई गरेन । दोस्रो, ठूला आयोजना बनाउने जिम्मा पाएका विद्युत् प्राधिकरण वा सरकारी संस्थाहरू ‘अब विद्युत् विकासको जिम्मा निजीक्षेत्रको काँधमा पुग्यो’

भनेर पछाडि हटे । बजारमा माग भएपछि निजीक्षेत्रले आयोजना बनाइहाल्छ भन्ने भयो । विभिन्न कारणले गर्दा निजीक्षेत्र पनि जोडदार किसिमले विद्युत् उत्पादनमा आउन सकेनन् । त्यसकारणले मागअनुसार विद्युत्को आपूर्ति हुन सकेको छैन । यसका अन्य विविध कारण छन् । बिस्कुट चाउचाउ उद्योगजस्तै माग भएपछि विद्युतमा निजीक्षेत्रले लगानी गरिहाल्छ भनेर हेरियो । उत्पादन भइहाल्छ र नाफा कमाउँछन् । यसको मूल्य निर्धारण पनि कुनै निश्चित आधारमा प्रतिस्पर्धाका आधारअनुसार गरिएला, कुनै नियामक निकायले गर्ला भन्ने पूर्वानुमान गरियो, जुन गलत साबित भयो । जहाँ जति बेला पनि स्थापना गर्न सकिने डिजेल, थर्मल प्लाण्ट जस्तो वा चाउचाउ उद्योगजस्तो गरी विद्युत् आयोजना निर्माण गर्न सकिन्न । नेपालमा जलविद्युत्को मात्र सम्भावना छ । त्यसका लागि खोला, नदीको पनि विशेष क्षेत्रमा मात्रै बिजुली निकाल्न सकिन्छ । फेरि पानीको उपयोग बिजुली निकाल्नेबाहेक अन्य धेरै कुरामा हुन्छ, त्यसका धेरै आयाम छन् । त्यसले पूर्वानुमान गरिएजस्तो गरी 'मार्केट ड्रिभन' उद्योगका रूपमा जलविद्युत् फस्टाएन ।

सरकारी क्षेत्रमा यससम्बन्धमा निकै समस्या छन् । विद्युत् आयोजनाका लागि यति धेरै लाइसेन्स फाइल दर्ता भएका छन्, जसका कारण विद्युत् विकास विभाग र मन्त्रालयले खास रचनात्मक काम गर्न पाइरहेका छैनन् । विद्युत्को आगामी विकासको बाटो कसरी तय गर्ने ? भन्ने सोच्ने फुर्सदै छैन । लाइसेन्स माग्न आएका यी सबैले बिजुली निकाल्दैनन् भन्ने थाहा पनि छ । तर, दर्ता गर्नैपर्ने कानूनी बाध्यता छ । यसले सरकारी निकायको समय खर्च भएको छ भने अर्कातिर निजीक्षेत्र पनि आक्रान्त छ । निजीक्षेत्रले पनि पूरापूर अनिश्चिततामा काम गर्नु परिरहेको छ । बढीमा ५ वर्षसम्मको सर्वेक्षण लाइसेन्स दिइन्छ । लाइसेन्स लिएर पनि त्यो आयोजना उनीहरूसँगै हुन्छ कि हुँदैन, कुनै टुङ्गो हुँदैन । आयोजना एकदमै प्रभावकारी रूपमा अघि बढेमा, त्यसभन्दा अगाडि काम गर्न पाइने भन्ने खालका व्यवस्था त छ । तर, त्यसलाई एकदमै प्रभावकारी बनाउन आवश्यक छ । त्यत्रो ठूलो आयोजनाका लागि आफैले पैसा लगानी गरेर साध्य हुँदैन । वित्तीय व्यवस्थापनका लागि बैङ्क तयार हुनुपर्छ । उत्पादन गरेपछि बिजुली किन्ने निकायले किनिदिनुपर्छ । बिजुली बेच्न प्रसारण लाइन हुनुपर्छ । यस्ता अनेक जटिलता छन् । त्यसकारण कसैले पैसा खर्च गर्दैमा त्यो आयोजना विकास भइहाल्छ भन्ने छैन । त्यसकारण अहिलेको लाइसेन्स ऐनले कुनै क्षेत्रलाई पनि सहज फाइदा पुगेको देखिएन । यसमा नीतिगत समस्या देखिएको छ ।

अहिले जति पनि आयोजनाहरू जति छन् तिनको गुरुयोजना २२ देखि ३८ वर्ष पुराना छन् । तिनलाई नयाँ बजार अनुसार स्तरोन्नति गर्नुपर्छ । केही हदसम्म सरकारले नै आयोजनाहरूको अध्ययन गर्ने, त्यसबाट कुन आयोजना सरकारले बनाउनु पर्ने देखिन्छ त्यसमा सरकार आफै अघि सर्नुपर्छ । उदाहरणका लागि ठूलो जलाशययुक्त आयोजना बनाउन निजीक्षेत्रले जोखीम लिन सक्दैन । त्यसका लागि हजारौं मान्छेलाई विस्थापन गर्नुपर्ने हुन्छ । तुलनात्मक रूपमा कम जोखीम हुने आयोजना निजीक्षेत्रलाई बनाउन दिनुपर्छ । कतिपय आयोजनाचाहिँ सार्वजनिक निजी साझेदारी मोडलअनुसार सरकार र

निजीक्षेत्रको सहकार्यमा गर्नुपर्ने पनि हुन्छ । त्यसो हुँदा सरकारले नै प्राथमिकताका आधारमा आयोजना विकासको अधिकार इच्छुक पक्षलाई खुला प्रतिस्पर्धाका माध्यमबाट दिने भनेर संशोधन गरियो । जलविद्युत्को समस्या र समाधान दुवै लाइसेन्स नै हो भन्ने बुझाइ पाइन्छ । ठीक मान्छेको हातमा लाइसेन्स पर्‍यो भने बिजुली निस्किहाल्छ भन्ने पूर्वानुमान पनि पूर्णतया सत्य होइन । हामीकहाँ जस्तो नक्सामा हेरेर मलाई यहाँनेर काम गर्न लाइसेन्स दिनु भनेर माग गर्दैमा लाइसेन्स पाउने अतिउदारवादी नीति संसारमा कहीँ छैन । प्रसारण लाइन होस् नहोस्, लाइसेन्स दिएपछि बिजुली उत्पादन गर्ने जिम्मेवारी सोही कम्पनीको हो भनेर सरकार गैरजिम्मेवार बन्नु हुँदैन । त्यसकारण लाइसेन्स नीतिमा सुधार जरुरी छ । अर्को, विद्युत्सँग सम्बन्धी एजेन्सीहरूको संस्थागत पुनःसंरचना गर्नु जरुरी छ । विद्युत् प्राधिकरणलाई उत्पादन, प्रसारण र वितरण पनि गर्ने दायित्व दिनु हुँदैन भनेर त्यसको दायित्वलाई खण्डीकरण गर्ने भन्ने सोच अनुसार काम अघि बढेको छ । त्यसअनुसार ट्रान्समिशन ग्रीड कम्पनी दर्ताका चरणमा छ । सरकारी उत्पादन कम्पनी स्थापना गरेर सरकारी स्वामित्वका कामहरू सबै यसबाट गर्ने सोच पनि हुँदै छ । विद्युत् प्राधिकरणलाई चाहिँ विद्युत् वितरणको जिम्मेवारी मात्र दिने भन्ने योजनाअनुसार नयाँ ऐन ल्याउने तयारी भइरहेको छ ।

नियामक निकायमा पनि समस्या छ । एउटै बजारमा चाउचाउमा जस्तो प्रतिस्पर्धा गर्न सकिँदैन । एउटा क्षेत्रमा एउटाले भन्दा बढी बिजुली दिन त सक्दैन । त्यसो हुँदा त्यहाँ चाहेर/नचाहेर एउटा कम्पनीको एकाधिकार हुन्छ नै । त्यसकारण त्यहाँ नियमन निकाय चाहिन्छ । अतः विद्युत् नियमन आयोग गठन गर्न ऐन बन्दै छ ।

प्राधिकरणले मात्रै बिजुली किन्नुपर्ने बाध्यता हुँदा त्यसले नकिनिदिएको खण्डमा उत्पादन भएको विद्युत् विक्री गर्ने ठाउँ नै छैन । त्यसैले विद्युत् व्यापार कम्पनी स्थापना गर्ने सोच भएको छ । आवश्यकताअनुसार आयात निर्यात दुवै गर्न सक्ने त्यस्तो निकायको खाँचो छ । व्यापारिक तथा व्यावसायिक दुवै कार्य गर्ने गरी कम्पनी ल्याउने सोच छ ।

अन्तरसरकारी निकायमा समस्या छ । हुन त भारतलगायत अन्य मुलुकमा पनि वातावरणीय स्वीकृति लिन वर्षौं समय लाग्छ तर त्यहाँ निश्चित प्रक्रिया पुर्‍याएपछि स्वीकृत हुन्छ भन्ने अनुमान भने गर्न सकिन्छ । तर, हामी कहाँ व्यावहारिक रूपमा अलिक बढी समस्या हुने गरेको छ । तर, समन्वय नै नभएको भनेर अरूलाई दोषारोपण गरिहाल्नु पर्ने अवस्था पनि होइन । हामीकहाँ एकद्वार प्रणाली छ । तर पनि समन्वयको अभाव भने छ ।

श्रोतः कारोवार, २०७१/१२/७

# बुढीगण्डकी आयोजनाले कसैलाई विचल्ली पार्दैन : मन्त्री ज्ञावाली

राजेन्द्र बस्नेत

आरुघाट, ७ चैत । जलाशययुक्त बुढीगण्डकी जलविद्युत आयोजना राष्ट्रिय गौरवको आयोजना भएकाले डुवान र प्रभावित क्षेत्रका परिवारहरु कसैलाई विचल्ली नपारिने उर्जा मन्त्री राधा ज्ञावालीले बताएकी छिन् । बुढीगण्डकी जलविद्युत विकास समितिले आयोजनामा गरेको अन्तरक्रियामा स्थानीय सरोकारवालालाई सम्वोधन गर्दै मन्त्री ज्ञावालीले डुवान र प्रभावित क्षेत्रका मानिसहरुको उचित माग सम्वोधन गर्न उर्जा मन्त्रालय र सरकार गम्भिर रहेको बताइन् ।

आयोजना सन् २०१६ बाट निमार्ण कार्य सुरु गरिने भएकाले जग्गा अधिग्रहण गर्न घर, गोठ, खेतवारी र पारिवारिक लगत लिने काम तत्काल सुरु गरिने उने बताइन् ।

राष्ट्रिय गौरवको आयोजना भएकाले सवै सरोकारवालामा इच्छाशक्ती, संकल्प र प्रतिवद्धता खाँचो रहेको उनको भनाई छ । आयोजना विश्व पर्यटकीय केन्द्र तथा पर्यटकीय राजधानी हुने भएकाले बुढीगण्डकी चक्रपथ निमार्ण गर्ने अध्ययन गर्ने तयारी अनितम चरणमा पुगेको छ । डुवान र प्रभावित क्षेत्रका बासिन्दालाई चक्रपथ निमार्ण गरेर राख्न सकिने मन्त्री ज्ञवालीको भनाई छ । आयोजना निमार्ण हुनेमा पूर्ण विश्वस्त हुन स्थानीयलाई आग्रह गर्दौै बाहिर हल्ला भए जस्तो उर्जा मन्त्री र उर्जा सचिवमा विवाद नभएको उनले स्पष्ट पारिन् ।

नेपाली कांग्रेसका प्रमुख सचेतक चीनकाजी श्रेष्ठले आयोजना निमार्णको पक्षमा, डुवान र प्रभावित क्षेत्रका वासिन्दाको उचित व्यवस्थापन गर्न गराउन सशक्त भूमिका खेल्ने बताए । पूर्व स्थानीय विकास मन्त्री एवं सभासाद राजेन्द्र प्रसाद पाण्डेले डुवान तथा प्रभावित क्षेत्रका जनता र नेपाली सवै जनताले राष्ट्रिय गौरवको जलाशययुक्त बुढीगण्डकी जलविद्युत आयोजनाको शेयर खरिद गर्ने व्यवस्था मिलाउनु पर्ने बताए । आयोजना जनताको लागि भएकाले लगानी हुदा निमार्ण कार्यमा अवरोध र पूजीँ अभाव समेत नहुने भएकाले अन्तराष्ट्रिय प्रविधि, स्वदेशी लगानी र स्थानीयको सहयोगमा आयोजना सम्पन्न गर्न गर्नु पर्ने बताए ।

व्यापार व्यावसायमा उधारो गएको पैसा पाउनु पर्ने र डुवान तथा प्रभावित क्षेत्रका वासिन्दालाई रातो पासपोर्ट दिनु पर्ने सहितका माग राख्दै बुढीगण्डकी जलविद्युत आयोजना सरोकार समिति विशालनगरका अध्यक्ष दिनेश ढकालले माग पत्र बुझाएका छन् । बुढीगण्डकी जलविद्युत आयोजनाको क्षमता १ हजार २ सय मेगावाट हुने र वार्षिक उर्जा उत्पादन ३ सय ३८ करोड यूनिट हुने, ड्यामको उचाइ २

सय ६३ मीटर डबल आर्च ग्रयाभिटी, समुन्द्री सतहबाट ५ सय ४० मीटर उचाईसम्म पानी सतह रहने र विच्छि आकारमा ६३ वर्ग किलो मिटरको ताल हुने छ भने निमार्ण सम्पन्न गर्न २ सय ५० अर्व लगानी हुने बताइएको छ ।

श्रोतः राजधानि दैनिक, २०७१/१२/७

## ‘पश्चिम सेती जलविद्युत् आयोजना छिटो गर’

**मिलन परियार/डोटी**

सन् १९९४ देखि चर्चामा रहेको पश्चिम सेती जल विद्युत् आयोजना छिटो लागू गर्न स्थानीय बासिन्दाले माग गरेका छन् । पश्चिम सेतीको डुवान क्षेत्रमा पर्ने डोटीको तलारा, डडेल्धुराको बेलापुर, बैतडीको ढुंगाड र बझाङ देउराका बासिन्दाले पश्चिम सेतीको चर्चाले आफूहरूको भविष्यमाथि खेलवाड भएको भन्दै आयोजना छिटो लागू हुनुपर्ने या त आफ्नो क्षेत्रको विकास निर्माण हुनुपर्ने माग गरेका छन् ।

मुलुककै सबैभन्दा ठूलो ७ सय ५० मेघावाट विद्युत् उत्पादन गर्ने क्षमता भएको पश्चिम सेती छिटो लागू नभए आफूहरू संघर्षमा उत्रिने स्थानीय बासिन्दाले चेतावनी दिएका छन् । डोटी, डडेल्धुरा, बैतडी र बझाङका परियोजना प्रभावित क्षेत्रका बासिन्दाले गत साता सदरमुकाम सिलगढीमा एक अपिल सार्वजनिक गरी संघर्षमा उत्रिने चेतावनी दिएका हुन् । पश्चिम सेती आयोजनाबाट डोटी, बझाङ, बैतडी र डडेल्धुराका १८ ओटा गाविसका ४० ओटा ठाउँ प्रभाावित हुनेछन् भने सो क्षेत्रका करिब १५ हजारभन्दा बढी मानिस प्रत्यक्ष प्रभावित हुनेछन् ।

सन् २०१९ मा निर्माण पूरा गरिसक्ने गरी नेपाल सरकार र चिनियाँ कम्पनी थ्री गर्जेजबीच सहमतिमा हस्ताक्षर भएपछि संसद्को प्राकृतिक स्रोतसाधन समितिले अनियमितता भएको आशंकामा पश्चिम सेती लागू नगर्न निर्देशन दिएपछि विवादमा परेको हो । चीनको थ्री गर्जेज कम्पनीसँग भएको सहमतिअनुसार पश्चिम सेती लागू गर्नुपर्ने भन्दै लामिखाल–३ पोथ्यानका कृष्ण लुहारको अगुवाइमा ५ सय स्थानीय बासिन्दाको हस्ताक्षर संकलन गरी जिल्ला प्रशासन कार्यालय डोटीका प्रमुख जिल्ला अधिकारीलाई बुझाएका छन् ।

पश्चिम सेतीको चर्चा चलेदेखि आफ्नो ठाउँमा विकास निर्माणका काम ठप्प भएको भन्दै पश्चिम सेती बन्ने÷नबन्नेबारे छिटो टुंगो लगाउन स्थानीय बासिन्दाले यसअघि जिल्ला प्रशासन कार्यालयमा तीनपटक ज्ञापन पत्र बुझाएका थिए । बैतडीको ढुंगाडनजिकको गुयलीमा जमिनको सतहबाट १ सय ९५ मिटर उचाइको बाँध निर्माण गरी जलाशययुक्त आयोजना निर्माण गर्ने र भूमिगत सुरुङमार्फत पानी निकाली डोटीको बारपाटा गाविसको रातापहडमा झारी २ सय ५० मेघावाट क्षमताका तीन टर्वाइनमार्फत ७ सय ५० मेघावाट विद्युत् उत्पादन गर्ने अस्टे«लियन कम्पनी स्मेकले लक्ष्य राखेको थियो । स्मेकले आयोजनामा लाग्ने रकम जुटाउन नसक्दा पश्चिम सेती ओझेलमा परेको थियो ।

पश्चिम सेती नबन्ने भएपछि निरास बनेका यहाँका बासिन्दा चीनको थ्री गर्जेज कम्पनीले पश्चिम सेती निर्माण गर्न जलस्रोत मन्त्रालयसँग सहमतिमा हस्ताक्षर गरेपछि खुसी भएका छन् । बैतडी र डोटीको सीमा क्षेत्रअन्तर्गत ढुंगाड तलारामा विदेशी लगानीमा निर्माण हुने भनिएको मुलुककै सबैभन्दा ठूलो पश्चिम सेती जल विद्युत् आयोजना सुरु नहुँदा स्थानीय १७ वर्षदेखि अन्य विकास योजनाबाट वञ्चित हुँदै आएका छन् । पश्चिम सेतीको चर्चा चलेदेखि आयोजना प्रभावित क्षेत्रका बासिन्दा शिक्षा, स्वास्थ्य खानेपानी र सिँचाइ कुलोजस्ता महŒवपूर्ण विकास योजनाबाट वञ्चित भएका हुन् ।

पश्चिम सेतीको चर्चा चलेपछि यो क्षेत्रको विकास बजेट रोकिँदा विकास ठप्प भएको डोटी लामीखाल–७ तलाराका गणेश नेपालीले बताए । 'पश्चिम सेती सुरु हुने भनेको यतिका वर्ष बितिसक्यो न त आयोजना सुरु भएको छ, न त सरकारले शिक्षा, स्वास्थ्य र पूर्वाधारलगायत क्षेत्रमा बजेट छुट्याएको छ,' नेपालीले भने । सेतीकिनारमा रहेको तलारा, बेलापुर, ढुंगाड र देउरा बस्तीका लागि सरकारले १७ वर्षदेखि विकास बजेट नछुट्याएको उनीहरूले बताए । 'हाम्रो गाउँमा कुनै ठूला योजना आउँदैनन्, न त गैरसरकारी संस्थाको कार्यक्रम नै आउँछ,' गिरिचौका–३ बबिनाका भीमबहादुर बोहराले भने, 'यो त विस्थापित हुने बस्ती हो, त्यहाँ विकासका लागि रकम खर्च गरे खेर जान्छ भनेर ग्रामीण जलस्रोत व्यवस्थापन कार्यक्रमले सर्भे गरेर पनि पानीको धारा बनाएन ।' बोहराका अनुसार गाविसले पनि विस्थापित हुने बस्ती भन्दै परिषद्बाट बजेट नछुट्याएका कारण आफ्नो गाउँको विकास भएको छैन ।

बैतडीको ढुंगाड र डोटीको तलारा क्षेत्र पश्चिम सेती जलविद्युत् आयोजनाको मुख्य जलाशय क्षेत्रमा पर्ने भएकाले २ सय हेक्टर क्षेत्रफल समथर खेतीयोग्य जमिन रहेको तलाराका लागि निर्माण हुने भनिएको १ करोड बराबरको ठूलो नहर योजनासमेत फिर्ता गएको स्थानीय गणेश ओडले बताए । डडेल्धुराको बेलापुर र डोटीको लामीखाल गाविसको रातामाटी भन्ने स्थानमा बाँध बनाएपछि ढुंगाड र तलारा क्षेत्रका झन्डै ५ सय परिवार विस्थापित हुनेछन् ।

सेतीकिनारमा रहेको ढुंगाड र तलारा क्षेत्र हरेक वर्ष बाढीको चपेटामा पर्ने गर्छ । गत भदौ पहिलो साता परेको अविरल वर्षाका कारण तलारा र ढुंगाडको करिब ८० बिघा धान लगाएको जमिन बगाएको छ । बर्सेनि सेतीले खेतीयोग्य जमिन बगाउँदै गए पनि आयोजना बनेपछि डुब्ने ठाउँ हो भनेर जल उत्पन्न तथा प्रकोप व्यवस्थापन कार्यालय दिपायलले यस क्षेत्रका लागि तटबन्धको काम नगरेको स्थानीयको भनाइ छ ।

डोटी, डडेल्धुरा, बैतडी र बझाङको सिमानामा रहेको यो क्षेत्रमा एउटा पनि उच्चमावि र स्वाथ्यचौकी छैनन् । 'सरकारले पश्चिम सेतीका कारण यो क्षेत्रका लागि न त शिक्षा र स्वास्थ्यमै लगानी गरेको छ, न त विकास निर्माणमा,' ओडले भने । सो क्षेत्रका बासिन्दाले पश्चिम सेतीले गर्दा आफ्नो ठाउँलाई सरकार र गैरसरकारी संस्थाले उपेक्षा गरेको छ ।

श्रोतः राजधानि दैनिक, २०७१/१२/७

# माथिल्लो तामाकोसी अवरोधको सर्वत्र विरोध

**आयोजनास्थल लामाबगरवासीबाट तत्काल आयोजना सञ्चालन गराउन माग**

**दीपशंकर चौलागाईं/दोलखा**

माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको काम सातौं दिनसम्म पनि बन्द भएपछि अति प्रभावित क्षेत्र लामाबगरका नागरिकले तत्काल काम सञ्चालन गर्न माग गर्दै काम सञ्चालन नभएमा कडा संघर्ष गर्ने चेतावनी दिएका छन् । स्थानीयले बिहीबार एक विज्ञप्ति जारी गरी मजदुरको माग सम्बोधन भए पनि नभए पनि काम रोक्न नहुने बताएका छन् । उनीहरूले सेयर विवादका कारण मजदुर र स्थानीय आन्दोलनरत पक्ष सिँगटीवासीलाई हडताल बन्द नगर्न आग्रह गरे ।

आयोजना गम्भीर संकटतर्फ धकेलिरहेको तर्फ चिन्तित हुँदै उनीहरूले आन्दोलनरत पक्षलाई राष्ट्रिय गौरवको आयोजना लामो समयसम्म बन्द गरी अनिर्णयको बन्दी बनाएको तत्काल रोकी वार्ता र सहमतिमा जान आग्रह गरेका हुन् । विज्ञप्तिमा जिल्लास्थित राजनीतिक दलहरूलाई आयोजनाका काम तत्काल सञ्चालन गरी स्वदेशी लगानीमा बन्न लागेको समग्र नेपालीको गौरवको आयोजनालाई बचाउनसमेत उनीहरूले अपिल गरेका छन् । लामाबगरका पूर्वगाविस अध्यक्ष पेमानुर्बु शेर्पा र रामे तामाङ, स्थानीय राजनीतिक अगुवा मिजार शेर्पा, यादव आचार्य, छयोदर शेर्पालगायत स्थानीय अगुवाहरूको हस्ताक्षर गरी आयोजना व्यवस्थापन र प्रमुख जिल्ला अधिकारीलाई आयोजना सञ्चालन गराउन माग गरेका छन् ।

दोलखाको लामाबगरस्थित स्वदेशी लगानीमा निर्माण भइरहेको राष्ट्रिय गौरवको जलविद्युत् आयोजना तोकिएको मिति र अनुमानित लागतमा सम्पन्न गर्न चुनौती बढिरहेका बेला आन्दोलनले आयोजना थप संकटमा परेको नागरिक समाज दोलखाका अगुवाहरूको ठहर छ । कुल ३५ अर्ब २ करोड लागतमा निर्माण भइरहेको आयोजनाले अबको दुई वर्षमा विद्युत् उत्पादन गर्नेछ ।

सेयरको सवाललाई पछि धकेलेर भए पनि आयोजनाका काम रोक्न नहुने सर्वसाधारणको भनाइ आइरहेको छ । बन्द र हड्तालले मात्र समस्या समाधान नहुने उनीहरूले बताएका छन् । मजदुरहरूले ५ सय कित्ता सेयरको व्यवस्था हुनुपर्ने माग राखेर सात दिनदेखि हडताल जारी राख्न दिनु व्यवस्थापनको कमजोरी भएको उनीहरूको भनाइ छ । नेपाल बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन अध्यक्ष सोनाम दोर्जे शेर्पाले माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने अडान राखेका छन् ।

सिँगटीवासीले प्रभावित क्षेत्रका बासिन्दालाई दोलखा जिल्लाका लागि छुट्याएको सेयरमा थपेर अतिरिक्त सेयर दिनुपर्ने माग राख्दै गरेको आन्दोलन पनि फिर्ता लिन सर्वपक्षीय आग्रह छ । यता, आफूहरूले राखेको माग सम्बोधन नहुने संकेत देखेपछि मजदुर आन्दोलन फिर्ता गर्ने मनस्थितिमा पुगेका बताइएको छ । उनीहरूले ५ सय कित्ता सेयर माग गर्दै आन्दोलन गरिरहेका छन् । 'सिनो हाइड्रोका जनरल म्यानेजर वाङ र मजदुर संघर्ष समितिका सदस्यबीच भएको छलफलपछि यस्तो मनस्थितिमा पुगेका हुन्,' स्थानीय प्रशासनले जनाएको छ ।

छलफलमा सिनो हाइड्रोका म्यानेजर वाङले 'तपाईंहरू मेरा कामदार हो, म तपाईंहरूलाई सेयर दिन पनि सक्दिनँ, आयोजनाले पनि दिन सक्दैन, तत्काल काममा फर्कनु नभए घर जानुहोस्, विकल्प सोच्नुहोस् भनेपछि मजदुरहरू आन्दोलन फिर्ता गर्ने मनस्थितिमा पुगेका बताइएको छ । जिल्ला प्रशासन कार्यालयमा भएको दुई पक्षीय वार्तामा वाङले सो अभिव्यक्ति दिएपछि तामाकोसी आयोजनासँग विकल्पमा सहमति गर्ने भएका छन् ।

'आयोजनाको काम सात दिन रोकिइसकेकाले करोडांै रुपैयाँको घाटा भइसक्यो, म धैरै पर्खन सक्दिनँ, विकल्प सोच्न बाध्य नबनाउनुहोस्,' जनरल म्यानेजरले विशेष स्रोतको उद्धृत गर्दै राजधानीलाई बताए ।

'आयोजना बन्द हुँदा हामीलाई पनि चिन्ता छ, तर विकल्प दिनुपरो, तत्काल काम सञ्चालन गर्छौं,' संयुक्त मजदुर संघर्ष समितिका संयोजक सोनामदोर्जे सेर्पाले भने, 'सेयर नदिए पनि उचित विकल्प दिनुपर्छ,' उनले भने ।

बन्द आयोजना तत्काल खुलाउन ऊर्जामन्त्री राधा ज्ञवालीले प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेलाई टेलिफोनमार्फत निर्देशन दिएका बताइन् । मजदुरहरूको माग स्थानीय स्तरबाट भन्दा पनि केन्द्रीय स्तरबाटै सम्बोधन गर्नुपर्ने जवाफमा प्रजिअ लामिछानेले बताएको विशेष स्रोतले जनाएको छ ।

नेपाली कांग्रेसका सभापति ताराबहादुर कोइरालाले स्थानीयका माग सम्बोधनका लागि कानुनी तथा व्यावहारिक समस्या समाधान गर्न आयोजनाले मागेअनुसारको समय दिएको बताए । उनले जिल्ला समन्वय समिति र आयोजनाका तर्फबाट तत्कालै आयोजना सञ्चालन गराउन पहल गर्ने निर्णय भएको बताए ।

आयोजनाको काम सञ्चालन गराउन दोलखाली नागरिक समाजलगायत विभिन्न संघसंस्थाले समेत माग गरेका छन् । आयोजनाको सेयर माग गर्दै आयोजनाको चिनियाँ ठेकेदार कम्पनी सिनो हाइड्रोमा कार्यरत मजदुरले काम बन्द गरी आन्दोलन गर्दै आइरहेका छन् । उनीहरूका कारण सिभिल, हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकलको कामसमेत अवरुद्ध छ । त्यस्तै, सिँगटीवासीले आयोजनाका गाडी र

ढुवानीका साधन चल्न रोक लगाएका छन् । उनीहरूले प्रसारण लाइनको काममा समेत अवरोध पु¥याएका छन् ।

यता, मजदुरहरूले सेयर माग गर्दै आन्दोलन गरे पनि आयोजनाको कार्यालयमा काम गर्ने मजदुरलाई सेयर लगानीको व्यवस्था गरिएको छ । आयोजनाको प्रवद्र्धक कम्पनी अपर तामाकोसी हाइड्रो पावर कम्पनीको प्रबन्ध पत्रमा व्यवस्था भएबमोजिम विद्युत् प्राधिकरण र कम्पनीमा कार्यरत कर्मचारीलाई व्यवस्था गरेको ३ दशमलव ८४ प्रतिशत सेयरबाट लगानी गराएको आयोजनाले जनाएको छ । प्राधिकरण र कम्पनीका कर्मचारीका लागि ४ लाख ६६ हजार ५ सय ६ कित्ता सेयरको व्यवस्था गरेको छ ।

आयोजनामा कार्यरत सम्पूर्ण मजदुरहरूका लागि कर्मचारीकै हैसियतमा सेयर लगानीको व्यवस्था गरेर सेयर लगानी गरिसकिएको छ । आयोजनाको कम्पनीमा दैनिक ज्यालादारी र करारमा राखेका सबैलाई सेयर लगानीको अवसर मिलाएको आयोजनाका एक अधिकारीले बताए । तर आयोजना निर्माणका लागि सम्झौता गरेको ठेकेदारकोमा काम गर्ने मजदुरको व्यवस्थापन गर्ने जिम्मा सोही कम्पनीको हो ।

चिनियाँ कम्पनी सिनो हाइड्रो र भारतीय कम्पनीमा काम गर्ने मजदुरहरू अहिले सेयरको माग गर्दै आन्दोलन गरिरहेका छन् । विदेशी ठेकेदार कम्पनीबाट नियुक्ति पत्र लिएर काम गर्नेहरूले सेयरको माग गरे पनि स्वदेशी कम्पनीमा काम गर्नेहरूको माग भने उनीहरूले समेटेका छैनन् ।

नेपालको इतिहासमा पहिलो पटक सबै देशवासी र सबै वर्गको सेयर लगानी हुन लागेको पहिलो आयोजना माथिल्लो तामाकोसी जलविद्युत् आयोजना (४५६ मेवा) हो । आयोजनाले नै पहिलोपटक स्थानीयलाई १० प्रतिशत सेयर दिने व्यवस्था गरेको हो । आयोजनामा देशभरका कर्मचारी सञ्चयकर्ता, वित्तीय व्यवस्थापन गर्ने संस्था (कर्मचारी सञ्चयकोष, नेपाल दूरसञ्चार कम्पनी, नागरिक लगानीकोष र राष्ट्रिय बिमा संस्थान) का कर्मचारीहरू, नेपाल विद्युत् प्राधिकरण र प्रवद्र्धक कम्पनीका कर्मचारीहरू र बाँकी देशभरका नागरिकका लागि समेत सेयर लगानीको अवसर दिएको छ ।

श्रोतः अभियान, २०७१/१२/८

## दोलखावासीको शेयर आवेदन सङ्कलन स्थगित

रवीन्द्र गौतम

माथिल्लो तामाकोशी जलविद्युत् आयोजना सञ्चालक समितिले दोलखावासीलाई दिइने १० प्रतिशत शेयरका लागि आवेदन सङ्कलन मिति दोस्रोपटक सारेको छ ।

शेयर सङ्कलनको कार्य चैत १ गते पूर्वनिर्धारित भएकोमा स्थानीय बासिन्दा र मजदूरको आन्दोलनका कारण समितिले पहिलोपटक ८ गतेसम्मका लागि शेयर सङ्कलन मिति सारेको थियो । तर, समितिले शनिवार फेरि अर्को विज्ञप्ति जारी गरी दोलखावासीका लागि छुट्ट्याइएको शेयर सङ्कलन कार्य दोस्रोपटक अनिश्चितकालका लागि सारेको छ ।

'जिल्लास्तरीय समन्वय समितिको फागुन ११ गतेको निर्णय विधिसम्मत ढङ्गले कार्यान्वयन गर्न धितोपत्र बोर्डको स्वीकृति आवश्यक भएको र बोर्डबाट प्राप्त हुने निर्देशन/सहमति/स्वीकृतिबमोजिम थप प्रक्रिया अघि बढाउनु पर्ने भएकाले जिल्लावासीका लागि छुट्ट्याइएको शेयर सुनिश्चित गरी छुट्टै विवरणपत्र प्रकाशित गर्नेगरी हाललाई सो समूहको शेयर निष्कासन कार्य स्थगन गर्ने निर्णय गरिएको' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सञ्चालक समितिबाट श्रम कानूनसम्बन्धी विशेषज्ञसहित सम्बद्ध श्रमिकका प्रतिनिधिहरूको सहभागितामा वार्ता गर्ने निर्णय भएकाले हाल जारी हडताल तत्काल स्थगन गरी वार्तामा सहभागी हुन पनि कम्पनीले सम्बद्ध पक्षलाई आहवान गरेको छ । आयोजनाको दैनिक कामकाज पुनः सुचारु गर्न सम्बद्ध सबैको सहयोग अति जरुरी भएकाले स्थानीय बासिन्दाद्वारा प्रवेशमार्गको सिँगटीलगायत अन्य क्षेत्रमा सवारी आवागमनमा भएको अवरोध तत्काल स्थगन गर्ने तथा आयोजनाको अवरुद्ध मुख्य निर्माणकार्य सुचारु गर्न पनि कम्पनीले आग्रह गरेको छ ।

आयोजनाबाट प्रभावित गाविसले थप शेयर पाउनुपर्ने माग गर्दै विगत १ हप्तादेखि दोलखाको सिँगटी आसपासका बासिन्दाले आयोजनाको मालवाहक तथा सवारीसाधनमा अवरोध गरी आन्दोलन गर्दै आएका छन् ।

श्रोतः अभियान, २०७१/१२/८

# ४५ हजारलाई नयाँ बस्तिमा सारेर बूढीगण्डकी आयोजना बनाईदै

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको बूढीगण्डकी जलविद्युत् आयोजनाबाट प्रभावित हुने स्थानीयवासीलाई बसोबासका लागि एकीकृत रुपमा नयाँ बस्ती निर्माण गरिने भएको छ ।

जलाशययुक्त आयोजनाका कारण धादिङ र गोरखाका ४५ हजार जनता प्रभावित हुने भएपछि नयाँ बस्ती निर्माण गर्न लागिएको हो । आयोजनाको बाँध २ सय ६३ मिटर अग्लो हुने भएकाले त्यसबाट थातथलो छोड्नुपर्ने स्थानीयवासीलाई राख्न दुवै जिल्लामा प्रभावित क्षेत्रभन्दा ३ सय मिटर माथि चक्रपथ निर्माण गरी स्थानीयवासीलाई राख्ने योजना रहेको छ ।

बूढीगण्डकी जलविद्युत् आयोजना विकास समितिले चक्रपथ निर्माणका लागि पूर्व सम्भाव्यता अध्ययन शुरु गरेको छ । समितिका अध्यक्ष लक्ष्मीप्रसाद देवकोटाले केही दिनभित्रै सम्भाव्यता अध्ययनका लागि परामर्शदाता छनोट गरिने बताए । परियोजनाबाट गोरखाका घ्यालचोक, फुजेल, नाम्जुङ, बुङ्कोट, अस्राङ, बोर्लाङ, धावा, तान्द्राङ, आरुपोखरी, आरुचनौटे, आरु अर्बाङ सबैभन्दा बढी प्रभावित हुने छन् । धादिङको सलाङ, मैदी, खरी, चैनपुर, सल्यानटार, आगिन्चोक, त्रिपुरासुन्दरी, मारपाक, मूलपानी, बसेरी र बुढाथुम गाविसको महत्वपूर्ण धान खेत तथा टारहरु पानीमुनि पर्नेछ ।

भीमसेन थापाको बगैँचा, पृथ्वीनारायण शाहको न्वागी खाने धान खेत, प्रसिद्ध त्रिपुरासुन्दरी मन्दिर, मास, भटमासका लागि प्रसिद्ध मासटार, क्यामुनटार, जोगीटार, सल्यानटारको तल्लो भाग, धादिङ र गोरखाको प्रमुख व्यापारिक क्षेत्र आरुघाट बजार पनि आयोजनाका कारण प्रभावित हुनेछ । आयोजनाले प्रभावितलाई सेयर र घरजग्गाको उचित मुआब्जा दिने बताएको छ । स्थानीय राजनीतिक दलले भने ५० प्रतिशत मुआब्जा र ५० प्रतिशत सेयर दिन माग गरेका छन् ।

बूढीगण्डकी जलविद्युत् आयोजनाका सरोकार समितिका अध्यक्ष दिनेशकुमार ढकालका अनुसार आफ्नो थातथलो छाड्नु परे पनि उचित क्षतिपूर्ति पाए सबैले सहयोग गर्नेछन् । आयोजनाको ताल हालको फेवाताल भन्दा चौध गुणा ठूलो हुने र करीब ४८ वर्गकिलोमिटर क्षेत्रफलमा फैलने हुनाले पर्यटन क्षेत्रका रुपमा समेत विकास हुनेछ ।

भारतको उत्तराञ्चलमा रहेको टिहरी बाँधभन्दा दुई मिटर अग्लो बाँध बन्ने भएकाले आयोजनाले केही प्रभावितलाई अध्ययन भ्रमण गराउने तयारीसमेत गरेको छ । बूढीगण्डकी आयोजनाका कारण निर्माण हुने तालमा माछापालन, जलविहार गर्न मिल्ने भएकाले आवश्यक योजना बनाइने समितिका अध्यक्ष देवकोटाले जानकारी दिए । धादिङका सभासद् राजेन्द्रप्रसाद पाण्डेले आयोजनालाई सफल बनाउन जग्गाको नापजाँच, मुआब्जा, पुनः स्थापना र पुनर्बासलाई प्रभावकारी रुपमा अगाडि बढाउनुपर्ने धारणा ब्यक्त गरे ।

आयोजनाले हाल सडक निर्माणको काम शुरु गरिसकेको छ । पृथ्वीराजमार्गको बेनीघाटदेखि गोरखाको आरुघाटसम्म कुल ४८ किलोमिटर सडकको ट्र्याक खुलेर यातायात सञ्चालनमा आए पनि त्यसको मर्मत सम्भार

तथा स्तरोन्नति गर्ने काम शुरु भएको आयोजनाका कार्यकारी निर्देशक गोपाल बस्नेतको भनाइ छ ।

आयोजनाको क्याम्प निर्माणका लागि स्थानीय घ्यालचोक सियरेनीटारमा जग्गाधनीले जग्गा दिन मञ्जुर गरिसकेका कारण गोरखाका मालपोत अधिकृतको अध्यक्षतामा मूल्य निर्धारण समिति गठन भइसकेको छ । आयोजनाको क्याम्प निर्माण भएपछि सहज रुपमा चक्रपथ निर्माणका लागि आवश्यक अध्ययन गर्नसमेत सहज हुने जनाइएको छ । *रासस*

श्रोतः कान्तिपुर, २०७१/१२/८

# दोलखावासीलाई सेयर वितरण स्थगित

लोकमणि राई

माथिल्लो तामाकोसी जलविद्युत् आयोजना सञ्चालक समितिले ९ दिनदेखि बन्द आयोजनाको काम सूचारु गर्न दोलखाबासीका नाममा छुट्याएको सेयर वितरण स्थगित गर्ने भएको छ । आन्दोलनरत मजदुरलाई सेयर दिने/नदिने र दिए कसरी दिने भन्ने टुंगो नभएसम्म सञ्चालक समितिले सेयर वितरण स्थगन गरेका हौं । 'सबैसँग छलफल र सल्लाह गरेर तत्काल काम सुचारु गर्न र समस्याको स्थायी समाधान खोज्न दोलखाबासीलाई सेयर वितरण गर्ने काम स्थगित गरेका छौं,' विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने, 'यसबाट त्यहाँ कार्यरत मजदुरसँग छलफल गर्ने र अब कसरी जाने भनेर निकास निकाल्ने ढोका खुलेको छ ।'

सेयर वितरण कार्य स्थगन गर्न प्राधिकरणले धितोपत्र बोर्डलाई समेत अनुरोध गर्ने भएको छ । राष्ट्रिय गौरवको माथिल्लो तामाकोसीमा कार्यरत करिब साढे ८ सय मजदुरले ५ सय कित्ताका दरले सेयर माग्दै काम रोकेपछि यो आयोजनाको निर्माण ठप्प भएको हो । विभिन्न राजनीतिक दलका भ्रातृ संगठनको समर्थनमा भएको आन्दोलनबाट काम रोकिएको ९ दिन बित्दा पनि राजनीतिक तहबाट समाधान ननिस्कनुका साथै सरकारले विवाद सल्टाउन कुनै चासो नदिएपछि समितिले तत्काल सेयर वितरण कार्य स्थगन गरेको हो ।

'स्थानीय बासिन्दालाई सेयर वितरण गरेपछि हामीले किन नपाउने भन्दै मजदुरबाट काम रोकिएकाले तत्कालका लागि सेयर वितरण स्थगित गरको हौं,' आयोजना प्रमुख विज्ञान श्रेष्ठले भने, 'मजदुरको मागका सम्बन्धमा टुंगो लागेपछि सेयर वितरण कार्यलाई निरन्तरता दिनेछौं ।' स्थानीय बासिन्दालाई भइरहेको सेयर वितरण रोकेपछि मजदुर तत्कालका लागि विवादको जड समाप्त हुनेछ । त्यसपछि मजदुर आन्दोलन रोक्न नैतिक रूपमा बाध्य हुनेछन् ।

लगानीकर्ताका हिसाबले कर्मचारी सञ्चय कोष र नेपाल टेलिकमका कर्मचारी र सञ्चयकर्ता तथा नागरिक लगानी कोषका कर्मचारीलाई छुट्याएको सेयर वितरण भने यथावत् रहनेछ । सम्झौताबाटै सेयर सुनिश्चित गरिएकाले मजदुरको आन्दोलन र ऋण लगानी गर्ने संस्थाको सेयर वितरणबीच सम्बन्ध छैन । स्रोतका अनुसार सर्वसाधारणका लागि छुट्याइएको १५ प्रतिशत सेयरबाट आन्दोलनरत मजदुर र स्थानीय बासिन्दा व्यवस्थापन गर्न सकिने/नसकिने सम्बन्धमा अध्ययन गरिने तयारी छ ।

समस्याको जड राजनीतिक भए पनि सर्वदलीय छलफलबाट समाधान ननिस्केपछि स्वदेशी पुँजीबाट निर्माण भइरहेको ४ सय ५६ मेगावाटको यो आयोजना चरम संकटमा परेको हो । उत्पादनमा हुने ढिलाइबाट दैनिक करिब अढाई करोड रुपैयाँका हिसाबले झन्डै साढे २२ करोड रुपैयाँ घाटा लागिसकेको छ । मजदुर आन्दोलन काबुबाहिरको परिस्थिति भएकाले ठेकेदारले उपकरण निष्त्रिmय बसेबापत दाबी गर्ने क्षतिपूर्ति र ब्याजबापत लाग्ने घाटा अलग्गै छ ।

सिंगटी आसपासका केही स्थानीय बासिन्दाले आयोजनाको गाडी चल्नबाट रोकेर प्रभावित क्षेत्रसरह सेयर दाबी गरिरहेका छन् । पछिल्लो निर्णयबाट ती स्थानीय बासिन्दा पनि आन्दोलन फिर्ता लिन बाध्य बन्नुपर्नेछ ।

खासगरी कांग्रेस र एमालेले ठेकेदार मातहत काम गरिरहेका मजदुरलाई सेयर दिन नसकिने अडानमा छन् । उनीहरूले ठेकेदार र पेटी ठेकेदार अन्तर्गतका मजदुरलाई सेयर दिँदै जाँदा त्यसलाई व्यवस्थापन गर्न नसकिने बुझाइ बनाएका छन् । 'मजदुरलाई ठेकेदारले एउटाभन्दा बढी आयोजनामा आवश्यकताअनुसार काम गराइरहेको हुनसक्छ,' दोलखाका एकजना सभासदले भने, 'हरेक आयोजनाको सेयर दिने हो भने एउटा मजदुरले कति सेयर पाउने र त्यसलाई कसरी व्यवस्थापन गर्ने ? फेरि विदेशी मजदुरलाई कसरी सेयर दिने ?' ती सभासदले अधिकांश मजदुरले दोलखावासी नै भएको र दोलाखावासीका हैसियतले सेयर पाउने भएकाले मजदुरका लागि छुट्टै सेयर व्यवस्था गर्नुनपर्ने बताए । माथिल्लो तामाकोसीमा दोहोरो सेयर पाउने व्यवस्था छैन ।

कर्मचारी परामर्शदाता छनोटदेखि सरुवा, बढुवा र पदस्थापनजस्ता सानातिना कुरामा समेत हस्तक्षेप गर्ने ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीले ९ दिनदेखि बन्द माथिल्लो तामाकोसीजस्तो राष्ट्रिय गौरवको काम खुलाउन कुनै पहल गरेकी छैनन् । बरु बन्दको विरोधमा स्थानीय बासिन्दाले प्रतिरोध गर्ने तयारी गरिरहेका छन् । 'आयोजना बनाउनुपूर्व सर्वदलीय सहमति आवश्यक रहेछ,' आयोजनाका एक अधिकारीले भने ।

श्रोतः कारोवार, २०७१/१२/८

# बूढीगण्डकी आयोजना प्रभावितका लागि चक्रपथ

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको बूढीगण्डकी जलविद्युत् आयोजनाबाट प्रभावित हुने स्थानीयवासीलाई बसोबासका लागि एकीकृत रुपमा नयाँ बस्ती निर्माण गरिने भएको छ ।

जलाशययुक्त आयोजनाका कारण धादिङ र गोरखाका ४५ हजार जनता प्रभावित हुने भएपछि नयाँ बस्ती निर्माण गर्न लागिएको हो ।

आयोजनाको बाँध २६३ मिटर अग्लो हुने भएकाले त्यसबाट थातथलो छोड्नुपर्ने स्थानीयवासीलाई राख्न दुवै जिल्लामा प्रभावित क्षेत्रभन्दा ३०० मिटर माथि चक्रपथ निर्माण गरी स्थानीयवासीलाई राख्ने योजना रहेको छ ।

बूढीगण्डकी जलविद्युत् आयोजना विकास समितिले चक्रपथ निर्माणका लागि पूर्व सम्भाव्यता अध्ययन सुरु गरेको छ । समितिका अध्यक्ष लक्ष्मीप्रसाद देवकोटाले केही दिनभित्रै सम्भाव्यता अध्ययनका लागि परामर्शदाता छनोट गरिने बताए ।

परियोजनाबाट गोरखाका घ्यालचोक, फुजेल, नाम्जुङ, बुङ्कोट, अस्राङ, बोर्लाङ, धावा, तान्द्राङ, आरुपोखरी, आरुचनौटे, आरु अर्बाङ सबैभन्दा बढी प्रभावित हुने छन् । धादिङको सलाङ, मैदी, खरी, चैनपुर, सल्यानटार, आगिन्चोक, त्रिपुरासुन्दरी, मारपाक, मूलपानी, बसेरी र बुढाथुम गाविसको महत्वपूर्ण धान खेत तथा टारहरु पानीमुनि पर्नेछ ।

भीमसेन थापाको बगैँचा, पुथ्वीनारायण शाहको न्वागी खाने धान खेत, प्रसिद्ध त्रिपुरासुन्दरी मन्दिर, मास, भटमासका लागि प्रसिद्ध मासटार, क्यामुनटार, जोगीटार, सल्यानटारको तल्लो भाग, धादिङ र गोरखाको प्रमुख व्यापारिक क्षेत्र आरुघाट बजार पनि आयोजनाका कारण प्रभावित हुनेछ ।

आयोजनाले प्रभावितलाई सेयर र घरजग्गाको उचित मुआब्जा दिने बताएको छ । स्थानीय राजनीतिक दलले भने ५० प्रतिशत मुआब्जा र ५० प्रतिशत सेयर दिन माग गरेका छन् ।

बूढीगण्डकी जलविद्युत् आयोजनाका सरोकार समितिका अध्यक्ष दिनेशकुमार ढकालका अनुसार आफ्नो थातथलो छाड्नु परे पनि उचित क्षतिपूर्ति पाए सबैले सहयोग गर्नेछन् । आयोजनाको ताल हालको

फेवाताल भन्दा चौध गुणा ठूलो हुने र करिब ४८ वर्गकिलोमिटर क्षेत्रफलमा फैलने हुनाले पर्यटन क्षेत्रका रुपमा समेत विकास हुनेछ ।

भारतको उत्तराञ्चलमा रहेको टिहरी बाँधभन्दा दुई मिटर अग्लो बाँध बन्ने भएकाले आयोजनाले केही प्रभावितलाई अध्ययन भ्रमण गराउने तयारीसमेत गरेको छ । बूढीगण्डकी आयोजनाका कारण निर्माण हुने तालमा माछापालन, जलविहार गर्न मिल्ने भएकाले आवश्यक योजना बनाइने समितिका अध्यक्ष देवकोटाले जानकारी दिए ।

धादिङका सभासद् राजेन्द्रप्रसाद पाण्डे आयोजनालाई सफल बनाउन जग्गाको नापजाँच, मुआब्जा, पुनः स्थापना र पुनर्बासलाई प्रभावकारी रुपमा अगाडि बढाउनुपर्ने धारणा राख्नुहुन्छ ।

आयोजनाले हाल सडक निर्माणको काम सुरु गरिसकेको छ । पृथ्वीराजमार्गको बेनीघाटदेखि गोरखाको आरुघाटसम्म कुल ४८ किलोमिटर सडकको ट्र्याक खुलेर यातायात सञ्चालनमा आए पनि त्यसको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने काम सुरु भएको आयोजनाका कार्यकारी निर्देशक गोपाल बस्नेतको भनाइ छ ।

आयोजनाको क्याम्प निर्माणका लागि स्थानीय घ्यालचोक सियरेनीटारमा जग्गाधनीले जग्गा दिन मञ्जुर गरिसकेका कारण गोरखाका मालपोत अधिकृतको अध्यक्षतामा मूल्य निर्धारण समिति गठन भइसकेको छ । आयोजनाको क्याम्प निर्माण भएपछि सहज रुपमा चक्रपथ निर्माणका लागि आवश्यक अध्ययन गर्नसमेत सहज हुने जनाइएको छ । रासस

श्रोतः गोरखापत्र, २०७१/१२/८

## बूढीगण्डकी आयोजना प्रभावितका लागि चक्रपथ बनाइने

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको बूढीगण्डकी जलविद्युत् आयोजनाबाट प्रभावित हुने स्थानीयवासीलाई बसोबासका लागि एकीकृत रुपमा नयाँ बस्ती निर्माण गरिने भएको छ ।

जलाशययुक्त आयोजनाका कारण धादिङ र गोरखाका ४५ हजार जनता प्रभावित हुने भएपछि नयाँ बस्ती निर्माण गर्न लागिएको हो ।

आयोजनाको बाँध २६३ मिटर अग्लो हुने भएकाले त्यसबाट थातथलो छोड्नुपर्ने स्थानीयवासीलाई राख्न दुवै जिल्लामा प्रभावित क्षेत्रभन्दा ३०० मिटर माथि चक्रपथ निर्माण गरी स्थानीयवासीलाई राख्ने योजना रहेको छ ।

बूढीगण्डकी जलविद्युत् आयोजना विकास समितिले चक्रपथ निर्माणका लागि पूर्व सम्भाव्यता अध्ययन सुरु गरेको छ । समितिका अध्यक्ष लक्ष्मीप्रसाद देवकोटाले केही दिनभित्रै सम्भाव्यता अध्ययनका लागि परामर्शदाता छनोट गरिने बताउनुभयो ।

परियोजनाबाट गोरखाका घ्यालचोक, फुजेल, नाम्जुङ, बुङ्कोट, अस्राङ, बोर्लाङ, धावा, तान्द्राङ, आरुपोखरी, आरुचनौटे, आरु अर्बाङ सबैभन्दा बढी प्रभावित हुने छन् । धादिङको सलाङ, मैदी, खरी, चैनपुर, सल्यानटार, आगिन्चोक, त्रिपुरासुन्दरी, मारपाक, मूलपानी, बसेरी र बुढाथुम गाविसको महत्वपूर्ण धान खेत तथा टारहरु पानीमुनि पर्नेछ ।

भीमसेन थापाको बगैँचा, पुथ्वीनारायण शाहको न्वागी खाने धान खेत, प्रसिद्ध त्रिपुरासुन्दरी मन्दिर, मास, भटमासका लागि प्रसिद्ध मासटार, क्यामुनटार, जोगीटार, सल्यानटारको तल्लो भाग, धादिङ र गोरखाको प्रमुख व्यापारिक क्षेत्र आरुघाट बजार पनि आयोजनाका कारण प्रभावित हुनेछ ।

आयोजनाले प्रभावितलाई सेयर र घरजग्गाको उचित मुआब्जा दिने बताएको छ । स्थानीय राजनीतिक दलले भने ५० प्रतिशत मुआब्जा र ५० प्रतिशत सेयर दिन माग गरेका छन् ।

बूढीगण्डकी जलविद्युत् आयोजनाका सरोकार समितिका अध्यक्ष दिनेशकुमार ढकालका अनुसार आफ्नो थातथलो छाड्नु परे पनि उचित क्षतिपूर्ति पाए सबैले सहयोग गर्नेछन् । आयोजनाको ताल हालको फेवाताल भन्दा चौध गुणा ठूलो हुने र करिब ४८ वर्गकिलोमिटर क्षेत्रफलमा फैलने हुनाले पर्यटन क्षेत्रका रुपमा समेत विकास हुनेछ ।

भारतको उत्तराञ्चलमा रहेको टिहरी बाँधभन्दा दुई मिटर अग्लो बाँध बन्ने भएकाले आयोजनाले केही प्रभावितलाई अध्ययन भ्रमण गराउने तयारीसमेत गरेको छ । बूढीगण्डकी आयोजनाका कारण निर्माण हुने तालमा माछापालन, जलविहार गर्न मिल्ने भएकाले आवश्यक योजना बनाइने समितिका अध्यक्ष देवकोटाले जानकारी दिनुभयो ।

धादिङका सभासद् राजेन्द्रप्रसाद पाण्डे आयोजनालाई सफल बनाउन जग्गाको नापजाँच, मुआब्जा, पुनः स्थापना र पुनर्बासलाई प्रभावकारी रुपमा अगाडि बढाउनुपर्ने धारणा राख्नुहुन्छ ।

आयोजनाले हाल सडक निर्माणको काम सुरु गरिसकेको छ । पुथ्वीराजमार्गको बेनीघाटदेखि गोरखाको आरुघाटसम्म कुल ४८ किलोमिटर सडकको ट्र्याक खुलेर यातायात सञ्चालनमा आए पनि त्यसको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने काम सुरु भएको आयोजनाका कार्यकारी निर्देशक गोपाल बस्नेतको भनाइ छ ।

आयोजनाको क्याम्प निर्माणका लागि स्थानीय घ्यालचोक सियरेनीटारमा जग्गाधनीले जग्गा दिन मञ्जुर गरिसकेका कारण गोरखाका मातपोत अधिकृतको अध्यक्षतामा मूल्य निर्धारण समिति गठन भइसकेको छ । आयोजनाको क्याम्प निर्माण भएपछि सहज रुपमा चक्रपथ निर्माणका लागि आवश्यक अध्ययन गर्नसमेत सहज हुने जनाइएको छ । रासस

श्रोतः गोरखापत्र, २०७१/१२/८

## जलविद्युत् तालिम केन्द्र खोल्न सुझाव

जलविद्युत्गृह मर्मतमा दिगो व्यवस्थापनका लागि प्राविधिक उत्पादन गर्ने तालिम केन्द्र खोल्न विज्ञले सुझाव दिएका छन् ।

चिलिमे जलविद्युत् कम्पनीका संस्थापक डा डम्बरबहादुर नेपालीको नेतृत्वमा अवलोकनका लागि आएको १४ सदस्यीय जलविद्युत्विज्ञ टोलीले ५७ दशमलव १ मेगावाट तल्लो र माथिल्लो साञ्जेन, १११ मेगावाट रसुवागढी र २०६० सालमा सम्पन्न चिलिमे २२मेगावाट(रसुवा) र १०२ मेगावाट मध्यभोटेकोसी(सिन्धुपाल्चोक)समेत २९२ मेगावाट विद्युत् उत्पादन हुँदैछ ।

विद्युत्गृहमा जडान गरिएका उपकरण मर्मतका लागि ठूलो जनशक्ति आवश्यक पर्ने भएकाले दक्ष प्राविधिक उत्पादनका लागि जलविद्युत्क कम्पनी आफैँले तालिम केन्द्र सञ्चालन गर्नका लागि सुझाव प्राप्त भएको रसुवागढी जलविद्युत् आयोजनाका प्रमुख किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

चिलिमे कम्पनीअन्तर्गत सञ्चालित सबै आयोजना गुणस्तरीय तवरले निर्माण भइरहेको र निर्माणाधीन आयोजना सम्पन्न भएपछि छिट्टै देशको विद्युत्भार कटौतीमा कमी आउने विश्वास बढेको विज्ञ टोलीका सदस्य सन्तबहादुर पुनले बताउनुभयो ।

साठी वर्ष पार गरी लामो अनुभव सम्हालेका ज्येष्ठविज्ञले युवा प्राविधिकलाई दिएको ज्ञान महत्वपूर्ण भएको बताउँदै रसुवागढी आयोजनाका साइट इन्चार्ज इन्जिनियर नागेन्द्रनाथ ज्ञवालीले प्राप्त ज्ञानबाट सुरुङभित्र काम गर्न थप उत्साह बढेको बताउनुभयो ।

यही चैत ६ र ७ गते विज्ञहरूको स्थलगत निरीक्षणका क्रममा विद्युत् उत्पादन गर्ने पहिलाके समस्या र अहिलेको अवस्थाका बारेमा अनुभव आदानप्रदानसमेत भएको थियो । रासस

श्रोतः नागरिक, २०७१/१२/९

# चलखेलले तामाकोसी संकटमा

रमेश खतिवडा

आयोजनाभित्रैको चलखेलले माथिल्लो तामाकोसी जलविद्युत आयोजना संकटमा फस्दै गएको छ। मजदुर हडताल, स्थानीयको आन्दोलनलगायत विभिन्न कारणले १० दिनदेखि काम ठप्प भएर करोडौं नोक्सानी बेहोरिरहेको आयोजनालाई थप संकटमा धकेल्न भित्रैका अधिकारी र विद्युत प्राधिकरणभित्रका स्वार्थ समूहको चलखेल गरिररहेको जानकारहरुले बताएका छन्।
'सरकारदेखि ठूला संस्थानसम्मको प्रत्यक्ष लगानी रहेको मुलुककै ठूलो आयोजनामा काम रोकिएर ठप्प भएको १० दिन बितिसक्यो,' विद्युत प्राधिकरणका एक उच्च अधिकारीले भने, 'यस्तो अवस्थामा आयोजनास्थलमा पुगेर आन्दोलनरत पक्षसँग वार्ता गरी उनिहरुलाई सम्झाई बुझाई गरेर भएपनि काम सुचारु गराउनुको सट्टा आयोजना प्रमुखसहित जिम्मेवार अधिकारीहरु काठमाडौंमै रुम्मलिएर बसेका छन।' ती अधिकारीका अनुसार आयोजनास्थलमा भइरहेका समस्या सामाधानका लागि आयोजना प्रमुख विज्ञान श्रेष्ठले पहल नै गरेका छैनन्।

स्थानीय प्रशासनले प्रमुखलाई पठाईदिनुस भन्दै आयोजनास्थलमै गएर वार्ता गराएर भए पनि टुंग्याउछौं भने पनि उनी गएकै छैनन्। स्थानिय प्रशासनका अधिकारीहरु र जिल्लाका अगुवाको फोन समेत उठाउन छाडेको भन्दै श्रेष्ठको जिल्ला स्तरमा आलोचना हुन थालेको छ। आन्दोलनकारीसँग वार्ता गर्नका लागी आयोजनाको प्रवक्ताको समेत जिम्मेवारी पाएका वातावरण विभाग प्रमुख गणेश न्यौपानेलाई जिम्मा दिएका छन्।

उनी आयोजना भित्र करारमा कार्यरत कनिष्ठ अधिकारी हुन्। आयोजनामा १० दिनदेखि अवरोध आए पनि नेतृत्वले त्यसमा लागेको घाटा नोक्सानी र ठेकेदारले माग गर्ने क्षतीपूर्ति बारे आयोजना नेतृत्वले केही बोलेका छैन्। आयोजनाको बोर्डसमेत मौन छ।

**स्थानीयलाई सधैं वेवास्ता**

सेयरमा विशेष सुविधा लगायत माग राखी एक महिनादेखि स्थानीयले चरणबद्ध रुपमा आन्दोलन गरिरहेका छन्। आयोजनाका गाडी र काममा समेत उनिहरुले अवरोध गरेका छन्। उनिहरुले उठाएको मुद्दा सेयरको माग सम्बन्धी भए पनि त्यो आवरण मात्र रहेको बताउँछन कांग्रेस जिल्ला सभापति ताराबहादुर कोईराला। उनी स्थानीयले आन्दोलन गरेर उठाएको मुद्दा सेयरको आवरणमा आयोजना नेतृत्वको कार्यशैली विरुद्ध भएको बताउँछन।

'स्थानीयका पिडा धेरै छन, जसलाई आयोजनाको नेतृत्वले समेट्न सकेकै छैन,' उनी भन्छन, 'प्रभावित

गाविसबासीले सेयरसँगै आयोजना नेतृत्वको कार्यशैली विरुद्ध आफ्नो भावना प्रकट गरेका हुन्।' उनका अनुसार सामाजिक विकासका बजेट वितरणमा अपारदर्शिता, आयोजना भित्रको आर्थिक गतिविधि, रोजगारी लगायतमा स्थानीयबासीलाई वेवास्ताको शिकार स्थानीय पछिल्ला दिनहरुमा बन्दै गए।

'आर्थिक गतिविधिमा स्थानीय र जिल्लाबासीलाई समेटिएकै छैन,' कोईराला भन्छन, 'एकादुई बाहेक केहील पहुँचका भरमा जागिर खानुपरेको छ, सामाजिक विकासको बजेटमा मनपरी भएको छ।'

**मजदुर आन्दोलनमा कमजोर भूमिका**

सेयर माग गर्दै मजदुरले गरेको हड्तालका कारण आयोजना ठप्प भएको १० दिन बित्यो। तर १० दिनमा आयोजना प्रमुख श्रेष्ठले मजदुर आन्दोलन गर्नेसँग कुराकानी नै गरेका छैनन्। 'आन्दोलन गरेको १० दिन भयो, हाम्रो माग बारे विज्ञान सरको धारण बुझ्न पाएका छैनौं,' मजदुर संघर्ष समितिका संयोजक सोनाम दोर्जे शेर्पा भन्छन, 'साईटमा भने पटकपटक एउटै मान्छेले वार्ता गर्न बोलाउछन र भन्छन, हाम्रो अधिकार नै छैन।' उनी आफुहरुको दाबी अनुसारको माग पुरा नभए पनि सामन्य सम्बोधन गर्न समेत आयोजना चुकेको बताउँछन्।

आफुहरुको सेवा सुविधा बारे समेत आयोजनाले छलफल नै गर्न नचाहेको उनको गुनासो छ। 'यही आयोजनामा कार्यरत चिनियाँ कामदार र हामी भित्रैका कामदारहरु बिचको सेवा सुविधामा ठूलो अन्तर छ, त्यस बारेमा आयोजना प्रमुख सगँ कहिल्यै छलफल गर्नै पाएनौं,' शेर्पा भन्छन। तामाकोसी भित्र देखिएका समस्या बारे आयोजनाको अधिकारीहरुको भूमिकाबाट आफुहरु शसंकित भएको शेर्पा बताउछन्।

**शक्ति समूह हाबी**

आयोजनाभित्र आफु अनुकुलको फाइदाका लागि प्राधिकरण नेतृत्व तहदेखि नै विभिन्न शक्ति समूहको चलखेल भइरहेका कारण आयोजना समस्यामा फस्ने खतरा बढेको बताउछन, प्राधिकरणको प्रशासन महाशाखामा लामो समय बिताएका एक अधिकारी। 'त्यती सहज तरिकाले चलिरहेको आयोजनामा अहिले देखिएका समस्या त खुलस्त बाहिर आएका हुन्, तर त्यहाँ भित्रभित्रै थुप्रै किसिमका समस्याहरु छन, जुन आज सम्म गुम्सिएरै बसेका छन्,' उनी भन्छन। उनका अनुसार आयोजनामा हाल कार्यरत प्रमुख ईमान्दार भए पनि उनको स्थानमा अरु शक्ति समूह हाबी भएका कारण यो समस्या भएको हो। 'राजनीतिक पहुँच भएको त्यही भित्रको समूहले आयोजना प्रमुखलाई नचाएका कारण समस्याहरु पैदा भएका हुन्,' उनले भने। उनका अनुसार स्थानीयसँग समन्वय अभाव साथै आयोजना चलाउन असक्षमता देखिएपनि श्रेष्ठलाई सरुवा गर्न खोजिएपनि त्यही समूहले रोकेको थियो।

**परामर्शदाताका अधिकारीहरु पनि फेरिएको फेरियै**

आयोजनाको डिजाईन, अनुगमन र ठेकेदार परिचालन साथै लागत नियन्त्रणमा आफु अनुकुल काम नगर्ने

परामर्शदाताका विदेशी अधिकारीहरु त्यही शक्ति समूहले फेर्ने गरेको देखिएको छ। आयोजना निर्माणमा अनुगमन र डिजाईनको मुख्य जिम्मेवारी पाएको विदेशी परामर्शदाता परामर्शदाता नर कन्सल्ट लहानेयरका ३ जना आयोजना निर्देशकहरु फेरिसकेका छन्। स्रोतका अनुसार आयोजनाभित्र हाबी उक्त समूहले आयोजना प्रमुख श्रेष्ठलाई प्रयोग गरेर आयोजनाको बोर्डलाई समेत जानकारी नदिई आफु अनुकुल काम नगर्ने विदेशी परामर्शदाताका निर्देशकहरुको म्याद थप नगर्न सिफारिस गर्ने गरेको छ। परामर्शदाताका आयोजना निर्देशकहरुको म्याद आयोजना प्रमुखको सिफारिसमा परामर्शदाताको विदेशस्थित केन्द्रिय कार्यालयले थप्ने गर्छ।

स्रोतका अनुसार आफु अनुकुल निर्णय नगरेको भन्दै आयोजना भित्र हाबी शक्ति समूहले तिन जना परामर्शदाताका प्रमुखहरु परिवर्तन गरिसकेको छ। 'ठेकेदारलाई कडाई गर्ने थोमस रिक्टर जो आयोजनाको गतिलाई यहाँसम्म ल्याईपुर्याएउन कहलिएका थिए, उनलाई कुरा नमिलेपछि बोर्डलाई थाहा नै नदिई फिर्ता पठाईयो,' आयोजना स्रोतले भन्यो, 'नेपालीको लगानीको ठूलो आयोजना समयमै बन्नुपर्छ भनेर निकै खट्थे, लागिपर्थे, बिचमा आयोजनामा ठूलो चलखेल छ भन्दै मन्त्री र माथिल्लो स्तरका अधिकारी भेटाईदे म कुरा गर्छु भनेर आयोजना भित्रका केही इन्जिनियरहरुसगँ आाग्रह गर्थे, तर पछि उनको म्याद थप नभएपछि फर्किए'। यस्तै नर्वेबाट ल्याईएका जोन स्कर्बेलाई समेत फर्काईएको छ। उनीहरु रातोदिन फिल्डमा खट्ने गरेको इन्जिनियरहरु सुनाउँछन।

**आयोजना नेतृत्वको अक्षमता**

आयोजनाले व्यवस्थापन समूह राख्न नसकेका कारण समस्या भएको दोलखाका सभासद एवम एमाले नेता आनन्द पोखरेल बताउछन। 'सिइओ सहितको व्यवस्थापन समूह राख्ने भनेर खुबै कुरा भयो, तर त्यस्तो समूह नबन्नुको कारण के हो खोज्नुपर्छ,' पोखरेलले भने।

कांग्रेस सभापति कोईराला आयोजनाको नेतृत्वले स्थानीयबासी साथै कर्मचारीसँग समन्वय गर्न नसक्दा समस्या आईपरेको बताउँछन। 'समग्र विषयमा नेतृत्व दिन सक्ने क्षमता भएको व्यक्तिलाई तामाकोसी जस्तो आयोजनाको नेतृत्व दिनुपर्नेमा एउटा विधामा मात्र क्षमता भएको मान्छेलाई दिएका कारण समस्या आएको छ,' उनले भने, 'हालका आयोजना प्रमुख ईमान्दार हुनुहुन्छ होला तर ईमान्दारिताले मात्र हुँदैन, उहाँको कार्यशैलीबाट आयोजना चल्न अब सम्भव छैन।'

अधिकांश जलविद्युत आयोजनामा सिभिल इन्जिनियरतर्फका निर्देशकलाई आयोजना प्रमुख बनाउने चलन भए पनि इलेक्ट्रोमेकानिकल तर्फका श्रेष्ठलाई शक्ति समूहको दबाबमा आयोजना प्रमुख बनाईएको आयोजनाकै अधिकारीहरु बताउँछन्।

आयोजनाका कर्मचारीहरुका अनुसार आयोजना प्रमुख श्रेष्ठ साईटमा कमै जान्छन। 'महिनामा २० दिन

साईट र १० दिन केन्द्रीय निकायमा समन्वयका लागी बस्नुपर्नेमा अधिकांश समय काठमाडांै बस्छन,' एक कर्मचारीले भने। यस्तै आयोजनाका कर्मचारी र स्थानीयसगँ समन्वय गर्नुपर्ने जिम्मेवारी पाएका आयोजनाका प्रशासन महाशाखा प्रमुख विनोद कर्माचार्य समेत कमै मात्रामा आयोजनास्थल पुग्छन। विद्युत प्राधिकरणबाट निवृत्त भएका उनलाई अनुभवी भन्दै करारमा आयोजनामा ल्याईएको थियो।

**प्रतिक्रिया दिनु छैन**

आयोजना प्रमुख श्रेष्ठले भने माथिल्लो तामाकोसीका विषयमा उठिरहेका समस्या र आयोजना बारे केही प्रतिक्रिया दिन मानेनन। 'मलाई प्रतिक्रिया दिनुछैन, अहिले बैठकमा व्यस्त छु, फोन राखिदिएँ' प्रतिक्रिया माग्न खोज्दा उनले मोबाईल काटिदिए।

श्रोतः नागरिक, २०७१/१२/९

## मन्त्रालयकै असयोगका कारण बुढीगण्डकीमा ढिलाइ

ऊर्जा मन्त्रालय र विद्युत् प्राधिकरणको असहयोग र पूर्वाग्रही व्यववहारका कारण बुढी गण्डकी जलविद्युत् आयोजनाको काममा ढिलाइ भइरहेको बुढी गण्डकी विकास समितिले बताएको छ। समितिले बुझाएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन(इआईए रिपोर्ट) पारित गर्न नै मन्त्रालयले ८ महिना लगाएको र आवश्यक जनशक्ति उपलब्ध नगराएको अध्यक्ष लक्ष्मीप्रसाद देवकोटाले बताए। 'आयोजनाको ईआईए पारित गर्नै आठ महिना लगाउनु, चाहिएको जनशक्ति उपलब्ध नगराउनुले नै समितिप्रति उसको असहयोग प्रष्टिन्छ,' देवकोटाले भने, 'चाहेको भए उसले बढीमा ३ सातामै उक्त रिपोर्ट पारित गर्न सक्थ्यो।'

मन्त्रालयका तर्फबाट समितिमा सहसचिव केशवध्वज अधिकारीको प्रतिनिधित्व छ। ईआईए रिपोर्ट पारित गर्ने काममा सहसचिव अधिकारीले नै मन्त्रालय र समितिबीच समन्वय गरी पारित गराउन सक्ने अवस्था रहे पनि त्यस्तो हुन नसकेको अध्यक्ष देवकोटाको भनाइ छ। विद्युत् उत्पादनको एक शताब्दीमा पनि निकाल्न नसकिएको विद्युत् १२ सय मेगावाट) समितिले एउटै आयोजनाबाट निकाल्यो भने जस समितिमा जाने डरले मन्त्रालय र प्राधिकरण दुवै डराइरहेको समितिको अध्यक्ष देवकोटाको धारणा छ।

८ महिना मन्त्रालयले झुलाएको ईआईए रिपोर्ट हाल वातावरण मन्त्रालयमा थन्किएको छ। 'ईआईए रिपोर्ट वातावरण मन्त्रालयमा पुगेको पनि २ महिना हुन लागिसकेको छ,' उनले भने, 'कहिले त्याहाँबाट स्वीकृत हुने हो भन्न सकिने अवस्था छैन ।' वातावरण मन्त्रालयले ईआईए रिपोर्ट स्वीकृत गर्न अझ ढीलो गरे आयोजनाको भौतिक संरचना निर्माणमा अझ ढीलाई हुन्छ । आयोजना सन् २०१५ मा शुरु गरी २०२२ सम्ममा निर्माण पूरा गर्ने लक्ष्य थियो ।

समितिले माग गरेको प्राविधिक कर्मचारी दुई बर्ष हुन लाग्दा समेत मन्त्रालयले व्यवस्था गरिदिन सकेको छैन। हाल समितिमा विद्युत् विकास विभागका कर्मचारीहरुबाट सहयोग लिने गरी खटाइएको छ। तर, अध्यक्ष देवकोटा भन्छन्, 'कार्य दक्षता मूल्याङ्कन विभागले गर्छ भने विभागका कर्मचारी समितिमा आएर किन काम गर्दैनन् विभागमै गर्छन्।'

संसदको कृषि तथा जलस्रोत समितिले उक्त आयोजनालाई अघि बढाउन पटक पटक निर्देशन दिँदासमेत मन्त्रालयले खासै चासोका साथ आयोजनालाई अघि बढाउन सकेको छैन । केहीदिन अघि ऊर्जा मन्त्री राधा ज्ञवालीले सभासद्सहितको एक टोली लिएर प्रभावित क्षेत्रको भ्रमण गरे पनि आयोजना कसरी अघि बढाउने भन्ने विषयमा मुर्त धारणा अघि सार्न सकेकी छनन् भने ऊर्जा सचिव राजेन्द्रकिशोर क्षेत्री समितिको विघटन गरी विद्युत् प्राधिकरणलाई खण्डिकरण गरेर बन्ने पब्लिक जेनेरेशन कम्पनीमार्फत

नै उक्त आयोजना अघि बढाउने धारणा व्यक्त गरिरहेका छन्।

गोरखा र धादिङ जिल्लाको बीच भएर बग्ने बुढीगण्डकी नदीलाई थुनेर ४५ किलोमिटर लामो जलाशय निर्माण गरी १२ सय मेगावाट विद्युत् निकाल्ने आयोजनाको लक्ष्य छ। अयोजना निर्माण गर्दा दुई जिल्लाका २७ गाविस प्रभावित हुने, २० हजार व्यक्ति विस्थापित हुने हालसम्मको अध्ययनले देखाएको छ । आयोजनाबाट हालको फेवातालभन्दा १४ गुणा ठूलो मानवन निर्मित ताल बन्ने र यस तालका माध्यमबाट पर्यटन प्रवद्र्धन र सिँचाई समेत गर्न सकिने भएकोले आयोजनालाई बहुउद्देश्यीय आयोजनाको रुपमा अघि बढाउने समितिको तयारी छ।

आयोजनामा रु. २ खर्ब ५० अर्ब लाग्ने अनुमान गरिएको भए पनि लगानी कसरी जुटाउने भन्ने विषयमा ऊर्जा मन्त्री, ऊर्जा सचिव, समितिमा प्रधिनिधित्व गर्ने मन्त्रालयका सहसचिव, विकास समितिका अध्यक्ष, कार्यकारी निर्देशक र प्रभावित जिल्लाका सभासद्हरुबीच नै चर्को मतभेद छ ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७१/१२/९

## तामाकोसीमा लुट्ने दाउ

विकास थापा

माथिल्लो तामाकोसीको सेयर पाउन कर्मचारी, आयोजनामा कार्यरत मजदुर र दोलखावासीबीच विवाद भइरहेको छ। कुनै कानुनमा उल्लेख नभएको कार्यरत मजदुरले सेयर पाउनुपर्छ भन्दै एक सातादेखि आयोजनाको सम्पूर्ण निर्माण कार्य ठप्प पारिएको छ।

यसरी काम ठप्प पार्दा आयोजनालाई दैनिक साढे दुई करोड घाटा भइरहेको छ भने एक दिन आयोजना ढिला हुँदा त्यसबाट उत्पादन हुने बिजुली पनि औसत दैनिक साढे दुई करोड रुपैयाँका दरले नोक्सान भइरहेको छ।

सत्तासीन दल नेपाली कांग्रेस प्रधानमन्त्री भएको दलले सिन्धुपाल्चोकस्थित भोटेकोसी आयोजनासित प्रतिकित्ता ११ सय रुपैयाँबराबरको सेयर सित्तैमा लिन गरेको आन्दोलनको असर अहिले तामाकोसीमा सरेको हो।

भोटेकोसीलाई बाध्य पार्ने एमाले, कांग्रेस र माओवादीले सिकाएको रोग देशका अरू आयोजनामा पनि फैलिन्छ भन्ने अनुमान त्यतिखेरै भएको हो।

भोटेकोसी हुँदै तामाकोसी र यहाँबाट प्राधिकरणले बनाउन लागेका कुलेखानी तेस्रो, माथिल्लो त्रिशूली-थ्रीए, चमेलिया र राहुघाटमा पनि सेयर पाउने आन्दोलन फैलियो भने कुनै अनौठो नमाने हुन्छ।

किनभने यी मजदुरलाई उचाल्ने कांग्रेस, एमाले र माओवादी हुन्। आयोजना निर्माणमा कुनै बाधा-व्यवधान आउन दिन्नौं भनेर हिजो दोलखाका तीन प्रमुख दलका नेताले प्रतिबद्धता व्यक्त गरेका हुन्।

आज एमालेसम्बद्ध जिफन्टले आन्दोलन गरेर काम ठप्प पार्दा दोलखा र केन्द्रका एमाले नेताहरू मौन छन्। सिंगटीबासीलाई समेत प्रभावित क्षेत्र बनाएर थप सेयर दिन गरिएको आन्दोलनमा दोलखाका नेताहरूले साथ दिइरहेका छन्। यस्तो साथ दिनुपर्ने बाध्यता भोटको राजनीति मात्र हो।

यो र त्यो गर्दै अनेक बहानामा आयोजनाबाट सक्दो ब्रह्मलुट मच्याउन पाइनेमा सबैजसो राजनीतिक दल एक हुँदारहेछन्। जसरी हिजो भोटेकोसीमा निर्लज्ज ढंगले लुटको शैलीमा सेयर दिलाउन बाध्य पारिएको थियो, अहिले तामाकोसीमा सबै जिम्मेवार दल र सरकारी निकाय मूकदर्शक बनेर बसेका छन्।

तामाकोसीलाई 'सहज' बनाइदिने भन्दै खुलेका एक दर्जन सरोकार समितिको रमिता पनि हेर्नलायक रह्यो। यी समितिका केही पदाधिकारीलाई आयोजनाले ज्वाइँ पालेसरह पालेको थियो। तर अहिले नाजायज माग राखेर काम ठप्प हुँदा यी सरोकार समिति कहाँ गए?

तामाकोसीमा कार्यरत मजदुरमा अधिकांश दोलखावासी छन्। दोलखावासीलाई त्यसै पनि १० प्रतिशत सेयर छुट्याएकै छ। त्यसबाहेक ठेकेदारले चीनबाट पनि मजदुर ल्याएर काम लगाइरहेको छ।

मजदुरका माग पूरा गर्ने हो भने चिनियाँ नागरिकले पनि सेयर पाउने भए। अन्य जिल्लाबाट पनि आएका छन्। अबको दुई वर्षपछि सबै काम पूरा हुन्छ। अन्य जलविद्युत्मा काम गर्ने पनि यिनै मजदुर हुन्छन्।

**जनताको तीव्र आकांक्षा भनेकै छिटो बत्ती बाल्न हामीलाई लगानी गर्न देऊ भन्ने हो। लगानीकर्ता संस्थाका कर्मचारीले सेयर लिएर नीतिगत रूपमै घूस खाइरहेका बेला ऊर्जा र अर्थमन्त्रीले आफ्नै सरकारी कम्पनीमार्फत राम्रा आयोजना बनाउन सक्छ। यसका लागि कसैले रोकेकै छैन।**

निश्चय पनि, माथिल्लो तामाकोसी आकर्षक आयोजना हो। कालीगण्डकी- एको आधा संरचना बनाए पुग्ने भएकाले यो आयोजना सस्तो भएको हो। यसले वार्षिक नौ अर्ब रुपैयाँबराबरको बिजुली उत्पादन गर्छ, विद्युत् खरिद सम्झौताका आधारमा।

तामाकोसीले हरेक वर्ष सय मेगावाटको अर्को आयोजना बनाउन सक्छ। त्यही भएर यो आयोजना हात पार्न विदेशीले निकै प्रयत्न गरेका थिए। यति राम्रो आयोजनालाई सरकारले लगानी जुटाइदिएन।

वार्षिक साढे चार अर्ब रुपैयाँ घाटामा रहेको प्राधिकरण तङग्रिने सबैभन्दा भरपर्दो र बलियो उपाय भनेकै माथिल्लो तामाकोसी थियो। त्यही भएर प्राधिकरणकै शतप्रतिशत लगानी (सेयर) मा यो आयोजना बनाउन पाएको भए उसको सारा नोक्सानको भड्ताल हुन पुग्थ्यो।

तर प्राधिकरण नाफामा जाओस् कि घाटामा कसलाई मतलब? खुद प्राधिकरणका हाकिमलाई नै चासो थिएन। तर दोलखाका कांग्रेसका नेता भीमबहादुर तामाङको आग्रहका कारण यो आयोजनामा लगानी गर्न लगाएका थिए तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले।

कर्मचारी सञ्चय कोषलाई अर्थ मन्त्रालयले हलो अड्काएर राखेको थियो। तत्कालीन अर्थमन्त्री कुनै हालतमा स्वदेशी लगानीमा यो आयोजना बनाउने पक्षमा थिएनन्।

तामाङको वचन टाल्न नसकेर कोइरालाले अर्थमन्त्रीलाई निर्देशन दिएपछि कर्मचारी सञ्चय कोष ऋण दिन सहमत भयो, तर सर्तैसर्त राखेर। जुन सर्त मान्नु प्राधिकरणका लागि ठूलो बाध्यता थियो। सरकारले ती सर्त हटाउन सक्थ्यो, चाहेन।

प्राधिकरणले मध्यमस्र्याङ्दी धितोमा राखेर चर्को ब्याजमा ऋण लिएका हो। यतिले पनि नपुगी उसका कर्मचारीलाई घूसस्वरूप सेयर दिनुपर्ने सर्त राखियो। जसले गर्दा प्राधिकरणको लगानी जम्ममा ४१ प्रतिशतमा मात्र सीमित हुन पुग्यो।

आयोजनाको वित्तीय संरचना तयार गर्दा महाभूल भएको अहिलेको सेयर आन्दोलनले स्पष्ट पारेको छ। सर्वसाधारणलाई १० प्रतिशतको साटो ४९ प्रतिशत सेयर जारी गर्ने गरी वित्तीय संरचना बनाएको भए कर्मचारीलाई घूसस्वरूप सेयर दिनुपर्दैनथ्यो।

सहायक कम्पनीमा लगानी गरीगरी धनी हुन पल्केका कर्मचारीको साटो सर्वसाधारणले सेयर पाउँथे। माथिल्लो तामाकोसीको सेयरका लागि भएको विवादले राम्रो सन्देश दिएको छ- अब जलविद्युत् आयोजनामा लगानीका लागि विदेशीसामु लम्पसार नपर, स्वदेशी लगानीमै बनाऊ।

माथिल्लो ऋण, दूधकोसी, बूढीगण्डकी, नलसिंहगाड जस्ता आयोजनाका लागि सरकारले विदेशीसित हात फैलाइरहेको छ। द्विपक्षीय वा बहुपक्षीय जुनसुकै भए पनि विदेशी पैसा त्यसै आउँदैन, तिनका सर्त हुन्छन्।

विदेशी पैसामा बन्ने आयोजनामा एजेन्टको हाबी हुन्छ। एजेन्टले नै मन्त्री ल्याउने, सचिव फेर्ने गर्छ। यी सबै कृत्यका कारण आयोजना महँगिन्छन्- चमेलिया, माथिल्लो त्रिशूली- थ्रीए जस्तै।

त्यही भएर स्वदेशी पैसामा बनेका आयोजना तुलनात्मक रूपमा समयमा पूरा हुन्छन् र महँगा पनि हुँदैनन्। तर विदेशीलाई भिडाउन पाइयो भने पार्टीका प्रभावशाली नेता र मन्त्रीले मोटो कमिसन पाउँछन्।

त्यही भएर नेता र मन्त्रीले स्वदेशी लगानीलाई त्यति रुचाउँदैनन्। माथिल्लो अरुण, उत्तर गंगा जस्ता आयोजना विदेशीलाई दिन खोज्नुको उद्देश्य ऊर्जामन्त्री र तिनको पार्टीका नेताका गोजी भर्नु हो। यति कुरा ऊर्जा क्षेत्रका लाटालाई पनि थाहा छ।

ऊर्जामन्त्रीले 'जनताको जलविद्युत्' नारा अघि सारेकी छन्। तर माथिल्लो अरुण, उत्तरगंगा, बूढीगण्डकी जस्ता आयोजनामा सर्वसाधारणले सक्दो सेयर हाल्ने वातावरण बनाउनेतर्फ भने मौन छन्।

जलविद्युत् लगानी तथा विकास कम्पनी आफैंमा सरकारी हो। यही कम्पनीको नेतृत्वमा माथिल्लो अरुण बनाउन सकिन्छ। सर्वसाधारणले चाहेजति लगानी गर्न पाउने गरी आयोजना अघि दौडाएमा सरकार आफैंले ग्यारेन्टी बसेको मानिन्छ।

यसले गर्दा लगानीको दुःख हुँदैन र सेयरप्रति जनताको यति धेरै आकर्षणको सम्मान पनि हुन्छ। जनताको तीव्र आकांक्षा भनेकै छिटो बत्ती बाल्न हामीलाई लगानी गर्न देऊ भन्ने हो।

लगानीकर्ता संस्थाका कर्मचारीले सेयर लिएर नीतिगत रूपमै घूस खाइरहेका बेला ऊर्जा र अर्थमन्त्रीले आफ्नै सरकारी कम्पनीमार्फत राम्रा आयोजना बनाउन सक्छ। यसका लागि कसैले रोकेकै छैन।

जनतासित कति धेरै पैसा छ भने अघिल्लो साता वरुण हाइड्रोपावर (४.५ मेगावाट) कम्पनीले चार करोड ९१ लाख रुपैयाँका लागि सेयर आह्वान गरेको थियो, त्यसमा चार अर्ब ४१ करोड रुपैयाँबराबरको आवेदन पर्‍यो।

प्रसारण लाइनको टुंगो नभएको र उत्पादित बिजुली खेर जाने उच्च जोखिम रहेको थाहा पाउँदा-पाउँदै पनि सानिमा माईले आह्वान गरेको ३० करोड रुपैयाँबराबरको सेयरमा ३१ गुणा बढी आवेदन परेको थियो।

हरेक जलविद्युत् कम्पनीले आह्वान गरेको सेयरमा सर्वसाधारणको उत्साहजनक रुचि रहँदै आएको छ। यो रुचिलाई सम्मान गर्नु सरकारको धर्म हो। तसर्थ सर्वसाधारणले लगानी गर्नका लागि तत्काल संयन्त्र स्थापना गर्न ढिला भइसकेको छ।

श्रोतः  कान्तिपुर,  २०७१/१२/९

## बूढीगण्डकी जलाशययुक्त आयोजना चक्रपथ बनाई पुनर्वास

*बलराम बानियाँ*

बूढीगण्डकी जलाशययुक्त विद्युत् आयोजनाका प्रभावित स्थानीयवासीलाई व्यवस्थित रूपले पुनर्वास गरिने भएको छ। आयोजनाको प्रस्तावित जलाशय वरपर तीन सय मिटर दूरीमा चक्रपथ बनाई दायाँबायाँ प्रभावितहरूको नयाँ बस्ती बसालिने योजना छ।

बूढीगण्डकी राष्ट्रिय गौरवको आयोजना हो। यसको जलाशय ६३ वर्ग किलोमिटर क्षेत्रफलमा हुनेछ। जुन फेवातालभन्दा १५ गुना ठूलो हो। बूढीगण्डकी आयोजना विकास समितिका कार्यकारी निर्देशक गोपाल बस्नेतले आयोजनाबाट धादिङ र गोरखाका ४५ हजार स्थानीयवासी प्रभावित हुने अनुमान गरे। प्रभावितलाई चक्रपथका अतिरिक्त पृथ्वी राजमार्गबाट आयोजनासम्म पुग्ने र त्यहाँबाट गोरखा जाने सडकको दायाँबायाँसमेत व्यवस्थित रूपमा पुनर्वास गराउने योजना आयोजनाको छ।

आयोजनाको काम अघि बढाउन क्याम्प निर्माण्ा निम्ति स्थानीय घ्यालचोक सियरेनिटारका बासिन्दाले जग्गा दिन मन्जुर गरिसकेका कारण्ा गोरखाका मालपोत अधिकृतको अध्यक्षतामा मूल्य निर्धारण्ा समितिसमेत गठन भइसकेको छ। क्याम्प बनेपछि चक्रपथ निर्माण्ा निम्ति आवश्यक अध्ययन गर्नसमेत सहज हुने आयोजनाका अधिकारीले बताए।

आयोजनाले चक्रपथ बनाउन पूर्वसम्भाव्यता अध्ययन सुरु गर्दैछ। त्यस निम्ति केही दिनभित्रै परामर्शदाता छनोट गर्ने कार्यकारी निर्देशक बस्नेतले जानकारी दिए। २ सय ६३ मिटर अग्लो बाँध बनाउँदा गोरखाका घ्यालचोक, फुजेल, नाम्जुङ, बुङकोट, बोर्लाङ, धावा, तान्द्राङ, आरूपोखरी, आरूचनौटे र आरू अर्बाङ गाविस बढी प्रभावित हुनेछन्। त्यसैगरी धादिङका सलाङ, मैदी, खरी, चैनपुर, सल्यानटार, आगिन्चोक, त्रिपुरेश्वर, मारपाक, मूलपानी, बसेरी र बूढाथुम गाविसका घर, महत्त्वपूण्ा धान खेत तथा टार जलाशयको क्षेत्रमा पर्ने अध्ययनले देखाएको छ।

भीमसेन थापाको बगैँचा, पृथ्वीनारायण्ा शाहको न्वागी खाने धान खेत, प्रसिद्ध त्रिपुरासुन्दरी मन्दिर, मास-भटमासका लागि प्रसिद्ध मासटार, क्यामुनटार, जोगिटार, सल्यानटारको तल्लो भाग, धादिङ र गोरखाको प्रमुख व्यापारिक क्षेत्र आरूघाट बजार पनि आयोजनाबाट प्रभावित हुनेछ। आयोजनाले प्रभावित स्थानीयवासी सबैलाई घरजग्गाको उचित मुआब्जा र उचित सेयरसमेत दिने गृहकार्य गरिरहेको छ। स्थानीय दलले ५० प्रतिशत मुआब्जा र ५० प्रतिशत सेयर माग गरेको आयोजनाका अधिकारीले जानकारी दिए। अधिकारीका अनुसार उचित क्षतिपूर्ति, मुआब्जा र सेयर पाए प्रभावित स्थानीयवासी थाँतथलो छाडेर पुनर्वास जान तयार छन्।

विहंगम जलाशयलाई आकर्षक पर्यटकीय क्षेत्रका रूपमा समेत विकास गर्ने आयोजनाको योजना छ। तालमा व्यावसायिक माछापालन र जलविहार गर्नसमेत मिल्नेछ। बूढीगण्डकी बाँध भारतको उत्तराञ्चलस्थित टिहरी बाँधभन्दा दुई मिटर अग्लो बन्नेछ। आयोजनाले केही प्रभावितलाई टिउरी बाँध लगेर अध्ययन भ्रमण्ा गराउने तयारीसमेत गरेको छ।

आयोजनास्थलसम्म पुग्न पृथ्वीराजमार्गको बेनीघाटदेखि गोरखाको आरूघाटसम्म कुल ४८ किलोमिटर ट्र्याक खुलेर यातायात चालू भए पनि सडकको अवस्था राम्रो छैन। आयोजनाले सडकको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने काम सुरु गरेको छ।

क्षमता बढ्यो बूढीगण्डकी जलाशययुक्त आयोजना १२ सय मेगावाट क्षमतामा निर्माण गरिने भएको छ। विस्तृत इन्जिनियरिङ अध्ययन गरिरहेको प|mान्सको परामर्शदाता कम्पनी क्रामबेलले १२ सय मेगावाट क्षमतामा बनाउन आर्थिक रूपमा उपयुक्त हुने प्रतिवेदन दिएको छ। बूढीगण्डकी आयोजना विकास समितिले परामर्शदाता कम्पनीकै सुझाव अनुसरण गर्ने निर्णय गरेको हो।

आयोजना निर्माण गर्न साढे २ खर्ब रुपैयाँ लाग्ने कार्यकारी निर्देशक बस्नेतले बताए। उनका अनुसार बूढीगण्डकीको बिजुलीको लागत प्रतियुनिट ६.४ सेन्ट (६ रुपैयाँ ४० पैसा) पर्नेछ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल भ्रमणका क्रममा दिने घोषणा गरेको १ खर्ब रुपैयाँ सहुलियत ऋण रकमको ठूलो अंश बूढीगण्डकी आयोजना निर्माणमा लगाउने तयारी सरकारको छ। नपुग रकम सरकार र अरू दाताको सहयोगबाट जुटाइनेछ। यो आयोजना माथिल्लो तामाकोसीजस्तै कम्पनी बनाएर निर्माण गर्ने तयारीसमेत सरकारले गरिरहेको छ। आयोजनाको विस्तृत इन्जिनियरिङ अध्ययन आगामी जुलाईभित्रमा सम्पन्न हुनेछ। त्यसपछि सरकारले आयोजना निर्माणका लागि वित्तीय स्रोत जुटाई ठेक्का आहवान गर्नेछ।

श्रोतः  कान्तिपुर,  २०७१/१२/९

## मध्यमस्र्याङ्दीको एउटा टर्बाइन बिग्रियो

जिल्लास्थित ७० मेगावाट क्षमताको मध्यमस्र्याङ्दी जलविद्युत् केन्द्रको एउटा टर्बाइन बिग्रिएको छ । विद्युत् उत्पादनमा समस्या आएपछि यसको मर्मत थालिएको केन्द्रले जनाएको छ ।

३५/३५ मेगावाट क्षमताका दुई टर्बाइनमध्ये युनिट १ बिग्रिएर अर्को फेर्न लागिएको केन्द्र प्रमुख राजेशकुमार पाण्डेयले बताए । उनले २५ दिनका लागि युनिट १ बाट उत्पादन बन्द गरिएको जानकारी दिए । बर्सेनि मर्मत र दुई/दुई वर्षमा टर्बाइन फेर्ने गरिएको उनले बताए ।

मर्मतका लागि केन्द्र प्रमुखसहित ३५ जना कर्मचारी खटिएका छन् । मध्यमस्र्याङ्दीका प्राविधिकले नपुगेर आँबुखैरेनीस्थित ६९ मेगावाटको क्षमताको मस्र्याङ्दी जलविद्युत् केन्द्रका ५ जना प्राविधिक पनि झिकाइएको छ । जलाशयमा बालुवा र मसिना कणहरू पानीसँगै टनेलबाट टर्बाइनमा ठोक्किने भएकाले उपकरणमा समस्या आउने प्राविधिकले जानकारी दिए ।

मध्यमस्र्याङ्दीबाट अहिले २६ मेगावाट क्षमतामा विद्युत् उत्पादन भइरहेको छ । वषर्ायामभन्दा अहिले ६० प्रतिशत बढीले विद्युत् उत्पादन घटेको छ । एउटा टर्बाइन ३५ मेगावाट क्षमताको भए पनि

मस्र्याङ्दी नदीमा पानी घटेपछि पूरै क्षमतामा विद्युत् उत्पादन हुन नसकेको हो । यसको असर विद्युत् वितरणमा परेको छ ।

श्रोतः  कान्तिपुर,  २०७१/१२/९

## बूढीगण्डकी जलविद्युत् निर्माण प्रक्रिया थाल

बूढीगण्डकी जलविद्युत् आयोजनालाई यथाशीघ्र निर्माण प्रक्रियामा पुर्‍याए २९ गाविसका ५० हजार जनता घरबास छोड्न तयार रहेको स्थानीय सरोकार समितिहरूले जनाएका छन् । यहाँ आयोजित एक कार्यक्रममा धादिङ र गोरखा जिल्लाका बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना सरोकार समितिका अध्यक्षहरूले राष्ट्रिय गौरवको आयोजना निर्माणमा स्थानीयवासीहरू जस्तोसुकै त्याग र वलिदान दिन तयार रहेको जनाएका हुन् ।

आयोजनाको बाँध निर्माणस्थल गोरखा घ्याल्चोक पुगेकी ऊर्जामन्त्री राधा ज्ञवालीलाई उनीहरूले यसबारे मागपत्रसमेत पेस गरेका छन् । माग पत्रहरू बा ुझ्दै उनले परामर्शदाताले विस्तृत आयोजना अध्ययन सकेलगत्तै जग्गाको मुआब्जा लगायत एक वर्षभित्रै निर्माण प्रक्रियाको थालनी हुने बताइन् ।

ऊर्जामन्त्री ज्ञवालीले, 'आयोजनाको लगानी, लागत र खर्चको वित्तीय व्यवस्थापन गर्न आवश्यक गृहकार्य भइरहेको छ । ' बां ँध स्थलमा भौगर्भिक परीक्षणका लागि ९ सय मिटर लम्बाइका ९ वटा सुरुङ खनेको प|m ान्सको परामर्शदाता ट्रेक्टेवेल इन्जिनियरिङका टिम लिडर फिलिप कजलिसले बताए ।

श्रोतः कान्तिपुर, २०७१/१२/९

## अप्परमाई हाइड्रोको निर्माण अन्तिम चरणमा

*विप्लव भट्टराई*

माइभ्याली हाइड्रो पावर प्रालिद्वारा मावु र माइमझुवामा सञ्चालित अप्परमाई हाइड्रोको निर्माण अन्तिम चरणमा पुगेको छ । लक्ष्यअनुरूप यही महिनाको चैत मसान्तसम्म काम सक्न मुस्किल देखिए पनि विद्युत् उत्पादनका लागि धेरै समय कुर्नु नपर्ने आयोजनाले जनाएको छ ।

आयोजनाको क्षमता ९ दशमलव ८ मेगावाट छ । हेडवक्स, ट्रनेललगायत महत्त्वपूर्ण कार्यहरू सकिएको छ । पेनस्टक पाइप, प्रसारण लाइन, मेसिन जडानलगायत काम बाँकी रहेको आयोजनाले जनायो । विद्युत् प्राधिकरणसँग सुरुमा ३ दशमलव १ मेगावाट क्ष्ामताको खरिद बिक्री सम्झौता (पीपीए) गरेको आयोजनाले तीन वर्षअघि क्षमता बढाउने सम्झौता गरेर निर्माण कार्यलाई तीव्रता दिएको हो ।

निर्माण थालिएपछि नै काममा रफ्तार दिए पनि भौगोलिक विकटता, बन्द हडतालजस्ता कारणले समयमा काम सक्न मुस्किल परेको आयोजनाको भनाइ छ । 'बाँकी कामका लागि पनि ठूलो मात्रामा जनशक्ति परिचालन गरेका छौं,' आयोजना क्षेत्रमा कार्यरत इन्जिनियर दीपक शाक्यले भने, 'आयोजनाले काम पूरा गरिसक्दा पनि काबेली करिडोरको दमकदेखि गोदकसम्मको प्रसारण लाइन बनिनसक्ने हो कि भन्ने चिन्तामा छौं ।'

आयोजनाको पेनस्टक पाइप जडानको काम धमाधाम छ । पावरहाउसदेखि गोदकको सबस्टेसनसम्मको १८ किलोमिटर लामो प्रसारण लाइनका लागि सबै टावरको फाउन्डेसन निर्माण भएर जडानको काम भइरहेको र टर्वाइनलगायत मेसिन निर्माण क्षेत्रमा आइसकेको आयोजनाले जनायो ।

माबु र माइमझुवा सीमावर्ती राइटारदेखि २ हजार ७५ मिटर लामो सुरुङ निर्माण भएको छ । सुरुङ निर्माणको काम हाई हिमाल हाइड्रो कम्पनीले गरेको हो । सुरुमा ट्रान्समिसन लाइन बन्ने पक्का नभएकाले लामो समय सडक, आवास गृहलगायत आधारभूत काममा नै समय बिताएको आयोजनाले मेची अञ्चललाई नै समेट्ने गरी १३२ केभीए प्रसारण लाइन -कावेली करिडोर) बन्ने भएपछि काममा तीव्रता दिएको थियो ।

१ अर्ब ६० करोडको लागतमा निर्माण पूरा हुने आयोजनाका लागि नबिल बंैक, नेपाल बैंक, क्लिन इनर्जीलगायत बैंकहरूले ऋण सहायता उपलब्ध गराएको छ । माइखोला र माइमझुवाको रातेखोलाको पानीलाई सुरुङमार्फत माबु ४ सम्म ल्याएर १ हजार १ सय १६ मिटरको पेनस्टकमार्फत पावरहाउस सम्म पुर्‍याइनेछ । विद्युत् निर्माण स्थलमा पुग्नका लागि आयोजनाले छ किलोमिटर नयाँ र १७ किलोमिटर पुरानो बाटो पुनर्निर्माण गरेको छ ।

यही पानीलाई प्रयोग गरेर जमुना र सुलुवुङबीचमा क्यासकेट प्रोजेक्ट सञ्चालनका पनि आयोजनाले काम अघि बढाएको छ ।

श्रोतः अभियान, २०७१/१२/९

## जलविद्युत् तालीम केन्द्र खोल्न सुझाव

जलविद्युत्गृह मर्मतमा दिगो व्यवस्थापनका लागि प्राविधिक उत्पादन गर्ने तालीम केन्द्र खोल्न विज्ञले सुझाव दिएका छन् । चिलिमे जलविद्युत् कम्पनीका संस्थापक डा डम्बरबहादुर नेपालीको नेतृत्वमा अवलोकनका लागि आएको १४ सदस्यीय जलविद्युत्विज्ञ टोलीले उक्त सुझाव दिएका हुन् । चिलिमेबाट ५७ दशमलव १ मेगावाट तल्लो र माथिल्लो साञ्जेन, १११ मेगावाट रसुवागढी र २०६० सालमा सम्पन्न चिलिमे २२ मेगावाट (रसुवा) र १०२ मेगावाट मध्यभोटेकोशी (सिन्धुपाल्चोक)समेत २९२ मेगावाट विद्युत् उत्पादन हुँदै छ । विद्युत्गृहमा जडान गरिएका उपकरण मर्मतका लागि ठूलो जनशक्ति आवश्यक पर्ने भएकाले दक्ष प्राविधिक उत्पादनका लागि जलविद्युत् कम्पनी आपैmले तालिम केन्द्र सञ्चालन गर्न सुझाव प्राप्त भएको रसुवागढी जलविद्युत् आयोजनाका प्रमुख किरणकुमार श्रेष्ठले जानकारी दिए । रासस

श्रोतः अभियान, २०७१/१२/९

## तामाकोसीमा मजदुरको आन्दोलन जारी, आयोजना प्रमुखकै राजीनामा माग

दोलखावासीका लागि आह्वान गरिएको १० प्रतिशत सेयर अनिश्चितकालका लागि स्थगित भएसँगै स्थानीयवासीले आन्दोलन स्थगित गरे पनि माथिल्लो तामाकोसी आयोजनामा कार्यरत मजदुरहरूको आन्दोलन भने अझै जारी रहेको छ ।

स्थानीयको आन्दोलन फिर्ता भए पनि मजदुरहरूको आन्दोलन भने यथावत रहेको छ । थोरै भए पनि सेयरको व्यवस्था नभएसम्म आन्दोलन स्थगित नगर्ने मजदुर नेता रोशन खड्काले जानकारी दिए । उनले आयोजनासँग भएको वार्ता पटक पटक विफल हुनुमा आयोजना दोषी भएको भन्दै उचित विकल्प नदिएसम्म काममा नफर्कने बताएका छन् । उनीहरूले आयोजना प्रमुख विज्ञान श्रेष्ठको कार्यक्षमताप्रति प्रश्न उठाउँदै आएका छन् । आयोजनाका प्रवक्ताले आफूहरूसँग वार्ता गर्दा ठोस निर्णय दिन नसकेको भन्दै उनीहरूले आयोजना प्रमुख श्रेष्ठ आयोजनास्थलमा आउनुपर्ने माग गरेका छन् । यस्तै आयोजना प्रमुख श्रेष्ठले राजीनामा दिनुपर्नेसमेत आवाज उठाइरहेका छन् ।

यता आयोजकले सेयर वितरण तत्काल रोक्ने प्रतिवद्धता जनाएसँगै आयोजनाका प्रभावित गाविसहरूले गर्दै आएको आन्दोलन भने शनिबार अर्को निर्णय नभएसम्मका लागि फिर्ता गरिएको छ । स्थानीय समन्वय समितिको निर्णयअनुसार थप सेयर पाउनुपर्ने भन्दै बिगत एक सातादेखि उनीहरुले आन्दोन गर्दै आएका थिए । जिल्ला समन्वय समितिले उत्तरी क्षेत्रका पाँच गाविसलाई १५ प्रतिशत साधारण सेयरबाट हुन आउने २५ प्रतिशत थप सेयर दिने निर्णय भएको थियो ।

दोलखाको लामाबगरमा निर्माण भइरहेको देशकै सबैभन्दा ठूलो आयोजनाको रूपमा रहेको ४ सय ५६ मेगावाट विद्युत क्षमताको माथिल्लो तामाकोशी आयोजना विगत ८ दिनदेखि बन्द रहेको छ । आयोजना निर्माता सिनो हाइड्रोभित्र कार्यरत मजदुरहरूले पाँच सय कित्ता सेयर माग गर्दै आएका छन् । कम्पनीको प्रबन्धपत्रमै मजदुरहरूलाई सेयरको व्यवस्था नगरिएकाले उनीहरूको माग कुनै पनि हालतमा सम्बोधन गर्न नसक्ने आयोजनाका प्रवक्ता डा गणेश न्यौपानेको भनाइ रहेको छ ।

आयोजनाले शनिबार एक विज्ञप्ति जारी गरी तत्काल आन्दोलन छोडी वार्तामार्फत समस्या समाधान गरी काममा फर्कन अनुरोध गरेको थियो । *रासस*

श्रोतः कारोवार, २०७१/१२/९

# चार अर्ब लगानीमा जलविद्युत् आयोजना

म्याग्दी जिल्लाको दरबाङमा चार अर्ब लागतमा २५ मेगावाट क्षमताको म्याग्दी खोला जलविद्युत् आयोजना निर्माण हुने भएको छ ।

नेपाल विद्युत् प्राधिकरण र म्याग्दी खोला जलविद्युत् लिका अध्यक्ष प्रमोदकुमार श्रेष्ठबीच द्विपक्षीय विद्युत् खरिद सम्झौता सम्पन्न भएपछि २५ मेगावाटको जलविद्युत् आयोजना निर्माण हुने पक्का भएको हो ।

कम्पनीका अध्यक्ष प्रमोदकुमार श्रेष्ठले अब छिट्टै विद्युत् खरिद सम्झौता गरेर प्रक्रिया अघी बढाइने जानकारी दिए । उनले सेयरका लागि राष्ट्रिय तथा स्थानीयस्तरमा इच्छुक सबैलाई अनुरोध गरिने बताए ।

श्रोतः राजधानि दैनिक, २०७१/१२/९

# अख्तियारको सिफारिस विशेषद्वारा बदर

काठमाडौं÷रास— जलविद्युत् लाइसेन्सको विषयलाई लिएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ऊर्जा मन्त्रालयका तत्कालीन सह–सचिव डा. रवि शर्मा अर्यालला‌ई विभागीय कार्बाही गर्न दिएको सिफारिस विशेष अदालतले बदर गरेको छ ।

न्यायाधीशहरू भूपेन्द्र राई, पवनकुमार शर्मा र महेशप्रसाद पुडासैनीको आइतबारको संयुक्त इजलासले डा. अर्यालले दायर गरेको मुद्दामा अन्तिम फैसल्ला गर्दै अख्तियारको सिफारिस प्राकृतिक न्याय र कानुनप्रतिकूल देखिएको भन्दै बदर गरेको हो ।

अहिलेका सभासद् विक्रम पाण्डे अध्यक्ष रहेको कालिका कन्स्ट्रक्सन प्रालिले भोटेकोसी–५ को लाइसेन्स लिएकामा त्यसलाई खारेज गरेर बास्केटमा राखिएकामा ऊर्जा मन्त्रालयले पाण्डेका छोरा अध्यक्ष रहेको कालिका इनर्जी प्रालिलाई दिएको थियो ।

तत्कालीन ऊर्जा सचिव हरिराम कोइरालाले तत्कालीन विद्युत् विकास विभागका महानिर्देशक डीपी सिंहको सिफारिसमा सो लाइसेन्स दिने निर्णय गरेका थिए । सो निर्णयमा डा. अर्यालले कानुनी र अहिलेका राष्ट्रपति कार्यालयका सचिव अनुपकुमार उपाध्यायले प्राविधिक राय दिएका थिए ।

कोइराला र सिंह दुवै अवकाश भइसकेकाले अख्तियारले अर्याल र उपाध्यायलाई विभागीय कार्बाहीका लागि सिफारिस गरेको थियो । गत १३ भदौमा सो सिफारिस चित्त नबुझेपछि अर्यालले विशेष अदालतमा मुद्दा दायर गरेका थिए ।

श्रोतः राजधानि दैनिक, २०७१/१२/१०

## माथिल्लो तामाकोसीमा अवरोध कायमै

चिरञ्जीवी मास्के
दोलखा
४ सय ५६ मेगावाट क्षमताको स्वदेशी पुँजीबाट निर्माणीधन माथिल्लो तामाकोसी जलविद्युत् आयोजना झण्डै दुई सातादेखि अवरोध कायमै रहेको छ। आयोजनाको प्रवद्र्धक कम्पनी अपर तामाकोसी हाइड्रोपावर कम्पनीले शनिबार जिल्लाबासीको लागि छुट्टाएको शेयर संकलन कार्य स्थगित गरेपछि अतिरिक्त शेयर माग गर्दै शुरू भएको दुई समूहको आन्दोलनमध्ये प्रभावित गाविसका बासिन्दाको आन्दोलन आइतबारबाट स्थगित भएको छ तर, मजदूहरूको आन्दोलन जारी रहेका कारण आजायेजनाको काममा भएको अवरोध हट्न सकेको छैन। आन्दोलनरत मजदुरले भने माग पूरा नभएसम्म पछि नहट्ने बताएपछि आयोजनाको अवरोध कायमै रहेको हो। प्रभावित लामाबगर र गौरीशंकर गाविसलाई जतिनै तीन सय कित्ता शेयर चाहिने माग गर्दै अन्य प्रभावित गाविसले शुरू गरेको आन्दोलन शेयर संकलन स्थगित र थप शेयरको विषयमा धितोपत्र बोर्डसँगको छलफलपछि नीतिगत निर्णय गरिने जनाएपछि स्थगित भएको छ। स्थानीयको आन्दोलन स्थगित भएपछि सिंगटीमा रोकिएको आयोजनाको सवारी साधनहरू नियमित सञ्चालन भएका छन्। तर, आयोजनामा पाँच सय कित्ता शेयरको माग गर्दै आयोजनाको ठेकेदार कम्पनी सिनो हाइड्रोअन्तर्गतका नेपाल बिजुली पेन्टर प्लम्बर तथा निर्माण मजदूर युनियनमा आबद्ध करिब ९ सय मजदुरले शुरू गरेको आन्दोलन नरोकिँदा आइतबार पनि आयोजनाको काम सुचारु हुन सकेको छैन। आन्दोलन स्थगित गरी वार्तामा आउन आयोजनाले अनुरोध गरेको भए पनि मजदूरहरूले मागको बारेमा सम्बोधन नभएसम्म आन्दोलन स्थगित नगर्ने जनाएका छन्। युनियनका अध्यक्ष सोनाम शेर्पाले आफूहरू जुनसुकै बेला जहाँसुकै वार्ता गर्न तयार रहेको तर उधारो आश्वासनको भरमा आन्दोलन स्थगित गर्न तयार नरहेको बताउनुभयो।
आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले आन्दोलनरत मजदुरहरूसँग वार्ताको पहल भइ रहेको र सम्भव भएसम्म सोमबार मजदुर प्रतिनिधिसँग काठमाडौंमा आयोजनाका प्रतिनिधि तथा विज्ञसहितको वार्ताको पहल हुने बताउनुभयो। आयोजनाको काम रोकिँदा हरेक दिन दुई करोड रुपियाँभन्दा बढीको नोक्सानी भइ रहेको छ। आइतबारबाट आन्दोलनको कार्यक्रम फिर्ता लिएको स्थानीय प्रभावित गाविसको संघर्ष समितिका संयोजक पदमराज पाठकले आयोजनालाई निर्वाध सञ्चालन गर्न दिने वातावरण बनाउनुपर्ने माग गर्नुभयो। आयोजनामा कार्यरत करिब ३ सय चिनियाँ मजदुर काम गर्न इच्छुक भए पनि नेपाली मजदूरले आन्दोलन गरिरहेको बेला द्वन्द्व हुने डरले काममा जान नसकेको प्रवक्ता डा. न्यौपानेको भनाइ रहेको छ। प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेले मजदुरसँग वार्ता गराउने र समस्या समाधान गर्ने प्रयास पटकपटक गरिएको भए पनि सफल हुन नसकेको बताउनुभयो। अन्य अवरोध केही भएको छैन, मजदुर काम गर्नै जाँदैनन् यस्तो अवस्थामा स्थानीय प्रशासनले हस्तक्षेप गर्ने अवस्था पनि रहँदैन प्रमुख जिल्ला अधिकारी लामिछानेले भन्नुभयो। आयोजानमा कसैले काम गर्दा अर्को पक्षबाट अवरोध हुने अवस्थामा स्थानीय प्रशासनले सुरक्षा दिने लामिछानेले बताउनुभयो।

श्रोतः कान्तिपुर, २०७१/१२/१०

# प्रसारण लाइन कम्पनी स्थापना गर्ने अर्थको स्वीकृति

सरकारले मुलुकभर प्रसारण लाइन निर्माण प्रक्रियालाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि राष्ट्रिय ग्रिड कम्पनी स्थापना गर्ने भएको छ । लामो समयदेखि प्रक्रियामा रहेको, तर काम अगाडि बढ्न नसकेको कम्पनी स्थापनाका लागि अर्थ मन्त्रालयले समेत सैद्धान्तिक स्वीकृति प्रदान गरिसकेको छ । कम्पनी स्थापनाका लागि स्वीकृति माग्दै ऊर्जा मन्त्रालयले गत कात्तिक २२ मा अर्थ मन्त्रालयलाई पत्राचार गरेको थियो ।

अर्थले ऊर्जा मन्त्रालयले मागेको सहमतिप्रति सकारात्मक हुँदै कम्पनी खोल्न रायसहितको सहमति दिइसकेको छ । यो कम्पनी स्थापना भएपछि हाल नेपाल विद्युत् प्राधिकरण्ाले गर्दै आएको प्रसारण्ा लाइनको काम गर्नुपर्ने छैन । कम्पनी स्थापनाका लागि अर्थ मन्त्रालयले पाँचबुँदे सुझावसमेत दिएको छ । त्यसमा प्राधिकरण्ाको क्षमता वृद्धि, बक्यौता रकम उठाउनुपर्ने, संरचनागत सुधार गर्नुपर्ने, कर्मचारी व्यवस्थापनलगायत विषय समेटिएका छन् ।

कम्पनी स्थापना भएपछि प्राधिकरण्ाभित्रको प्रसारण्ा संरचना र सम्पूण्र्ा प्रसारण्ा लाइनको सम्पत्ति नयाँ कम्पनीलाई हस्तान्तरण्ा हुनुपर्ने र संस्था सुधार हुने सुनिश्चिततासहितको विवरण्ा प्राधिकरण्ालाई प्रस्तुत

गर्नुपर्ने अर्थ मन्त्रालयको भनाइ छ । वि.सं. २०६८ मा प्राधिकरण्ाको साढे २७ अर्ब रुपैयाँ सञ्चित नोक्सान सरकारले अपलेखन गरेको भए पनि हालसम्म पुनः १९ अर्ब रुपैयाँ घाटा भइसकेको छ ।

प्राधिकरण्ाका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले केही दिन पहिले व्यवस्थापिका संसद्, कृष ितथा जलस्रोत समितिमा पेस गरेको प्रतिवेदनमा प्राधिकरण्ाको घाटा बढदै गएको र त्यसमा भारतबाट आयात गरिएको विद्युत् पनि एउटा कारण्ा रहेको बताएका थिए । गत सेप्टेम्बरदेखि जनवरीसम्म मात्रै प्राधिकरण्ाले भारतलाई १ अर्ब १४ करोड विद्युत् खरिदबापत भुक्तानी गरेको छ । कम्पनीमा अर्थ, ऊर्जा, रक्षा, गृह, वन, विज्ञान, प्रविधि तथा वातावरण्ा, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र प्राधिकरण्ा संस्थापक रहने गरी कम्पनीको सेयर संरचना तय गरिएको छ । ऊर्जा मन्त्रालयका अनुसार कम्पनीको अधिकृत पुँजी २५ अर्ब रुपैयाँ जारी पुँजी पाँच अर्ब र चुक्ता पुँजी दुई अर्ब रहनेछ । कम्पनी

स्थापनाका लागि एक अर्ब ५० करोड बराबरको सेयर लगानी गर्ने सेयर संरचना मन्त्रिपरिषद्ले पारित गरिसकेको छ । ऊर्जा मन्त्रालयले कम्पनी दर्ताका लागि आवश्यक पर्ने दस्त्ुर निकासाका लागि अर्थ मन्त्रालयलाई अनुरोध गरिसकेको सहायक प्रवक्ता गोकण्ाराज पन्थले जानकारी दिनुभयो ।

ऊर्जा मन्त्रालयले तयार पारेको संरचनाअनुसार उक्त कम्पनीमा अर्थ मन्त्रालयले चार लाख र ऊर्जा मन्त्रालयले सात लाख कित्ता सेयर लगानी गर्नुपर्नेछ । रक्षा, गृह, वन, वातावरण्ा र भूमिसुधार मन्त्रालयले ८० र ८० हजार र प्राधिकरणको पाँच लाख कित्ता सेयर स्वामित्व रहनेछ । पन्थका अनुसार प्रतिकित्ता शेयरको मूल्य एक हजार रुपैयाँ कायम गरिनेछ ।

ऊर्जा मन्त्रालयले संस्थापक मन्त्रालयलाई केही दिन पहिल्यै पत्र लेखी कम्पनीमा रहने प्रतिनिधिको नाम पठाइदिन आग्रह गरिसकेको छ । सरकारले चालु आवको बजेट वक्तव्यमा प्रसारण्ा क्षेत्रको विकास र विस्तारका लागि छुट्टै कम्पनी खोल्ने र त्यसका लागि बजेटको व्यवस्था गर्ने उल्लेख गरेको छ । बजेटमा व्यवस्था भएअनुसार उत्पादन, प्रसारण र वितरण छुट्टाछुट्टै कम्पनी स्थापना गरी प्रसारणलाई ऊर्जा व्यापार गर्नसमेत सक्षम कम्पनीका रूपमा विकास गर्नेछ । जग्गा प्राप्ति, मुआब्जा वितरण तथा स्थानीयवासीको विभिन्न मागका कारण्ा निर्माण्ााधीन प्रसारण लाइनको कामसमेत पूरा हुन सकेको छैन ।

श्रोतः कारोवार, २०७१/१२/१०

# १२.५ अर्बमा सोलुखोला–दुधकोशी आयोजना बन्दै

बिक्रम श्रेष्ठ

सोलुखुम्बु, ११ चैत -निजी क्षेत्रको लगानीमा बन्न लागेको जलविद्युत अयोजना सोलुखोला–दुधकोशी जलविद्युत आयोजनाको विद्युत ब्यापार सम्झौता ( पीपीए) सम्पन्न भएको छ । सोलुखोलाबाट जिल्लाको दक्षिणि भेगमा ८६ मेगावाट विद्युत उत्पादन गर्न लागेको सोलुखोला दुधकोशी जलविद्युत आयोजनाले नेपाल विद्युत प्राधिकरणसँग हालै विद्युत व्यापार सम्झौता(पीपीए) सम्पन्न गरेको हो ।

हाईड्रोभेन्चर प्रा.लि.को स्वामित्वमा रहेको अयोजना र विद्युत प्राधिकरण विच पीपीए सम्पन्न भएलगत्तै ६ महिना भित्र वित्तिय व्यवस्थापन गर्ने लक्ष्यका साथ कम्पनी अगाडी बढेको कम्पनीका प्रबर्धक कृष्ण आचार्यले जानकारी दिए । उक्त आयोजनाले विद्युत उत्पादनका लागि सोलुखोलाको पानी तिङ्गला गाविसको भदौरे र काँगेल ८ को सरकारी जंगलबाट शुरुङ खनेर पञ्चनको मैकुबेशीमा रहेको दुधकोशी नदि किनार लगेर विद्युत गृह बनाउने छ भनै सबै सम्रचना भुमिगत नै हुने गरि सम्भाब्यता अध्ययन सम्पन्न गरि कार्य अगाडी बढाएको छ ।

करिब १२.५ अर्बको लागतमा सम्पन्न हुने आयोजनाले जिल्लाबासिलाई अपनत्वको भावना स्थापित गरेर स्थानीयसँग हातेमालो गरेर अगाडी बढ्ने प्रबद्र्धक तथा हाईड्रोभेन्चर प्रा.लि.का अध्यक्ष कृष्ण आचार्यले बताए । आवश्यक प्रकृया पुर्याए पछि आयोजनाले १ वर्ष भित्रमा निर्माण कार्य सुरु गर्ने जनाइएको छ । हाल वित्तिय साझेदारीको क्रममा साहास उर्जा कम्पनी लिमिटेड रहेको र ६ महिना भित्र अन्य वित्तिय संस्थासँग पनि लगानी सम्झौता सम्पन्न गर्ने प्रबर्धक आचार्यले बताउछन् । बैंकहरुको ७५ प्रतिशत लगानी हुने र केही शेयर स्थानीयलाई पनि विक्री गर्ने कम्पनीले जनाएको छ ।

तत्कालनै शुरुङमार्ग र विद्युतगृहसम्म पुग्ने सडक मार्ग निर्माण गर्ने कम्पनीले निर्माणस्थलमा थप आवश्यक जग्गा खरिदको काम अगाडी बढाउने जनाईएको छ । राष्ट्रिय महत्वको आयोजना बन्न लागेको भन्दै जीवन स्तरकै परिवर्तनको अपेक्षा सोलुबासिले राखेका छन् । सो आयोजना निर्माणहुँदा जिल्लाका सल्यान, तिङला, नेचाबेतघारी, काँगेल र पंचन प्रत्यक्ष रुपमा प्रभावित हुने भएका छन् । प्रभावित क्षेत्रका नागरिक अगुवाहरुले भने अयोजनालाई रोजगार लगायत अन्य कुराको सवालमा प्रभावित क्षेत्रका नागरिकलाई प्राथमिकता दिनुपर्ने माग गरेका छन् ।

लघुजलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको सोलुखुम्बुमा यसअघी माथिल्लो सोलुखोला लघुजलविद्युत को १८ मेगावाटको आयोजनाले काम सुरु गरिसकेको छ । यस्तै अन्य बिभिन्न आयोजनाले कुल २ सय १७ मेगावाट बिद्युत उत्पादन गर्दैछ ।

श्रोतः कारोवार, २०७१/१२/१०

# मध्यमस्र्याङ्दीमा जडित टर्बाइनमा समस्या

छविलाल बगाले

लमजुङ ११ चैत-लमजुङस्थित ७० मेगावाट क्षमताको मध्यमस्र्याङ्दी जलविद्युत केन्द्रमा जडित ३५ मेगावाट क्षमताको एउटा टर्बाइनमा गम्भिर समस्या आएको छ । नदीमा आएको बालुवाका कारण केन्द्रमा जडान गरिएको ३५ मेगावाट क्षमताको २ वटा टर्बाइनमध्ये युनिट नम्बर १ मा गम्भिर समस्या आएको हो ।

केन्द्र प्रमुख राजेशकुमार पाण्डेका अनुसार टर्बाइन मर्मतका लागि झण्डै ३ साताका लागि युनिट १ बाट उत्पादन बन्द गरिएको बताएका छन् । केन्द्रले अघिल्लो वर्ष युनिट नम्बर २ फेरेको थियो । टर्बाइन मर्मतका लागि केन्द्रले ३५ जना कर्मचारी खटाएको छ । मर्मतका लागि केन्द्रका कर्मचारीहरु अपुग भएपछि ६९ मेगावाटको क्षमताको तल्लो मस्र्याङ्दी जलविद्युत केन्द्रका ५ जना प्राविधिक समेत ल्याइएको केन्द्रका प्रमुख पाण्डेले बताए । मध्यमस्र्याङ्दी जलविद्युत परियोजना निर्माणका बेला प्राविधिक त्रुटी भएका कारण जलाशयमा बालुवा र मसिना कणहरु पानीसँगै टनेलबाट टर्बाइनमा ठोक्किने गरेकोले वर्षेनी यस्तो समस्या आउने गरेको प्राविधिकहरुको भनाई छ ।

केन्द्रमा जडित टर्बाइनमा पानी सँगै आएको बालुवाले हान्दा टर्बाइनको अधिकाशं भागहरु क्षतिग्रस्त भएको प्राविधिकहरुको भनाई छ । एउटै नदीमा दुई वा सो भन्दा बढि जलविद्युत आयोजनाहरु निर्माणाधिन भएकोले यसको असर निर्माणसम्पन्न आयोजनाहरुलाई पर्ने गरेको बताइएको छ ।

एउटा टर्बाइन पूर्ण रुपमा बिग्रिएपछि अहिले केन्द्रबाट मुस्किलले २५ मेगावाट मात्रै विद्युत उत्पादन भएको छ । अहिले मस्र्याङ्दी नदीमा पानीको बहाव घटेकोले केन्द्रबाट पुरा क्षमतामा विद्युत उत्पादन हुन नसकेको हो । बर्षायाममा केन्द्रबाट ७२ मेगावाटसम्म विद्युत उत्पादन गर्ने गरेको केन्द्रले जनाएको छ ।

श्रोतः अभियान, २०७१/१२/११

## ११८ मेगावाट क्षमताको इन्द्रावती बहुउद्देश्यीय आयोजना बेवारिसे

काभ्रे र सिन्धुपाल्चोकको सीमा नदी इन्द्रावतीमा निर्माण गरिने ११८ मेगावाट क्षमताको इन्द्रावती बहुउद्देश्यीय आयोजना बेवारिसे अवस्थामा पुगेको छ ।

सो आयोजना अध्ययनका लागि नेपाल सरकारले आव २०६९/७० मा रू. १० करोड बजेट विनियोजन गरे पनि कामै नगरी सबै रकम फ्रिज भएपछि आयोजना बेवारिसे अवस्थामा रहेको हो । काठमाडौँबाट ५९ किलोमिटर टाढा रहेको अरनिको राजमार्ग नजिक इन्द्रावती नदीमा ८० देखि १ सय मिटर अग्लो बाँध बाँधेर १३ किलोमिटर लामो जलाशय निर्माण गरी विद्युत् उत्पादन गरिने बताइएको छ ।

राजधानीबाट नजिक र प्रवेशमार्ग बनाउनु नपर्ने भएकाले सस्तोपर्ने विज्ञहरुको भनाइ छ । उक्त तालबाट माछापालन, मोटरबोट सञ्चालन गरी कृषि व्यसायको साथै आन्तरिक पर्यटनलाई समेत सघाउ पुग्ने बताइएको छ । कृत्रिम तालबाट काभ्रेको ज्याम्दी, महादेवस्थान, देउपुरको–सिपाघाट तथा सिन्धुपाल्चोकको साँगाचोक, ठूलोसिरुबारी, भोटसिपा र भीमटार गाविससहित सात गाविस विस्थापित हुनेछन् ।

उक्त आयोजना अगाडि बढाउन सिन्धुपाल्चोक र काभ्रेका राजनीतिक दल र ऊर्जा व्यवसायी सम्मिलित प्रतिनिधिमण्डलले २०७० सालमा सम्बन्धित मन्त्रालयलाई आग्रह गरेका थिए । ऊर्जा र सिँञ्चाइ दुबै क्षेत्रबाट लाभ हुने आयोजनालाई सरकारले महत्व दिने र विद्युत्को लागत सस्तो पर्ने भएमात्र प्राथमिकतामा राखिने नेपाल उद्योग वाणिज्य महासङ्घ ऊर्जा समितिका सभापति एवम् जलस्रोत विज्ञ ज्ञानेन्द्रलाल प्रधानले बताए ।

आयोजनाको विषयमा संसदको प्राकृतिक स्रोतसाधन समितिमा छलफल भइरहेको नेकपा एमालेका पूर्व सांसद एवम् विद्युत् प्राधिकरणका पूर्व बोर्ड सदस्य सुभाष कर्माचार्यले बताएका छन् । *रासस*

श्रोतः नागरिक, २०७१/१२/१२

# जिएआरद्वारा असर अध्ययन गर्न थप समय माग्यो

लक्ष्मण वियोगी

नौ सय मेगावाटको माथिल्लो कर्णाली जलविद्युत आयोजनाबाट तल्लो तटीय क्षेत्रमा पर्ने असरबारे अध्ययन गरिरहेको भारतीय जिएमआर कम्पनीले थप अध्ययन गर्न एक महिना समय मागेको छ। कम्पनीले अध्ययनको अन्तिम प्रतिवेदन प्रस्तुत गरे पनि सिँचाइ विभागले प्रभावित केही क्षेत्रको तथ्य जुटाउन निर्देशन दिएपछि थप समय मागेको हो। लगानी बोर्ड र कम्पनीबीच गत असोज ३ गते आयोजना विकास सम्झौता (पिडिए) भएको थियो।

पिडिए हुँदा हस्ताक्षर भएको मितिदेखि ६ महिनाभित्र विभागसँगको समन्वयमा तल्लो तटमा बनिरहेको रानीजमरा कुलरिया सिँचाइ आयोजनालगायत क्षेत्रमा असर पर्ने, नपर्नेबारे अध्ययन गर्नुपर्ने सहमति भएको थियो। पिडिए भएको ६ महिना पूरा भइसकेको छ।

कम्पनीले हालसम्म गरेको अध्ययनबारे गत साता सिँचाइ विभाग र बोर्डलाई जानकारी गराएको थियो। कम्पनीले क्षेत्राधिकारभित्रको अध्ययन सके पनि केही क्षेत्रको तथ्य तथा तथ्यांक रुजु गर्न निर्देशन दिइएको विभागका महानिर्देशक माधव बेल्वासेले बताए।

'जलविद्युत आयोजना बनाउँदा उसले तल्लो तटको सुरक्षाका लागि के गर्नुपर्छ वा पर्दैन भन्ने विषय अध्ययनको निचोडपछि मात्र थाह हुन्छ,' उनले बुधबार नागरिकसँग भने, 'निर्देशनअनुसारको काम गर्न थप चार साताको समय मागेको छ, हामीले अध्ययनको निरन्तर अनुगमन गरिरहेका छौं।'

अध्ययन गर्न तोकिएको समय सकिए पनि कम्पनीको अध्ययन प्रभावित क्षेत्र र निकायले विश्वास गर्न सकिने खालको हुनुपर्ने बेल्वासेको धारणा छ। उनले भने, 'समय बढी लागेर केही हुँदैन, उसले गरेको अध्ययनमा सर्वसाधारणले पनि विश्वास गर्ने आधार हुनुपर्छ, प्रतिवेदन आएपछि विरोध भयो भने राम्रो हुँदैन।'

अध्ययनको मस्यौदा प्रतिवेदन तयार भइसकेको जानकारी दिँदै जिएमआर इनर्जी लिमिटेडका महाप्रबन्धक दिलिपकुमार सिंहले ३/४ हप्तापछि बोर्डलाई अन्तिम प्रतिवेदन बुझाइने बताए। 'प्रभावित क्षेत्रमा देखिने समस्या र कम्पनीले गर्नुपर्ने कामबारे अन्तिम प्रतिवेदन आएपछि मात्रै भन्न सकिन्छ।' आयोजनाको वित्तीय व्यवस्थापन गरेर निर्माण सुरु गर्नुपर्ने हुँदा छिट्टै अध्ययनको निचोड आउने उनले प्रस्ट पारे।

आयोजना निर्माणसँग सम्बन्धित ऊर्जा, अर्थ, कानुन, वन, वातावरण, भूमिसुधार, गृह, सिँचाइ मन्त्रालय र जल तथा ऊर्जा आयोगले आयोजनाबाट हुने क्षति एकिन गर्न पनि प्रभावित क्षेत्रको वातावरणीय अध्ययन गर्नुपर्ने सुझाएका थिए। एक महिनाको समय मागे पनि जिएमआरले दुई साताभित्र अन्तिम प्रतिवेदन बुझाउने लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तले बताए।

कैलालीमा बनिरहेको रानीजमरा, कुलरिया, बर्दियाको सूर्यपटुवा र राजापुर सिँचाइ आयोजनामा प्रतिकूल

असर नपर्ने गरी आयोजना बन्नुपर्ने राष्ट्रिय योजना आयोगका अधिकारीको भनाइ छ। तल्लो तटीय क्षेत्रमा बनिरहेका सिँचाइ आयोाजनामा माथिल्लो कर्णालीले बढी असर पर्ने हुँदा 'रि–रेगुलेटिङ ड्याम' बनाउनुपर्ने केही राजनीतिक दलका नेताले औंल्याएका छन्।

अध्ययनबाट तल्लो तटीय क्षेत्रको सुरक्षाका लागि रि–रेगुलेटिङ ड्याम बनाउन आवश्यक देखिए, त्यो गर्न तयार रहेको कम्पनीले जानकारी दिएको छ। सिँचाइ आयोजनामा पानीको उपलब्धता कायम गर्नका लागि समेत यस्तो ड्याम बनाउनुपर्ने सिँचाइ मन्त्रालयको समेत धारणा छ।

जिएमआरका अनुसार कर्णाली आयोजना बने पनि त्योभन्दा तल पश्चिम सेती र भेरी नदी मिसिने हुँदा सिँचाइ आयोजनामा पानीको अभाव हुँदैन। पर्याप्त पानीको उपलब्धता पर्याप्त हुने भए पनि सिँचाइ आयोजनाका लागि पानी बग्ने लेवल (तह) घट्ने हुँदा बहावको सन्तुलन कायम गर्न ड्याम आवश्यक रहेको सिँचाइ विभागका अधिकारी बताउँछन्।

रानीजमरा, कुलरियाबाट ५ मेगावाट बिजुलीसमेत उत्पादन गर्ने गरी काम भइरहेको छ। पानी पर्याप्त नहुँदा बिजुली उत्पादनमा असर पर्न सक्छ। तीन सिँचाइ आयोजनाका साथै अन्य प्रस्तावित आयोजनामा पर्ने असर, नदी किनारमा बस्ने सर्वसाधारणको पुनःस्थापना र नदी क्षेत्रमा पर्ने प्रभावबारे पनि अध्ययन गर्नुपर्ने विषय पिडिएमा उल्लेख छ। माथिल्लो कर्णाली र सिँचाइ आयोजनाको दूरी झन्डै १ सय ४० किलोमिटर फरकमा पर्ने हुँदा रि–रेगुलेडिङ ड्याम आवश्यक नपर्न सक्ने बोर्ड अधिकारीको भनाइ छ।

सिँचाइ आयोजना माथिल्लो कर्णालीभन्दा १ सय ४० किलोमिटर तल पर्ने हुँदा यसबाट असर नपर्ने र सिँचाइका लागि पानी अभाव नहुने लगानी बोर्डका उप–सचिव खगेन्द्र रिजालले बताए। 'सिँचाइ आयोजना बन्ने क्षेत्रभन्दा निकै माथि सुर्खेतको कुइनेमा कर्णालीमा भेरी नदी मिसिन्छ,' उनले भने, 'यस्तै त्यसको केही तल अर्थात अछामको टुसुरामा पश्चिम सेती मिसिन्छ।'

दुई ठूला नदी कर्णालीमा मिसिने हुँदा रानीजमरा, कुलरिया र राजापुर सिँचाइ आयोजनाका लागि पर्याप्त पानी पुग्छ। माथिल्लो कर्णाली पिकिङ (१८ घन्टा पानी सञ्चित गर्न सकिने) आयोजना भएकाले एकैपटक नदीमा छोडिने पानीले पार्ने असरबारे भने छलफल भइरहेको उनको भनाइ छ। आयोजनाबाट सरकारले १२ प्रतिशत बिजुली र २७ प्रतिशत निःशुल्क शेयर पाउने समझदारी भइसकेको छ। स्थानीयको विद्युतीकरणका लागि जिएमआरले छुट्टै २ मेगावाटको आयोजना बनादिने सहमति पनि भएको छ।

श्रोतः नागरिक, २०७१/१२/१२

## तामाकोसीमा सहमति

माथिल्लो तामाकोसी जलविद्युत कम्पनीको सेयर माग्दै १० दिनदेखि आन्दोलनरत मजदुर र व्यवस्थापनबीच बुधबार सहमति भएको छ। सेयर पाउनुपर्ने मजदुरको मागका विषयमा अध्ययन गरी यसको टुंगो लगाउन कार्यदल गठन भएपछि आन्दोलन रोकिएको हो। तामाकोसी व्यवस्थापन र मजदुर संगठनबीच मंगलबारदेखि वार्ता भएको थियो।
व्यवस्थापन र मजदुरबीच बुधबार सम्बोधन गरी सेयर दिने विधि तय गर्ने समेतका लागि सात दिनभित्र अधिकार सम्पन्न कार्यदल गठन गर्ने सहमति भएको छ। उक्त कार्यदलले ३० दिनभित्र श्रमिकको माग सम्बोधन गर्ने गरी प्रतिवेदन तयार पर्नेछ। उक्त सहमतिसँगै आन्दोलनका सबै कार्यक्रम बुधबारबाटै रोकिएको छ। आयोजनाको सिभिल ठेकेदार चिनियाँ सिनो हाइड्रो कम्पनीका मजदुरले जनही ५ सय कित्ता सेयर पाउनुपर्ने भन्दै आन्दोलन गर्दै आएका थिए।
४ सय ५६ मेगावाटको यो आयोजना स्वदेशी लगानी र प्रविधिमा बनेकाले यसलाई असफल बनाउन जलमाफिया लागेको केही सभासदको तर्क छ। १० दिन आयोजनाको काम ठप्प हुँदा यसले लागत र समय बढ्ने सम्भावना देखिएको आयोजनाका अधिकारी बताउँछन्।

श्रोतः अभियान, २०७१/१२/१२

## ‘जनताको विद्युत्, जनताको लगानी’

सरकारले विद्युत्मा लगानी प्रवद्र्धन गर्ने उद्देश्यले ‘जनताको विद्युत् जनताको लगानी’मा भन्ने अवधारणा अगाडि सारेको छ ।

जनतालाई नै विद्युत् उत्पादनमा सहभागी गराउने उद्देश्यका साथ नेपालको जलविद्युत्को विकासमा सरकारले अगाडि सारेको यो अवधारणा हालसम्मकै नयाँ हो । ‘जनताको विद्युत् जनताकै लगानी’अन्तर्गत विद्युत् विकास विभागबाट रोल्पाको माडी खोला र ताप्लेजुङको मौवा खोला जलविद्युत् आयोजनाको अध्ययन यसअघि नै भइसकेको छ ।

माडी खोला जलविद्युत् आयोजनाको क्षमता १२ दशमलव २५ मेगावाट तथा मौवा खोलाको क्षमता १३ दशमलव ५ मेगावाट रहेको छ । चालु आर्थिक वर्षको बजेट वक्तव्यमा ती दुई आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइनका साथै टेन्डरको प्रक्रियासमेत अन्तिम चरणमा पुगेको छ । ती आयोजनाका लागि रू. पाँच÷पाँच करोड बजेट विनियोजन गरिएको छ ।

नेपाल विद्युत् प्राधिकरणले १०० मेगावाटभन्दा कम क्षमताका आयोजना अगाडि बढाउँदा विभिन्न प्राविधिक, आर्थिक तथा अन्य नदेखिने खर्च धेरै भएको भन्दै सरकारले छुट्टै कम्पनी स्थापना गरेर मझौला आयोजना अगाडि बढाउन लागेको हो । विभागले जनताको जलविद्युत् आयोजनाको अवधारणा यसअघि नै शुरु गरेको भए पनि स्वीकृत हुन सकेको थिएन । ऊर्जा मन्त्रालयले गत असोज २ गते सहसचिव मुकुन्दराज घिमिरेको संयोजकत्वमा विद्युत् विकास विभाग, नेपाल विद्युत् प्राधिकरण, जलविद्युत् लगानी तथा विकास कम्पनीका उच्च पदस्थ अधिकारी संलग्न एक समिति गठन गरी जनताको जलविद्युत्को अवधारणालाई पुनः अगाडि बढाएको हो ।

सरकारले अगाडि सारेको तीन वर्षीय योजनाका आधारपत्रमा जनताको जलविद्युत् आयोजनाअन्तर्गत योजना अवधिभर ७५ मेगावाट विद्युत् निकाल्ने लक्ष्य राखेको थियो । तीन वर्षे आधारपत्रमा सो विषय उल्लेख गरिएको भए पनि त्यो पूरा हुन सकेन । सम्भाव्यताका आधारमा प्रत्येक जिल्लामा २५ मेगावाट क्षमताको आयोजना निर्माण गर्ने उद्देश्य राखेको थियो ।

सो अवधारणाअनुसार चेपे १५, सङ्खुवाखोला २५, डोटीगाड पाँच मेगावाटलगायत कुल ३०० मेगावाट क्षमताको जलविद्युत् आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण शुरु गर्ने लक्ष्य राखिएको छ । सरकारले चालु आवमा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा सार्वजनिक, स्थानीय निकाय, सहकारी र स्थानीय जनताको साझेदारीमा जलविद्युत् उत्पादनमा लगानी प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने भन्ने उल्लेख भएअनुसार नै मन्त्रालयले जनताको विद्युत्को अवधारणा अगाडि सारेको ऊर्जा मन्त्री राधा ज्ञवालीको भनाइ छ ।

मन्त्री ज्ञवालीले पहिलो चरणमा मौवा खोला र माडीखोला जलविद्युत् आयोजनाको काम अगाडि बढाउने लक्ष्य राखिएको छ । आव २०७२÷७३ देखि आब २०७४÷७५ भित्रमा कुल ३०० मेगावाट विद्युत् उत्पादन गरिने उनले

जानकारी दिइन् । विस्तृत इन्जिनियरिङ अध्ययन सम्पन्न भएका आयोजना क्रमशः निर्माण गर्दै लैजाने र त्यसका लागि छुट्टै कम्पनी स्थापना गरिनेछ ।

आयोजना कार्यान्वयनका लागि ३० प्रतिशत स्व–पूँजी र ७० प्रतिशत ऋण लगानी गरिनेछ । त्यसमा ऊर्जा, अर्थ, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिलाको पाँच/पाँच प्रतिशत सेयर रहनेछ भने विद्युत् विकास विभाग, नेपाल विद्युत् प्राधिकरणको दश, जनताको विद्युत् र सम्बन्धित जिल्ला विकास समितिको पाँच÷पाँच प्रतिशत सेयर रहनेछ । वर्गीकृत रूपमा स्थानीय निकायको दश, स्थानीय सहकारी, सामुदायिक संस्था, नेपाल उद्योग वाणिज्य महासङ्घ, विभिन्न उपभोक्ता संस्थाको १५ प्रतिशत सेयर रहनेछ । हाल तयार पारिएको प्रावधानअनुसार सम्बन्धित जिल्लाका नागरिकलाई २० र अन्य जिल्लाका नागरिकका लागि दश प्रतिशत सेयर दिइने कार्यदलका सदस्यसमेत रहेका ऊर्जा मन्त्रालयका सहायक प्रवक्ता गोकर्णराज पन्थको भनाइ छ ।

प्रस्ताव गरिएको सेयर प्रतिशत जिल्लाको अवस्था, स्थानीयको माग आदिलाई विचार गरी हेरफेर गरिने, दुई जिल्लाको सीमा भई नदी बगेको खण्डमा दुवै जिल्लाको सेयर लगानी गरी आलोपालो प्रतिनिधित्व गरिनेछ । सबै नागरिकलाई सहभागी गराउन अधिकतम लगानी सीमा तय गरी लगानीको आवश्यकता, क्षमतालाई ध्यान दिने तथा जनताको माग बढी भएका स्व–पूँजी ५० प्रतिशतसम्म वृद्धि गर्न सकिने व्यवस्था गरिएको सहायक प्रवक्ता पन्थले बताए । जनताको विद्युत्मा सरकारले ५० तथा बैङ्क र वित्तीय संस्थाले ५०/५० प्रतिशतसम्म ऋण लगानी गर्न सक्ने छन् ।

सरकारले आयोजनामा प्रवाह गर्ने ७० प्रतिशत ऋणमध्ये ५० प्रतिशत बजेट वार्षिक बजेटमार्फत र ५० प्रतिशत ऋण बैङ्क, जलविद्युत् लगानी कम्पनी तथा अन्य वित्तीय संस्थाबाट लिइनेछ । सरकारले विद्युत् रोयल्टी प्रदान गर्ने जिल्लाले अधिकतम अंश आयोजनामा लगानी गर्ने, स्थानीय आवश्यकतालाई ध्यान दिने, प्रसारण लाइन प्राधिकरणले निर्माण गर्नेछ । जनताको जलविद्युत् कम्पनी सञ्चालनका लागि ऊर्जा मन्त्रालयको सहसचिवको नेतृत्वमा सञ्चालक समिति निर्माण गरिनेछ ।

समितिमा विभागका महानिर्देशक, प्राधिकरणका उपकार्यकारी निर्देशक, जलविद्युत् लगानी तथा विकास कम्पनीका प्रमुख कार्यकारी अधिकृत, आयोजना रहने जिल्लाका स्थानीय विकास अधिकारी सदस्य रहनेछन् । त्यस्तै वर्गीकृत सेयरधनी मध्येबाट स्थानीय निकाय, स्थानीय सहकारी तथा सामुदायिक संस्थाका एक÷एक जना, जलविद्युत् क्षेत्रका विज्ञबाट एकजना सदस्य रहनेछन् ।

स्थानीय तहमा छरिएर रहेको पूँजीलाई जलविद्युत् विकासका लागि स्थानीय जनताको आर्थिक विकास गर्ने लक्ष्य रहेको ऊर्जा सचिव राजेन्द्रकिशोर क्षेत्रीको भनाइ छ । *रासस*

श्रोतः अभियान, २०७१/१२/१२

## तामाकोसीको मजदुर आन्दोलन स्थगित

माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको सेयर माग गर्दै आयोजनामा कार्यरत मजदुरहरुले शुरु गरेको आन्दोलन बुधवारबाट स्थगित भएको छ ।

द्विपक्षीय वार्तामा सहमति भएपछि मजदुर युनियनले आन्दोलन केही समयको लागि स्थगन गरेको हो ।

आन्दोलनरत सिनो हाइड्रोअन्र्तगतको नेपाल बिजुली पेन्टर प्लम्वर तथा निर्माण मजदुर युनियनका अध्यक्ष सोनाम सेर्पालगायतका मजदुर युनियनका प्रतिनिधि र आयोजना सञ्चालक समितिका प्रतिनिधिबीच सात दिनभित्र सेयर दिने विधि तय गर्न विशषेज्ञसहितको कार्यदल बनाई ३० दिनभित्र प्रतिवेदन पेस गर्ने सहमति भएपछि मजदुरले आन्दोलन स्थगन गरेको आयोजनाका प्रवक्ता गणेश न्यौपानेले जानकारी दिए ।

आयोजनामा कार्यरत मजदुरले प्रतिव्यक्ति पाँच सय कित्ताको दरले सेयर पाउनुपर्ने मागसहित गत फागुन २९ गतेदेखि काम बन्द गरी आन्दोलन गर्दै आएका थिए । बुधबार अपराहनबाटै आयोजनाको काम शुरु भइसकेको छ ।

मजदुरहरु आन्दोलनमा उत्रिएपछि आयोजनाको बाँधस्थल, सुरुङमार्ग, विद्युतगृहका काम अवरुद्ध भएको थियो । आयोजनामा कार्यरत ८ सय ५० मजदुर आन्दोलनमा उत्रिएका थिए । रासस

श्रोतः अभियान, २०७१/१२/१२

# कुश्मीसेरामा जलविद्युत् आयोजना निर्माण शुरू

प्रदीप पन्त

**- २७ करोड लागत**

**- १ दशमलव ५ मेगावाट विद्युत् उत्पादन क्षमता**

चैत ११, बागलुङ । बागलुङको दक्षिणी भेगको केन्द्र कुश्मीसेरा गाविसमा १ दशमलव ५ मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण शुरू गरिएको छ । करीब २७ करोड लागतमा निर्माणाधीन आयोजना १ वर्षभित्रमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित काम अगाडि बढाइएको छ । निजीक्षेत्रको बाराही हाइड्रोपावर लिमिटेडले कुश्मीसेरामा १ दशमलव ५ मेगावाट क्षमताको ठेउलेखोला जलविद्युत् आयोजनाको काम गर्न लागेको हो ।

अहिले इण्टेक निर्माणको काम थालिएको छ । आगामी जेठसम्म सिभिलतर्फको र इलेक्ट्रोमेकानिकलको काम मङ्सिरभित्र पूरा गर्ने लक्ष्यसहित काम अघि बढेको निर्माण कम्पनीका प्रोजेक्ट म्यानेजर मुक्तिनाथ गौतमले जानकारी दिए । ठेउलेखोलाको पानीलाई कुश्मीसेरामा ४ मिटर अग्लो बाँध बाँधेर २ हजार १ सय ६० मिटर लामो पेनस्टक पाइपमार्फत जैमिनीघाटस्थित पावरहाउसमा खसालेर विद्युत् उत्पादन हुने उनले बताए । उत्पादित विद्युत् ८ सय मिटर लामो ट्रान्समिशन लाइनमार्फत कुस्मीसेराकै टुनीबोटबाट १ सय ३३ केभीए प्रसारण लाइनमा जोडिने भएको छ । आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरीद सम्झौता (पीपीए)समेत गरिसकेको छ ।

कम्पनीले आयोजना निर्माणका लागि उक्त क्षेत्रमा ३० रोपनी जग्गा खरीद गरिसकेको गौतमले जानकारी दिए । आयोजनाले स्थानीयवासीलाई १० प्रतिशत शेयरसमेत दिने तयारी गरेको छ । अहिलेसम्म जमीन खरीदका क्रममा ४० जना स्थानीयवासीले शेयर खरीद गरिसकेका छन् । न्यूनतम २५ हजारदेखि अधिकतम ५ लाख ५० हजार रुपैयाँसम्म शेयर खरीद भइसकेको गौतमले बताए ।

ठेउलेखोलामा यसअघि पनि आठओटा लघु जलविद्युत् आयोजना निर्माण भइसकेका छन् । लघु जलविद्युत्मार्फत सर्कुवा, कुश्मीसेरा, पैंयुथन्थाप र राङखानी गाविसमा विद्युतीकरण गरिएको छ ।

## म्याग्दीमा २५ मेगावाटको आयोजना

चैत ११, म्याग्दी । म्याग्दीको दरवाङमा ४ अर्ब लागतमा २५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजना निर्माण हुने भएको छ । मङ्गलवार नेपाल विद्युत् प्राधिकरण र म्याग्दीखोला हाइड्रो लिमिटेडका अध्यक्ष प्रमोदकुमार श्रेष्ठबीच विद्युत् खरीद सम्झौता (पीपीए) सम्पन्न भएको छ । म्याग्दी जिल्लालाई 'हाइड्रो हब'का रूपमा चिनाउन स्थानीयको समेत लगानीमा जलविद्युत् आयोजना निर्माण गर्न लागिएको श्रेष्ठले बताए । 'पीपीपए भएपछि काम गर्ने बाटो खुलेको छ,' उनले भने, 'करीब ४ अर्ब लागतमा निर्माण हुने आयोजनामा सर्वसाधारणले शेयर लगानी गर्न पाउनेछन् ।' त्यसका लागि राष्ट्रिय तथा स्थानीय स्तरमा पनि इच्छुक सबैलाई अनुरोध गरिने उनले जानकारी दिए । रासस

श्रोतः अभियान, २०७१/१२/१२

# जलविद्युत् विकासमा दोलखा

**प्रा. कमलराज ढुङ्गेल**

**जलविद्युत् विकासको स्रोत**

चीनको स्वशासित क्षेत्र तिब्बतबाट बग्दै आउने तामाकोशी नदी र यसको दायाँबायाँबाट बग्ने थुप्रै खोलाका शाखा प्रशाखाहरू नै दोलखा जिल्लालाई उर्वर बनाउन सक्ने स्रोतहरू हुन् । यस जिल्लाको दक्षिणी भागबाट बग्ने खिम्तीखोला तामाकोशीको सबभन्दा ठूलो शाखा नदी हो । तामाकोशी नदीमा मझ्यौला जलविद्युत् आयोजनाहरूको पर्याप्त सम्भावना छ भने यसका शाखाहरूले अनगिन्ती साना जलविद्युत् आयोजनाहरूको सम्भावना बोकेका छन् । प्रत्येक खोला तामाकोशी नदीको पूर्व र पश्चिममा रहेको भिरालो भूभागबाट बगेर आएकाले जलविद्युत्का लागि यी खोला उर्वर भएका हुन् । यही सम्भावनाको आधारमा जलविद्युत् विकासका निमित्त निजीक्षेत्रका स्वदेशी तथा विदेशी लगानीकर्ता यस जिल्लातर्फ आकर्षित भइरहेका छन् ।

**जलविद्युत् विकासको थालनी**

दोलखा जिल्लामा जलविद्युत् विकासको इतिहास अत्यन्तै छोटो छ । यस जिल्लामा बग्ने प्रत्येक गाउँका खोलानालामा चाहे ती सदाबहार हुन् वा खहरे नै किन नहुन्, पानी घट्टको प्रचलन चल्दै आएको छ । तर, यसको विकासको थालनी कहिलेबाट भएको थियो त्यसको किटान गर्न भने ठूलै खोजको आवश्यक पर्छ । अब नयाँ तरीकाको विकसित पानीघट्टले अनाज प्रशोधन गर्ने पुरानो पानीघट्टलाई प्रतिस्थापन गर्दै छ । सन् १९९६ मा ६० मेगावाट बिजुली उत्पादन क्षमता भएको खिम्ती जलविद्युत् आयोजनाबाट नयाँ वा विकसित पानीघट्टले यात्रा शुरू गरेको थियो । यदि म गलत छैन भने यो आयोजना नै दोलखा जिल्लाको जलविद्युत् विकासको सूत्रधार हो भन्न सकिन्छ ।

**वर्तमान अवस्था**

यस जिल्लामा केही जलविद्युत् आयोजनाको निर्माण भई बिजुली उत्पादन भइरहेको छ । सन् १९९६ मा निर्माण शुरू भई सन् २००० मा सम्पन्न खिम्ती जलविद्युत् आयोजनाले ६० मेगावाट बिजुली उत्पादन गरिरहेको छ । यस आयोजनाको निर्माण अमेरिकी डलर १४ करोडको लगानी र नर्वेको प्रत्यक्ष सहयोगमा सम्पन्न भएको थियो । यसपछि केही जलविद्युत् आयोजनाको निर्माण भई बिजुली उत्पादन भइरहेको छ । सिप्रिङ र चर्नावती खोलामा स्वदेशी निजीक्षेत्रको लगानीबाट निर्माण सम्पन्न भएका जलविद्युत् आयोजनाहरूले क्रमशः ६ दशमलव ८ र ३ दशमलव ५ मेगावाट बिजुली निकाली रहेका छन् । यो

जिल्लाबाट हाल उत्पादित बिजुलीको अवस्था न्यून (कुल बिजुली उत्पादन क्षमता ७० दशमलव ३ मेगावाट) रहेको भए तापनि निर्माणाधीन जलविद्युत् आयोजनाहरूले यसलाई अग्रपङ्क्तिमा पुर्‍याएका छन् ।

**निर्माणाधीन अवस्था**

नेपालको सबभन्दा ठूलो माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको निर्माण तीव्र गतिमा भइरहेको छ । यो आयोजनाको निर्माण स्वदेशी पूँजीको परिचालनबाट भइरहेको छ । यसको बिजुली उत्पादन क्षमता ४ सय ५६ मेगावाट छ । यो आयोजना चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको गाविस लामाबगरमा रहेको छ । यसका अतिरिक्त केही साना जलविद्युत् आयोजना निर्माणाधीन अवस्थामा छन्, जसको विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

तालिका १ मा प्रस्तुत सात जलविद्युत् आयोजनाको निर्माणले थप ६७ दशमलव ४ मेगावाट बिजुली उत्पादन निजीक्षेत्रको लगानीबाट हुने देखिन्छ । माथिल्लो तामाकोशी जलविद्युत् आयोजनासमेत समावेश गर्दा निकट भविष्यमा कुल ५२३ दशमलव ४ मेगावाट बिजुली उत्पादन हुने सम्भावना रहेको देखिन्छ । यी आयोजनाबाट उत्पादित बिजुलीले नेपालको हालको आन्तरिक विद्युत् सङ्कटलाई सम्बोधन गर्न सक्छ भन्ने अनुमान लगाउन सकिन्छ । बिजुली उत्पादन गर्ने नेपालको प्रथम स्थानमा यो जिल्लालाई उभ्याउने श्रेय माथिल्लो तामाकोशी जलविद्युत् आयोजनालाई छ । अन्य साना निर्माणाधीन आयोजनाले दीर्घकालसम्म प्रथम स्थानमा नै उभ्याउन थप बल प्रदान गरेका छन् ।

**प्रस्तावित**

त्यस्तै ६ सय ५० मेगावाट बिजुली उत्पादन क्षमता भएको तल्लो तामाकोशी जलविद्युत् आयोजना नर्वेको लगानीमा निर्माणका लागि बिजुली विकास सम्झौता गर्न लागिएको लगानी बोर्डले हालै सार्वजनिक गरेको छ । त्यस्तै, माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको अनुच्छेदका रूपमा रहेको अर्को नयाँ जलविद्युत् आयोजना लगानीकर्ताको पर्खाइमा छ । यी आयोजनाबाहेक नेपाल विद्युत् प्राधिकरणले दोलखा जिल्लाका विभिन्न छओटा जलविद्युत् आयोजना निर्माणका लागि निजीक्षेत्रका उत्पादकहरूसँग बिजुली खरीद सम्झौता गरिसकेको छ । यी आयोजनाको विस्तृत विवरण तालिका २ मा दिइएको छ । यी जलविद्युत् आयोजनाको कार्यान्वयन हुन सक्यो भने दोलखा जिल्लामा थप ६०  मेगावाट बिजुली उत्पादन हुने तथ्य आँकडाले देखाइरहेका छन् । तल्लो तामाकोशी जलविद्युत् आयोजनाको बिजुली उत्पादन क्षमतासमेत समावेश गर्दा प्रस्तावित विभिन्न जलविद्युत्् आयोजनाहरूको कुल उत्पादन क्षमता करीब ७ सय १० मेगावाट हुने तथ्य आँकडाहरूले देखाएका छन् ।

**निष्कर्ष**

प्रस्तावित सबै जलविद्युत् आयोजना निर्माण हुने हो भने दोलखा जिल्ला जलविद्युत् आयोजनाहरूले

भरिने तथ्य तालिका १ र २ मा प्रस्तुत आयोजनाहरूले पुष्टि गरेका छन् । विद्यमान, निर्माणाधीन र प्रस्तावित जलविद्युत् आयोजनाहरूको कुल उत्पादन क्षमता १३०३.८ मेवा रहेको छ । नेपालको कुल जलविद्युत्मा हाल यस जिल्लाले ७० दशमलव ३ मेगावाट बिजुली मात्र योगदान गरिरहेको छ । निर्माणाधीन सबै जलविद्युत् आयोजना सम्पन्नपछि यो जिल्लाले योगदान गर्ने बिजुलीको अंश ५९३ दशमलव ७ मेवा पुग्नेछ । प्रस्तावित विभिन्न जलविद्युत् आयोजनाको निर्माणले थप ७१० दशमलव १ बिजुली उत्पादन गरी कुल जडितक्षमता १३ सय ३ दशमलव ८ मेवा हुने देखिन्छ । हालसम्म निर्मित सबैभन्दा ठूलो जलविद्युत् आयोजना नेपाली स्रोतको उपजका रूपमा अनुभूति गरेर दोलखावासी गौरवान्वित भएका छन् भने यसको निर्माणले सबै प्रकारका क्षमता भएका मानिसलाई रोजगारी प्रदान गरिरहेको छ । विभिन्न जलविद्युत् आयोजनाको निर्माणका निमित्त सडकको विस्तार भएको छ । यस जिल्लाका दुर्गम गाउँहरूलाई पनि सडकले छोएको छ । सडक र बिजुलीको पहुँचले यस जिल्लाका बासिन्दाले आय आर्जन हुने विभिन्न व्यवसाय सञ्चालन गरेर जीवन निर्वाहलाई सहज बनाउने मौका पाएका छन् । उल्लिखित जलविद्युत् आयोजनाहरूको निर्माणले यस जिल्लाका बासिन्दाको जीवनस्तर अकल्पनीय हिसाबले बढ्न सक्नेछ ।

*लेखक अर्थशास्त्री हुन् ।*

**तालिका १ निर्माणाधीन जलविद्युत् आयोजना**

| योजनाको नाम | उत्पादन क्षमता (किलोवाटमा) | उत्पादक कम्पनीको नाम |
|---|---|---|
| खोला | २२०० | वोजिनी कम्पनी प्रा. लि. |
| -जिरी | ६०० | द्रोणाचल हाइड्रोपावर कं.प्रालि |
| खोला (१) | २५,००० | ग्रीनलाइफ इनर्जी प्रालि |
| खोला | ९९० | हाइड्रो इनोभेशन प्रालि |
| बुखारी | ३५० | कुठेली बुखारी स्मल हाइड्रोपावर प्रा |
| खोला | ३०००० | सासा इन्जिनीयरिङ हाइड्रोपावर प्रा |
| खारे | ८२६० | युनिभर्सल पावर कं. लि |
| | ६७४०० | |

स्रोत : नेविप्रा, एवर इन रिभ्यु फिस्कल इयर २

## तालिका २ प्रस्तावित जलविद्युत् आयोजना

| योजनाको नाम | उत्पादन क्षमता (किलोवाटमा) | उत्पादक कम्पनीको नाम |
|---|---|---|
| ांवती खोला | ९८० | गायत्री हाइड्रोपावर प्रालि |
| ल्लो चर्नावती | २०२० | स्वयम्भू हाइड्रोपावर प्रालि |
| ल्लो खिम्ती | १२००० | हिमालयन ऊर्जा विकास कं. प्रालि |
| खोला | २४१०० | कन्सोर्सियम पावर डेभलपर्स कं प्रा |
| खोला | ५००० | मनकामना इन्जिनीयरिङ प्रा. लि. |
| ाटी खोला | १६००० | सिंगटी हाइड्रो इनर्जी प्रा.लि. |
| ा | ६०१०० | |

*स्रोत : नेविप्रा, एवर इन रिभ्यु फिस्कल इयर २०*

श्रोत: कान्तिपुर, २०७१/१२/१२

# खुल्यो तामाकोसी

लोकमणि राई

मजदुर आन्दोलनले १२ दिनदेखि बन्द माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको काम बिहीबार सुचारु हुने भएको छ । मजदुरका मागका सम्बन्धमा अधिकार सम्पन्न कार्यदल गठन गरी अध्ययन गर्ने सहमति भएपछि राष्ट्रिय गौरवको यो आयोजनाको काम सुरु भएको हो ।

प्रतिव्यक्ति न्यूनतम ५ सय कित्ता सेयर माग्दै करिब साढे ८ सय मजदुरले काम ठप्प पारेका थिए । एमाले निकट मजदुर संगठन जिफन्ट र विप्लव माओवादी निकट मजदुर संगठनको अगुवाइमा आन्दोलन भएको थियो । मजदुर माग सम्बोधन गर्न आन्दोलनरत र कम्पनी व्यवस्थापनबीच बुधबार अधिकार सम्पन्न कार्यदल गठन गर्ने र आन्दोलन 'स्थगन' गर्ने सहमति भएको छ ।

'माथिल्लो तामाकोसी खुल्यो,' आयोजना प्रमुख विज्ञान श्रेष्ठले भने, 'मजदुर मागका सम्बन्धमा अध्ययन गर्न कार्यदल गठन गर्ने सहमति भएको छ ।' सहमति अनुसार मजदुरले उठाएका 'मागका सम्बन्धमा आवश्यक अध्ययन गरी सेयर दिने विधि तय गर्नेसमेतका लागि अधिकार सम्पन्न कार्यदल गठन' हुनेछ । त्यस्तो कार्यदल एक साताभित्र गठन गरिनेछ । कार्यदलले ३० दिनभित्र मजदुरका माग सम्बोधन गर्ने गरी प्रतिवेदन बुझाउनेछ । 'आन्दोलनका सम्पूर्ण कार्यक्रम आन्दोलनरत पक्षले स्थगित गर्ने,' सहमतिपत्रमा

उल्लेख छ ।

मजदुर आन्दोलन मिलाउन दोलखामा सर्वदलीय छलफल असफल भएको थियो । खासगरी एमालेका स्थानीय नेताहरूले औपचारिक रूपमा मजदुरलाई सेयर दिन मिल्दैन भन्न सकेका थिएनन् । तर उनीहरू सेयर दिन नखोज्ने दोहोरो भूमिका खेलेकाले आन्दोलन लम्बिएको थियो । माथिल्लो तामाकोसीलाई राष्ट्रिय गौरवको आयोजना घोषणा गर्ने सरकारले पनि आन्दोलन रोक्न कुनै भूमिका खेलेन ।

यसबाट विद्युत्को व्यापारिक उत्पादन मिति कम्तीमा १२ दिनले पछाडि धकेलिएर आयोजनाले करिब ३० करोड रुपैयाँ गुमाएको छ । मेसिन तथा कामदार निष्त्रिmय बसेबापत ठेकेदारले दाबी गर्ने क्षतिपूर्ति र ब्याजबापत लाग्ने घाटा अलग्गै छ ।

२०७३ साउनदेखि व्यापारिक रूपमा विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको यो आयोजनाको ७३ प्रतिशत काम सकिइसकेको छ । निर्माण लागत करिब ३५ अर्ब २९ करोड रुपैयाँ -प्रतिमेगावाट ७ करोड ७४ लाख रुपैयाँ) रहेको यो मुलुककै सबैभन्दा सस्तो जलविद्युत् आयोजना हो । सत प्रतिशत स्वदेशी पुँजीबाट निर्माण भइरहेको यो आयोजनाले दोलखाका दुर्गम क्षेत्रका बासिन्दालाई ६८ किलोमिटर सडक निर्माण गरेर सडक सञ्जालसँग जोडेको छ । आयोजनाले चीनसँग जोडिएको लामाबगरसम्म बाटो बनाएर दोलखाबासी र देशका लागि व्यापारको नयाँ ढोकासमेत खोलिदिएको छ ।

सहमतिअनुसार कार्यदलले मजदुरलाई सेयर दिन नसकिने प्रतिवदेन दियो भने ३० दिनपछि पुनः आन्दोलन चर्किनेछ । सेयर दिने निर्णय गर्दा प्रबन्धपत्रमा संशोधन आवश्यक हुन्छ । प्रबन्धपत्र संशोधनको प्रक्रियामा गए अन्य पक्षले पनि माग राखि थप जटिलता निम्तिन सक्ने भय रहेको जानकारहरूको भनाइ छ । अहिलेको सेयर संचरनाअनुसार दोलखाबासीले प्रतिव्यक्ति ७० कित्ता, दोलखाको लामाबगर र गौरीशंकर गाविसका मानिसले आयोजना प्रभावित क्षेत्रका हिसाबले प्रति व्यक्ति ३ सय कित्ता सेयर पाउँछन् ।

श्रोतः राजधानि दैनिक, २०७१/१२/१२

# तामाकोसी सेयरमा भेदभाव भएको भन्दै अख्तियारमा उजुरी

नागरिक लगानी कोषमा कार्यरत कर्मचारीहरूले कोषले तामाकोसी जलविद्युत् आयोजनाको सेयर वितरणमा भेदभाव गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गरेका छन् । ६० प्रतिशत स्थायी र ४० प्रतिशत अस्थायी ज्यालादारी कर्मचारी रहेको कोषको व्यवस्थापन र केही स्थायी कर्मचारीले अस्थायी र ज्यालादारीले १५ सय कित्ता मात्र र स्थायीले ४ हजार कित्ता भर्न पाउने व्यवस्था गरेपछि उनीहरूले यसविरुद्ध अख्तियारमा उजुरी गरेका हुन् । कोषमा १ सय ४९ कर्मचारी छन् ।

निर्माणाधीन ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसीको सेयर बिक्री प्रबन्धकसमेत रहेको कोषले आङ्खनै कर्मचारीमा भेदभाव गरेको र व्यवस्थापनले अस्थायी र ज्यालादारीलाई १५ सय कित्ताभन्दा बढी भर्न नदिएको भन्दै उजुरी गरेका हुन् । लगानी कोषका कर्मचारीलाई दिने सेयरबारे विवाद भएपछि १५ चैतसम्म मात्र सेयरको समय रहेकोमा बिहीबारसम्म अधिकांश अस्थायी, ज्यालादारी कर्मचारीले सेयर भरेका छैनन् ।

व्यवस्थापन र स्थायी केही कर्मचारीले भनेअनुसार नभरे जागिरबाट समेत निकालिदिने बताएपछि अस्थायी र ज्यालादारी कर्मचारी त्रस्त बनेको एक कर्मचारीले बताए । उनका अनुसार, कोषका कार्यकारी निर्देशकले अस्थायी र ज्यालादारी कर्मचारीले बढी भरेमा त्यसलाई अस्वीकार गर्ने गरेका छन् । कार्यकारी निर्देशक रामकृष्ण पोखरेलले भने आह्वानपत्र अनुसार नै अघि बढेको बताए ।

श्रोतः नागरिक, २०७१/१२/१२

**कुलेखानी तेस्रो अझै अनिश्चित**

लक्ष्मण वियोगी

दुई वर्षअघि नै बिजुली उत्पादन गरेर अर्बौं रुपैयाँ कमाउनुपर्ने कुलेखानी तेस्रो आयोजनाको निर्माण कहिले पूरा हुन्छ भन्ने अझै निश्चित छैन। पटक–पटक हुँदै आएको राजनीतिक र स्थानीय हस्तक्षेप, अनुगमनमा ऊर्जा मन्त्रालयको उदासीनता र हाइड्रो तथा इलेक्ट्रोमेकानिकल ठेकेदारको लापरबाहीले अनिश्चय बढेको हो।

हाइड्रो तथा इलेक्ट्रोमेकानिकल (विद्युतीय उपकरण आयात र जडान) को ठेक्का पाएको चीनको 'झेजियाङ जिनलुन इलेक्ट्रोमेकानिकल कम्पनी'ले काम नगरेकाले निर्माणमा बढी समस्या देखिएको छ। ढिलो काम नगरेबापत झन्डै ७ करोड रुपैयाँ जरिवाना तिराउँदासमेत झेजियाङले काम गर्न आनाकानी गरिरहेको आयोजनाका एक अधिकारीले बताए। 'कम्पनीसँग पैसा नभएको र सामान आयात गर्नसमेत प्राधिकरणले अग्रिम भुक्तानी दिनुपर्ने माग राख्दै आएको छ,' ती अधिकारीले भने, 'यो गतिले एक वर्षमा पनि निर्माण सकिँदैन।'

ठेक्का सम्झौताअनुसार कम्पनीले गत असार १४ गतेसम्म सम्पूर्ण काम सक्नुपर्थ्यो। त्यो बेलासम्म उसले २५ प्रतिशत काम पनि सकेको थिएन। परामर्शदाता भारतको वापकोस कम्पनीको म्याद २०७२ असारसम्म थपिएकाले झेजियाङलाई त्यतिबेलासम्म काम सक्न दबाब दिइएको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले बताए।

'ठेकेदारले आवश्यक उपकरण चीनबाट ल्याइसकेको छ तर उसको कामको गति ज्यादै सुस्त छ,' उनले बिहीबार नागरिकसँग भने, 'काम हेर्दै र दबाब दिँदै जाने हो, अन्य कुरा सोच्न भएन।' उसको अहिलेकै काम गराइले असारसम्म निर्माण पूरा हुनेमा शंका रहेको उनले बताए।

मन्त्रालयको कडा अनुगमनमा ठेकेदार पूर्णरुपमा खटिए दुई महिनामा काम सकिने तर यसतर्फ मन्त्रालयले वास्तै नगरेको आयोजनाका कर्मचारीको भनाइ छ। 'प्राधिकरणका एक अधिकारीले भने, 'नियम, कानुन मिचेर कर्मचारी सरुवा गर्नमा मन्त्रीको ध्यान जान्छ, तर रुग्ण आयोजना छिटो पूरा गर्नेमा चासै छैन।'

मन्त्रीको कोटामा प्राधिकरण सञ्चालक बनेका व्यक्ति अहिले आयोजना लम्ब्याउने र आर्थिक मुनाफा कमाउने दाउमा लागेको आयोजनाका एक इन्जिनियरको आरोप छ। 'ठेक्का र ठेकेदारसँग मिलेर आयोजनालाई थप समस्यामा धकेल्न सञ्चालकले नै लागेका छन्,' उनले भने।

सिभिल निर्माणतर्फ अहिलेसम्म करिब ९० प्रतिशत काम सकिएको छ। हाइड्रो र इलेक्ट्रोमेकानिकलको झन्डै ४० प्रतिशत काम बाँकी छ। 'दिनरात खटिएर काम गरेमात्र असारसम्म बिजुली उत्पादन हुन सक्छ, नत्र त्यो सम्भावना रहँदैन,' आयोजनाका प्रमुख लेखा अधिकृत खुसमणि ढकालले भने।

आयोजनामा उत्पन्न समस्या समाधानमा समयमा आवश्यक निर्णय नगरेको र मन्त्रालयले अनावश्यक

दबाब दिँदै आएको प्राधिकरण उत्पादन विभागका निर्देशक तथा आयोजना प्रमुख मधुसूदनप्रताप मल्लले बताए।
आर्थिक अनियमितता गरेर निर्माणमा असर पुर्या एको भन्दै पटक–पटक अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेकोमा असन्तुष्टि जनाउँदै मल्लले बिहीबार राजीनामा दिएका छन्।
'समयमै आयोजना सक्नुपर्छ भनेर मैले काम गर्दै आएको हो, तर अनावश्यक दबाब झेल्नुपर्यो ,' उनले भने, 'स्वास्थ्यमा समेत असर पर्दै गएको र यसरी दबाबमा काम गर्न नसक्ने देखिएकाले राजीनामा दिएको हुँ।' आयोजना प्रमुखको राजीनामाले निर्माण झन् अस्तब्यस्त हुने लेखाप्रमुख ढकालले बताए।
इलेक्ट्रोमेकानिकल ठेकेदारलाई गत असार १४ गतेदेखि आयोजनाले दैनिक चार लाख (कुल ठेक्का रकमको ०.०५ प्रतिशत) रुपैयाँ जरिवाना तिराउँदै आएको छ। तर, उसले प्राधिकरण मात्रै होइन सरकारलाई नै टेरेको छैन। सम्झौतामा कम्पनीले समयमा काम गर्न नसके ठेक्का रकमको १० प्रतिशतसम्म जरिवाना तिराउन सकिने प्रावधान छ।
प्राधिकरणले झेजियाङसँग भ्याटबाहेक ८० करोड रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो। हाइड्रो तथा इलेक्ट्रोमेकानिकलको काम समयमा नसकिने देखिएपछि सिभिल ठेकेदार सिनो हाइड्रोले २०७२ माघसम्म समय थपिदिन आग्रह गरेको छ।
१४ मेगावाटको यो जलाशययुक्त आयोजनाका लागि सिभिल ठेकेदारलाई पाँच वटा भेरिएसन (थप रकम) बापत हालसम्म १६ करोड रुपैयाँ भुक्तानी दिइएको छ। सिनो हाइड्रोसँग २०६८ पुस १७ गते पहिलो ठेक्का तोडिएपछि दोस्रोपटक ३० महिनाभित्र निर्माण सक्ने गरी सम्झौता भएको थियो।
उक्त सम्झौताअनुसार २०७१ भदौमा विद्युत उत्पादन गर्ने लक्ष्य थियो। सुरुमा २ अर्ब ४३ करोड रुपैया“मा आयोजना निर्माण पूरा गर्ने भनिए पनि अहिले लागत ४ अर्ब २२ करोड रुपैयाँ पुगेको छ।
आयोजनाको सुरुको परामर्शदाता डब्लुआरसी सिल्ट हेडकोसँग सम्झौता तोडिएपछि १७ महिनासम्म अर्को परामर्शदाता नियुक्त हुन नसक्दा पनि लक्ष्यअनुसार काम हुन नसकेको प्राधिकरणका अधिकारी बताउँछन्। आयोजनामा हालसम्म ३ अर्ब ४४ करोड रुपैयाँ खर्च भइसकेको प्राधिकरणले जनाएको छ।
सिभिल ठेकेदारसँग दोस्रोपटक सम्झौता हुँदा उसलाई बढी समय लागेको र अन्तर्राष्ट्रिय बजारमा निर्माण सामग्रीको मूल्य बढेकाले मासिक ५१ लाख रुपैयाँका दरले १५ करोड ३० लाख रुपैयाँ 'प्रोलङ्गेसन कस्ट' भुक्तानी गरेकाले लागत बढेको प्राधिकरण अधिकारी बताउँछन्।
सिभिलको तुलनामा हाइड्रो र इलेक्ट्रोमेकानिकल ठेकेदारको काम निराशाजनक रहेकाले प्राधिकरणले दबाब दिनुपर्ने परामर्शदाता वापकोसले सुझाएको छ। सिनो हाइड्रो र झेजियाङबीच समन्वय नहुँदा पनि समयमा काम हुन नसकेको परामर्शदाताले औंल्याएको छ।

श्रोतः कान्तिपुर, २०७१/१२/१२

## माथिल्लो हुग्दीबाट विद्युत् उत्पादन सुरु

माथिल्लो हुग्दी जलविद्युतबाट नियमित उत्पादन सुरु भएको छ। ५ मेगावाट क्षमताको उक्त आयोजना एक महिनादेखि परीक्षण उत्पादनमा थियो। यसमा स्थानीय क्याम्पस, स्कुल, सहकारी, अन्य संघसंस्थासहित ८ सय ६२ प्रवर्द्धक छन्।

'मंगलबारदेखि व्यावसायिक उत्पादन सुरु गर्‍यौं,' कम्पनीका अध्यक्ष हिमप्रसाद पाठकले भने, 'झन्डै १ महिना लामो परीक्षण सकेर व्यावसायिक उत्पादन सुरु भएको हो।' यहाँ उत्पादित विद्युत् गुल्मीकै वीरबासमा रहेको प्राधिकरणको सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ।

आयोजनाका प्रबन्ध निर्देशक भरत नेपालका अनुसार उत्पादित विद्युत् परियोजनाले सरकारसँग वषर्ातमा प्रतियुनिट ४ रुपैयाँ र सुक्खा समयमा ७ रुपैयाँमा सम्झौता गरेको थियो। तर सरकारले चैत मसान्तभित्र सम्पन्न गर्ने परियोजनाहरूलाई सुक्खा समयमा प्रतियुनिट ८ रुपैयाँ ४० पैसा र वषर्ात्मा ४ रुपैयाँ ८० पैसामा खरिद गर्ने घोषणा गरेको छ। 'हामीले सरकारले गरेको घोषणा र परियोजनाले तोकेको समय अगाडि नै निर्माण सम्पन्न गरेका छौं,' पाठकले भने, 'त्यसलै सरकारले घोषणा गरेकै बिक्री दरमा सम्झौता गर्ने तयारीमा छौं।' उनले सरकारले घोषणा गरेको समयभन्दा अगाडि नै निर्माण गरेकाले मूल्य अभिवृद्धि करबापतको प्रतियुनिट ५५ लाख रुपैयाँका दरले २ करोड ७५ लाख रुपैयाँ छुट पाउनेसमेत पहिलो आयोजना भएको बताए।

श्रोतः कान्तिपुर, २०७१/१२/१२

# लेखाले डलरमा पीपीए रोक्दा आयोजना अघि बढेन

*लोकमणि राई*

संसदको सार्वजनिक लेखा समितिले डलरमा विद्युत् खरिद सम्झौता (पीपीए) गर्न साढे ८ महिनादेखि रोक लगाएको छ। यसबाट विदेशी लगानीमा बन्ने तय भएका विद्युत् आयोजनाहरू पीपीए हुन नसकेर प्रभावित भएका छन्।

खासगरी कोरियाली लगानी रहेको २ सय १६ मेगावाटको माथिल्लो त्रिशूली १, साढे २० मेगावाटको माथिल्लो मोदी र ४० मेगावाटको मोदी ए जलविद्युत् आयोजना प्रभावित बनेका हुन्। माथिल्लो त्रिशूली १ का प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीले बाराम्बार ताकेता गरिरहेको छ। त्यस्तै ३० प्रतिशत कोरियाली कम्पनी 'के वाटर' को लगानी रहने माथिल्लो मोदी र मोदी ए आयोजना पनि पीपीएकै कारण रोकिएका छन्।

करिब एक साताअघि विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेसहितको टोलीको कोरिया भ्रमणमा पनि यो विषय उठेको थियो। 'अमेरिकी डलरमा पीपीए हुनुपर्छ भन्ने के वाटरको भनाइ छ,' काफ्लेले भने।

लेखा समितिले गत असार २९ मा टोपबहादुर रायामाझीको संयोजकत्वमा डलरमा पीपीए गर्ने/नगर्ने सम्बन्धमा नीतिगत निक्र्योल गर्न उपसमिति गठन गरेको थियो। उपसमितिले डलरमा पीपीए गरिएका खिम्ती र भोटेकोसी आयोजनाले पारेको असर र भविष्यमा लिनुपर्ने निर्णयका सम्बन्धमा अध्ययन गर्ने कार्यादेश पाएको थियो। उपसमितिले ती विषय समावेश गरी विद्युत् नीति बनाई प्रस्ताव गर्न एक महिनाको समय पाएको थियो। तर साढे ८ महिना बित्नै लाग्दा पनि उपसमितिले प्रतिवेदन बुझाएको छैन।

समितिका सभापति जनार्दन शर्माले उपसमितिलाई अध्ययन छिटो टुंग्याई समितिमा पेस गर्न ताकेता गरेको जानकारी दिए।

'विभिन्न चरणमा अध्ययन र छलफल भएर प्रतिवेदन बनिरहेको होला,' उनले भने, 'मैले प्रतिवेदन छिटो पेस गर्न ताकेता गरेको छु।' उनले उपसमितिले छिट्टै प्रतिवेदन पेस गर्ने र समितिको पूर्ण बैठकमा छलफलपछि आवश्यक निर्णय पनि छिट्टै हुने आशा व्यक्त गरे।

डलरमा पीपीए गर्ने/नगर्ने भन्ने सम्बन्धमा अध्ययन गर्न ऊर्जा मन्त्रालयले पनि समिति गठन गरेको थियो। तर लेखा समितिले उपसमिति गठन गरेर डलरमा पीपीएसहित समग्र विद्युत् नीति बनाउन अध्ययन सुरु गरेपछि मन्त्रालय निष्त्रिmय बनेको थियो।

लेखाले गठन गरेको उपसमितिले त्यस सम्बन्धमा विज्ञ, सम्बन्धित क्षेत्रका जानकार र सरोकारवालाहरूसँग करिब आधा दर्जन पटक छलफल चलाएको थियो। 'झन्डै ५ महिना भयो, उपसमितिको बैठक नै बसेको छैन,' लेखा स्रोतले भन्यो, 'बैठक किन नराखिएको र यसो गर्दा कसलाई के फाइदा हुन्छ भन्ने बुझ्न सकिएन।'

माथिल्लो त्रिशूली १ का प्रवर्द्धक पीपीएका लागि विभिन्न शक्ति केन्द्र धाइरहेको स्रोतको दाबी छ। 'डलरमा पीपीए गर्ने हो कि नगर्ने हो भन्ने निर्णय लेखाले अडाउनु भएन,' स्रोतले भन्यो, 'कि गर्ने भनिदिनु पर्‍यो कि नगर्ने भनिदिनुपर्‍यो। कुनै निर्णय नगर्दा काम सुरु भएका आयोजना मात्र होइन जलविद्युत्मा आउने सम्भावना भएका विदेशी लगानीसमेत प्रभावित भएको छ।'